सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

saptahik.ekantipur.com

• वर्ष २३ • अंक ३५ • FRIDAY, 19 JANUARY 2018 • मूल्य रु. १५/-



## गनमाण्डू

भाडाका अपराधी, गुन्डागर्दीमा संलग्न समूहका साथै कतिपयले आफूलाई शक्तिशाली देखाउन राखेका साना अवैध हतियारका कारण उपत्यकाको सुरक्षामा चुनौती मात्र थपिएको छैन, काठमाण्डू क्रमशः गनमाण्डूका रूपमा परिचित हुने जोखिम बढ्दै गएको छ ।

पृष्ठ २२ मा

## सारा शिर्पाली

मध्यपृष्ठमा



## फोटो अफ दि विक




■ **नायिकाको पोज** : अभिनेत्री प्रियंका कार्की शालिन मुद्रामा ।



■ **दुलहीको रहर** : मिस नेपाल इन्टरनेसनल-२०१६ वर्षा लेखी दुलहीको पहिरनमा ।



■ **नृत्यको जोस** : अभिनेता महादेव त्रिपाठी तथा अभिनेत्री सरु धिमाल कीर्तिपुरमा अमिर कला केन्द्र तथा राइज म्युजिकद्वारा आयोजित किपु म्युजिकल मोमेन्टमा ।



■ **बाउ-छोरा** : अभिनेता एसराज गराच आफ्ना छोरासंग बडिबिल्डर शैलीमा ।



■ **बीचमा गायक** : अस्ट्रेलियाको समुद्री किनारमा गायक प्रमोद खरेल ।



■ दर्शकको रोजाइ पनि होइन, समयको माग पनि होइन । कार्यक्रम संयोजकको वा थर्ड क्लास कार्यक्रम ठेकेदारको मागको फल हो यो ।

**सुरज भिरखोइरे**

## चुट्किला

एक व्यक्ति बाबाजीको सत्सङ सुनेर घर फर्किए । घर आएर उनले आफ्नी श्रीमतीलाई घरबाट निकालिदिए र काम गर्ने महिलासँग विवाह गरे । आफन्तले सोधे-किन यस्तो गरेको ? उनले जवाफ दिए- बाबाजीले मायालाई छाडेर शान्तिसँग बस्नु भनेका छन् ।

## युट्युब ट्रेन्डिङ

१ **इज इट लभ**
च्यानल : बुढासुब्बा डिजिटल

२ **भद्रगोल भाग-१५४**
च्यानल : रामसार मिडिया

३ **काठमाडौंमा भेटिए सुनले भरिएका मान्छे**
च्यानल : फिल्मीकुरा टिभी

४ **टेलर स्विफट : इन्ड गेम**
च्यानल : टेलरस्विफटभेभो

५ **महँगा गाडी चढ्ने कलाकार**
च्यानल : केन्द्रबिन्दु टिभी

६ **इश्क में मरजावाँ**
च्यानल : कलर्स टिभी

७ **यति यति पानी**
च्यानल : हाइलाइट्स नेपाल

८ **रङ टाइम-९**
च्यानल : योर स्टाइल टिभी

९ **गेस हु स्टार्टेड**
च्यानल : आयुष्मान जोशी

१० **रुपै मोहनी**
च्यानल : ओएसआर डिजिटल

आर्थिक रूपले टाट पल्टिएको कुनै अफ्रिकी देशको कुनै सहरको एउटा सानो होटलमा एक जना पर्यटक पुग्छन् । उनले १ हजार रुपैयाँ काउन्टरमा डिपोजिट गर्दै होटलको कोठा देखाउन अनुरोध गर्छन् । वेटरले उनलाई कोठा देखाउन लैजाना साथ होटल म्यानेजर त्यो १ हजार रुपैयाँ बोकेर घिउको उधारो तिर्न कुद्छन् । घिउवाला १ हजार पाउना साथ दूधवालाको उधारो तिर्न दौडन्छ । दूधवालाले १ हजार पाउनासाथ गाई फार्ममा दूधको उधारो तिर्न पुग्छ । गाई फार्मका मालिका त्यो १ हजार पाउनासाथ दानावालाको उधारो तिर्न पुग्छन् । दानावालाचाहिँ १ हजार रुपैयाँ सोही होटलमा खाना खाएको उधारो तिर्न जान्छन् । उता पर्यटकलाई कोठा मन पर्दैनन्, उनी काउन्टरबाट आफूले जम्मा गरेको १ हजार रुपैयाँ फिर्ता लिएर हिंड्छन् । न कसैले केही पायो, न कसैले केही गुमायो, तर सबैको हिसाब मिलान भयो । आखिर समस्या कहाँ थियो र ? समस्या कतै थिएन । मात्र सबैमा त्यो पैसा मेरो हो भन्ने भ्रम थियो । भ्रम त्यागौं । हामी खाली हात आएका हौं, खाली हात नै फर्कने हो । तेरो र मेरो भन्ने चक्रव्यूहमा आफ्नो जिन्दगीलाई नउल्झाऊँ ।

**फेसबुकमा भेटिएको**

## ट्वीटर

**अधिवक्ता अवसर@Frn_Opportunity**
बिहे नै नगरी एक्लै बस्नु ठीक रै'छ । दुनियाँको झैं-झमेला, लोभ-लालचा, दुःख-कष्ट, सास्ती-हैरानी, पीर-चिन्ता आदिबाट सधैं फ्री अनि श्रीसम्पत्ति, माया-मोह आदि-इत्यादि केही नचाहिने– आनन्दको जीवन ।

**काफिया@Kmm38254002**
सुनेको छ, आजकालको सम्बन्ध पनि ब्लूटुथजस्तै भएको छ– नजिक भएसम्म कनेक्टेड, बाध्यताले टाढा भएपछि सर्चिङ फर न्यू डिभाइस ।

**मुना आचार्य@acharya_muna**
औकातभन्दा धेरै प्रेम गऱ्या'थें, त्यसैले सहनशक्तिभन्दा बेसी पीडा भइराख्या छ ।




**फिलोसोफर हरि@Hary_Dhakal**
जतिसुकै नराम्रो भए पनि आफूलाई बुझ्ने जो-कोही सुन्दर लाग्छन् ।

**निता उप्रेती@UpretiNita**
रुन त आमाको काँधमै आँसु झारेर रुनुपर्छ, पीडाको बोझ उनले मात्र थाम्न सक्छिन्, अरूले सक्दैनन् ।

**मुन@gitanjali_moon1**
बिर्सिदेऊ बितेका कुरा आउने दिनको ख्याल गर, कोही हुँदैन बाटो देखाउने आफ्नो भर आफैं पर ।

**DpA@dpu_spk**
जुन बाटोमा एक्लो पर्नुहुन्छ भने बुझ्नुहोस् कि तपाई सही बाटोमा हिंडिरहनुभएको छ ।

**विक्रम@Bikram_4u**
मेजर इङलिस लिएर डिप्लोमा प्रथम श्रेणीमा पास गरेको साथी त्यति बेला छक्क पऱ्यो, जतिबेला ऊसँगै पढेर एसएलसीमै फेल भएको साथीले चार पेग रक्सी पिएपछि उसले भन्दा खतरा अंग्रेजी बोल्दियो ।

**B@agri_manu**
धेरै टाढा छन् ती सपनाका सहरहरू, तर छन् चक्लेटजस्तै मीठा ।

**एल्जिका लम्साल@aljika_lamsal**
बिछोडिने व्यक्ति भन्छन् प्रेमले पागल बनायो, तर प्रेमले हामीलाई होइन हामीले प्रेम बनाउने हो, जुन हाम्रो हातमा हुन्छ, प्रेम शब्दमा सीमित हुन्छ ।

**प्रभा@Gautamprativa**
दिमाग पनि रित्तो गाग्रीजस्तै भएछ भन्या, जुनसुकै बेला बज्या छ बज्या छ ।

**स्माइली@suzta_rml**
बिएफलाई भागुम् भनेको मात्र के थिएँ, एक्लै भागेर मरेछ । कता भाग्यो-भाग्यो, अहिलेसम्म खोज्दैछु ।

**सुस्मिता वाग्ले@susmitawagle0**
चिल्ला कारमा होइन सानु, तिम्रा हात समाएर उकाली-ओराली हिंड्ने चाहना छ मेरो ।

**बसु@shrestha266**
हामी के-कस्ता हौं, त्यो देख्दैनन् मानिसहरू । हामीसित के छ मात्र, त्यो देख्छन् । त्यसैले पैसो कमाउनुस् हजुर पैसो ।

**Suman Kharel@kharel8**
एक-अर्काको अनावश्यक चियोचर्चो गर्न छोडी आ-आफ्नो काममा मात्र ध्यान केन्द्रित गर्न सके पनि प्रगति हुन्थ्यो कि ?

**भिरखर्क@bhirkharke**
मनमा आँट भा'की, गोजीमा गाँठ भा'की अनि जिन्दगीभर सुखले पाल्न सक्ने हिम्मत भा'की कोही केटी छन् भने सम्पर्क राखौं है । दुःख, मेहनत गर्न साह्रै अल्छी लाग्न थाल्यो आजकाल ।

**Yukta@breezy_yukta**
राम्रो नजरले हेर्नुपर्छ भन्दैमा बाग्मतीको पानीलाई मिनरल वाटर देख्नु पनि त भएन नि !


**निर्झरिणी बनर्जी@nirjharee**
अरूको ट्विट रि-ट्विट गऱ्यो, नोटिफिकेसनको हैरान– नयाँ उखान ।

**Kamal Thapa@kamalthapa034**
मैदानमा हारेको मान्छेले पुनः जित्न सक्छ, तर मनैदेखि हारेको मान्छेले कहिल्यै जित्न सक्दैन ।

English
Language Books/ Audio/ Videos
Easy Learning, Easy Way,
Boost Vocabulary, Essays for IELTS (Books)
Talk to ME, Face to Face (Audio/ Video)
By P. Swoveet; available in the market!
IELTS 6.5
Classes by P. Swoveet /new strategies
Language & Computer Courses
OLC, Bag Bazaar, 4268945, 4244741

समय सन्दर्भ

# मम पसल्नी



अधिकारी रवीन्द्र

के ही चीज सुन्दर छ भने त्यसलाई हेरिनुपर्छ। नहेरिए त्यो सुन्दरताको के अर्थ ? सुन्दरताको महिमा दर्शकको परख र प्रशंसाले हुने हो। हुन त हेर्ने नजर सुन्दर छ भने जे हेर्‍यो त्यो राम्रो, त्यसले झुसिल्कीरालाई पनि भोलिको फरफर उड्ने पुतली देख्छ। कलाकारले फोहोर गल्लीलाई पनि सुन्दर देखेर पोट्रेट बनाउँछ, हजारौं प्रशंसक बटुल्छ र लाखौंमा बेच्छ पनि। प्रशंसा सधैं सबैले गुलाबकै गर्नुपर्छ भन्ने छैन, घत परे बिच्छीको समेत गर्न सकिन्छ, बिमान परिचारिकाको मात्र होइन, मन परे कहिलेकाहीं ठेलागाडाकी मम पसल्नीको गर्दा पनि हुन्छ।

काठमाडौंको धूलोले जमिनमा विश्राम लिन नपाउँदै डिसेम्बरको अन्तिम दिन पीपलबोट छेउबाट खुट्टा फट्फटाउँदै हनुमानढोका पुगें। कहीं-कतै जाने हतार छैन। बिनाकम्पनी सन्ध्याकालीन काठमाडौं जिउने जमर्को थियो त्यो : वसन्तपुर, क्षेत्रपाटी हुँदै पैदल ठमेल पुग्ने। स्ट्रिट लाइट, फुड फेस्टिभल तथा केही जमघटमा क्याजुअल सहभागिता जनाउने, कुहिरेका रामरमिता हेर्ने, स्टेज शो हेर्दै ह्याप्पी न्यू इयरको संगीतमा रम्ने अनि अन्ततः नयाँ वर्षको बेग्लै ऊर्जाका साथ उठ्न आफ्नै खाटमा आएर पल्टिने। त्यही योजनालाई साकार रूप दिने क्रममा एउटा गाडातिर मन तानियो। मम बेच्ने गाडा। मन छेउमै अल्झियो, पेट डम्म छ तैपनि मम खानैपर्ने भो। सालको पातले बुनिएको बोहोतामा आधा प्लेट मम मागें। छेउको सुकुलमा बसें। कति व्यस्त छ काठमाडौं। कति कथाहरू छन् यहाँ। साइकलमाथि जीउ अड्याएर एउटा कथा हूलमूलमा कतै हराइसक्यो, मन्दिरका पेटीहरूमा कैयौं जोडी कथा एउटा साझा कथा बुन्ने यत्न गर्दैछन्, तर मेरो मन त्यता छैन। क्षणक्षणमा टक्क-टक्क अडिन्छ त्यही मम पसल्नीको पल्लामा।

लाग्यो, त्यहाँ त्यो समय, मांसपिण्ड खाने भन्दा बढी उनको सामीप्यताको सुवास मिसाई स्त्री यौवनको रसमा मानव सौन्दर्यको अद्भुत प्याकेजलाई चोप्दै सप्प्याक-सप्प्याक पार्ने भोका आँखाहरूको जमात थियो। हो, उनी थिइन्– ममका डल्लाहरूबीच फक्रिएकी सुनाखरी। उनको मुहारमा त्यस्तो दैवी ताज झल्किन्थ्यो मानौं धर्तीमा कुनै सौर्यपिण्डको अंश बलिरहेछ। हिउँजस्तो गोरो अनुहार, नाक जस्तो कि सुरम्य अनादिको तपोवन, निर्झर तर रहरलाग्दो, निर्भीक उभिएको उनको नाक आफैंमा एउटा शोभाको संग्रहालय। गाला : मरुभूमितुल्य तर मुलायम अनि दन्तलहर जिजोउषामाका पङ्क्तिबद्ध श्वेतसालिक झैं। हाय ! म बबुरो, मेरो के साहस र त्यो आँखाको वर्णन गरूँ। मानवीय भवसागरमय वागका लतिका लतिका छापा मार्दा त्यस्तो नाभो सुनाखरी भेटिएला भनेर सोचेकै होइन। त्यो त आफैंमा अविरल प्रज्वलित उल्कापिण्ड, समुन्द्रतलको दुर्लभ मोती वा कुनै उजेली नागमणि थियो जो वसन्तपुरको पटाङ्गिनीमा सालको अन्तिम रात एउटा मम पसलअगाडि प्रदर्शनमा राखिएजस्तो र जो-कोहीले बिना भेटी, बिना कसरत आँखाको दृष्टिक्षेत्रले त्यसलाई गर्ल्याम्म अँगालो हाल्न सक्थ्यो।

बस्, आँखा खोलिदेऊ, त्यहीं त थियो सौन्दर्यको विश्वविरासत, तिम्रै अगाडि। उनकै नाकमुखबाट छुटेर आएका हावाका अनगिन्ती सूक्ष्म अवयवहरू केही गजको दूरीमा बसेर शयन गर्दै अलौकिक दुनियाँमा विचरण गर्दै थिएँ, मम आइपुग्यो। तत्क्षण मर्त्यलोकको वास्तविकतामा बिनाभर्‍याङ ओर्लिन् परिहाल्यो। जतिबेला उनले कर्के नजर मारिन्, ठीक त्यतिबेलै मैले उनको आँखा देखें, जसले भर्खरै बोल्न थालेझैं भयो। उनका जोडी आँखा यस्ता थिए जस्तो कि हेस्बोनको होसियारीपुर्वक किनारा छाँटिएको मनमोहक, सौम्य र अतिशान्त झिल निष्फिक्री अनुवेष्ठित छ। त्यसको गम्भीरता, त्यसको आकर्षण थियो, त्यसमा छचल्किने निर्दोषपन त्यसको सम्मोहन थियो र नजर अदृश्य, अव्यक्त भावहरू प्रवाह गर्ने घातक छालहरूको संखघोष। कर्कलाको पातमाथि यताउता गरेर नाच्ने पानीका ढिकाजस्तै यौवन नामक तरल चिज त्यो अनाडीमा सलबलाइरहेको प्रस्टै देखिन्थ्यो। वास्तवमै रातो जवानीमा भर्खरै पाइला टेकेकी ती किशोरी फ्राँसीकी राजकुमारी वा मिश्रकी क्लियोपाट्राभन्दा सायदै कम थिइन्। लाग्थ्यो, उनको सुन्दरताका अगाडि विश्वले घुँडा टेकेर त्यसकै पाउमा दण्डवत् गरेको होस्। संसारका सबै विजय उनकै मुखबाट अट्टहास हाँस्थे। उनको मुस्कुराहटमा सुवास फिँजिन्थ्यो, आवाजमा माधुर्य उम्रिन्थ्यो अनि कलेजी ओठमा विस्फोटक कोमलता नाच्थ्यो। यस्ता ताजा ओठ कि प्रभातमय स्वच्छ शीतका थोपाझैं, यति लालीमा कि मानौं छुँदासमेत रगत चुहिन्छ, तप्प-तप्प। थरर्किरहने कम्पायमान पत्रदलसरह ती ओठहरू, जसको स्पर्श मात्रले जो-कोहीलाई पूरै स्वर्गको सयर गराउनेछ।

मेरा लागि यो वर्ष केही भिन्न भयो त त्यो यही भयो र त्यो पनि सालको अन्तिम रात सात बजेको निशामा। म आफैंलाई थाहा छैन, म किन त्यसको चञ्चलतालाई हेरी किंकर्तव्यविमूढ भएँ, कसरी त्यसले नजर मारी, कुन बखत त्यो नजरवाणले मुटु चिरियो र निमेषभरमा म यस्तो शक्तिशाली साइक्लोनको सिकार भए कि आफूलाई आकारण उड्ने स्थूल प्राणीका रूपमा पाउँछु, छिनमा भरेको अनि छिनमै रित्त। एक षोडशीको सामान्य हाँसोले मलाई पानी-पानी बनायो र केवल दुई मिनेट समय पूरै सालभन्दा बढी यादगार रह्यो।

मम सकियो। भोक टरेन। न आँखा अघायो, न मन।

ravinems@iom.edu.np

## योङ प्रिन्सेस अफ दि युनिभर्स



गत पुस २१ गतेदेखि रूसमा सञ्चालित प्रिन्स एन्ड प्रिन्सेस अफ दि युनिभर्स-२०१८ मा नेपाली सहभागी मरिशा श्रेष्ठले टिन विधाको मुख्य उपाधि योङ प्रिन्सेस अफ दि युनिभर्स-२०१८ जितेकी छिन्। युनिग्लोब कलेजमा अध्ययनरत १७ वर्षीया मरिशा नेप्लिज काउन्सिलको आयोजनामा सञ्चालित लिटिल मिस वर्ल्ड नेपालको फाइनलिस्ट हुनुका साथै बेस्ट स्माइल एवार्ड विजेतासमेत हुन्।

'प्रिन्स एन्ड प्रिन्सेस अफ युनिभर्स' को छैटौं संस्करणको फाइनल गत जनवरी ८ मा रूसको मस्को होटल कोरस्टोनमा सम्पन्न भएको थियो, जसमा मरिशाले विभिन्न १० वटा मुलुकका २७ जनासँग प्रतिस्पर्धा गरेकी थिइन्। उक्त प्रतियोगिताको २०१७ को संस्करणमा नेपालकै रक्षा थापाले टिन विधातर्फ योङ प्रिन्सेस अफ द युनिभर्स-२०१७ को उपाधि जितेकी थिइन्।

युवा मन

# प्रेमको आदिम लय



नवीन प्यासी

पाटन कृष्ण मन्दिर। दुईवटा प्लास्टिक ग्लास। दुवै दूध चियाले सुसज्जित। नियतिलाई स्विकारिरहेका दुई थान चुरोट। साँझ प्रसवपीडारत। रात जन्माउनलाई। आठ-दस जोडी। कोही दुई किनारजस्ता कोही दुई नदी मिसिएका दोभानजस्ता।

-तिमी चिया स्वाट्टै नपार न।

-किन ?

-गिलासलाई छुकछुक बनाउँदै पिऊ क्या। उसलाई कतिबेला सकिन्छु र रित्तिन्छु भन्ने भयले सताइरहोस् र पो मज्जा आउँछ।

-ए मलाई पनि त्यसरी नै सताउनलाई पो प्रपोज एस्सेप्ट नगरेको ?

-प्रेम नामक कन्ट्राक्ट पेपरमा मलाई जबर्जस्ती साइन गराउन खोजेर हुन्छ ? प्रेम थोडी न कन्ट्राक्ट पेपर हो र ?

-तिमी स्वयम् पनि कन्ट्राक्ट पेपर हौ महाशय। जिन्दगीले साइन गरेको दिन सूर्य अन्तिम पटक झुल्किन्छ तिम्रा लागि।

-कुरा गर्न त कसले सक्छ र ?

-सताउन तिमीले जति कसले पो जानेको छ र ? तर था' छ तिमी पनि मलाई प्रेम गर्छौ। अलि डरछेरुवा छौ र पो त।

-माफ पाऊँ। तिमी भ्रममा छौ।

-भ्रममा त सारा दुनियाँ नै छ महाराज। चन्द्रमालाई देखेर मख्ख पर्नेहरूले बुझेका होलान् चन्द्रमामै पुग्नका लागि त्यो मात्र बालुवाको थुप्रो हो।

-उनले धूवाँको गोलो मुस्लो छोडिन्।

-यी देख्यौ त ? एउटा मिठो भ्रम यही जन्मियो र सकियो (मुस्लो देखाउँदै)। तिमी स्वयम् एउटा सुन्दर भ्रम हौ।

-भनेपछि सत्यचाहिँ के हो ?

-सत्य भ्रमहरूको एड्भान्स रूप हो। धेरैले एउटै भ्रम बोकेर हिँडेपछि बिस्तारै त्यो सत्यमा बदलिन्छ। उदाहरणका लागि धर्मलाई लिन सक्छौ। धर्मग्रन्थभित्र च्यापिएको मन्त्र, प्रार्थना तथा श्लोकलाई लिन सक्छौ। ईश्वरलाई लिन सक्छौ।

-ए, भनेपछि तिमी पनि भ्रम। म पनि भ्रम। दुइ भ्रमको शरीर मिलेपछि महा भ्रम। लौ मलाई अनुभूत गर्न मन लाग्यो। (खितखित)

-तिमी लिमिट क्रस नगर है !

-के गर्छौ ?

-गर्न त केही गर्दिनँ तर पछुतो लाग्ला नि पछि तिमीलाई। (हाहाहा ... लामो हाँसो फुटपाथभरि ओछ्छियो। पानीपुरीवाला भैयाको कानले पनि फाइदा लियो।

यत्तिकैमा आकाशले हामीलाई देख्यो र रिसाएर झरी खसाल्यो। झरी बाटो भुलेर उनको पारदर्शी टिसर्ट वारिपरी अलमलिइरहेछ। म छु छातामुनि। सिगरेटको अन्तिम अनुरोध स्वीकार गरिरहेछु। ऊ जलेर आफू हुनुको सार्थकता खोज्न चाहन्छ।

जल्न त म पनि जलिरहेको छु, तर ईर्ष्याले। उनको छातीलाई टिसर्टले यसरी अँगालिरहेछ कि मानौं ऊ वर्षौंपछि प्रेमिकालाई भेटेको पागल प्रेमी हो।

अहिले नै टिसर्ट झारझुर पारेर फालिदिउँ जस्तो झोक चल्यो। फेरी सोचें। टिसर्टकै कारण उनको छातीले शालीन अस्तित्वको दाबी गरिरहेछ। म किन उसको अस्तित्वमाथि धावा बोलूँ ? हरेक कुरा निरपेक्ष हुन सक्दैन।

मैले टिसर्टलाई माफी दिएँ।

उनको ओठको लिपिस्टिक चोरेर भाग्दा-भाग्दै बाटो भुलेको झरीलाई पनि धन्यवाद दिएँ। यहि कारणले नै उनको ओठले असली कामुकता देखाइरहेछ।


ओठ हेरिरहेथें। नाकको टुप्पोबाट एक थोपा पानी ओठमा यसरी खस्यो कि मानौं उनको ओठ उसका लागि समाधिस्थल हो।

म रिसले यति चुर भएँ की छाता फालेर हत्तपत्त उनको ओठमा लम्पसार परेको पानीको थोपालाई निर्मम तरिकाले पिइदिएँ।

यतिबेला झरी रूखका पातहरूमा निधार ठोक्काएर चिच्याई-चिच्याई रोइरहेको थियो।

## नवलपरासीमा पहिलो फेसन शो

टेलिभिजनको पर्दामा मात्र फेसन शो हेर्दै आएका नवलपरासी, कावासोतीका दर्शकले प्रत्यक्ष फेसन शोको मज्जा लिए। गाउँघरमा फेसन शो भन्ने बित्तिकै नकरात्मक रूपमा लिइने सोचमा परिवर्तन ल्याउने तथा स्थानीय डिजाइनर एवं मोडलहरूलाई अवसर प्रदान गर्ने उद्देश्यले आयोजित फेसन फ्युजनमा दर्शकहरूको घुइँचो लागेको थियो।



२ हजार ५ सयसम्मको टिकट काटेर उपस्थित दर्शकहरूको भीडले हल खचाखच थियो। त्याम्पमा पूर्व मिस नेपाल सुगरिका केसीदेखि अभिने त्री रिस्ता बस्नेतसम्मको क्याटवाक आमदर्शकका अतिरिक्त नवनिर्वाचित जनप्रतिनिधिहरूले समेत चाख मानेर हेरे। मृगतृष्णा फेसन हाउस, काठमाडौंद्वारा आयोजित उक्त फेसन शोमा स्थानीय क्षेत्रका १५ तथा काठमाडौंका १० जना मोडल सहभागी थिए।


नवीन पौडेल

यात्रा सन्दर्भ

# किन डिएक्टिभेट गर्नु सन्जाल ?



किशोर नेपाल









गएको तीनवटै चुनावमा जे गर्नु थियो त्यो गर्‍यो सामाजिक सन्जालले । त्यतिबेलादेखि मलाई लागेको थियो, यो सन्जालको काम छैन । म सबैभन्दा पहिले फेसबुक र त्यसपछि अरू सञ्चारको जन्जालबाट मुक्त हुन खोजिरहेको थिएँ । माघे संक्रान्तिमा घ्यू, चाकु, तरुल खाएपछि फेसबुक डिएक्टिभेट गर्ने मुडमा थिएँ । त्यतिबेला डा. भगवान कोइरालाको स्टाटसमा आँखा पर्‍यो : 'कार्यालयमा परिचय-पत्र नलगाउने, फोनमा आफ्नो नाम नभन्ने, सामाजिक सन्जालमा नक्कली नाम राख्नेहरूको बोली अलि चर्कै हुन्छ ।' डाक्टर कोइरालाको स्टाटस पढेपछि मनमा लाग्यो, 'के डिएक्टिभ गर्नु यो जाबो फेसबुक । रहिरहोस् न यो ।"

आइकोनका हिसाबले सयौं सामाजिक सन्जाल फैलिएका छन् संसारमा । खिस्तानदेखि इस्लामसम्म, हिन्दू, बौद्ध, सत्य, असत्य सबैतिर आइकोन नै आइकोन छन् । बुद्ध मन्दिरका भित्तामा समेत फेसबुकको तर्फबाट चढाइएको माने । सन्जालको ब्रान्ड भैसकेको छ फेसबुक । जहाँ जसले जे कुरा गरे पनि सबैभन्दा पहिले फेसबुककै नाम आउँछ । त्यसपछि मात्र 'ए, त्यो पनि छ र ?' को शैलीमा अरू सन्जालको नाम आउँछ ।

यसपटकको नेपालको चुनावमा नेताका नाममा स्पोन्सर्ड सामग्री प्रकाशित गरेर फेसबुकले उधुम मच्चाएको छ । गएको तीनै तहको चुनावमा उम्मेदवारहरूले फेसबुकको भित्तामा चुनाव लडे । 'मैले फेसबुकका मानिसलाई मेरो इन्टरभ्यू लिइदेऊ भन्ने हो र ? उसैले मसँग माग्नुपर्छ इन्टरभ्यू' भन्थे एक जना नेताजी । भरे त फेसबुकमा आइटम आइटमका स्पोन्सर्ड फिचर त उनकै नाममा आइराखेका । साँझ पत्रकारहरूले 'ए त्यो विदेशी फेसबुकलाई विज्ञापन दिने, हामीलाई चाहिं निर्वाचन आयोगको संहिता देखाउने ?' भनेर त्याखत्याख्ती पारेपछि नेताजीले स्पष्टीकरणसहित ५-५ हजारको विज्ञापन बाँडेछन् सबैलाई । सय थान पत्रिकाका सम्पादकमध्ये सबैजसोले ५-५ हजार पाएपछि सबै सन्तुष्ट भए । यतिसम्म त देशमा भैसकेकै छ । अब हुन बाँकी के छ र ?

> फेसबुक डिएक्टिभेट गर्दा धेरै कुरा मिस हुँदो रहेछ । जस्तो निशा शर्माका समयका अनेक अन्तरालमा खिचिएका सुन्दरतम तस्बिरहरू हेर्न पाइनन् । मनीषा कोइरालाका प्रेरक वचन र उत्तिकै प्रेरक उत्साहहरू अँगाल्न पाइन्न । सरस्वती प्रतीक्षाका कहिले अनौठो लाग्ने र कहिले प्रासंगिक लाग्ने स्टाटस र कविताहरू पढ्न पाइन्न ।

मैले यसो सोचेको : फेसबुक डिएक्टिभेट गर्दा धेरै कुरा मिस हुँदो रहेछ । जस्तो निशा शर्माका समयका अनेक अन्तरालमा खिचिएका सुन्दरतम तस्बिरहरू हेर्न पाइन्नन् । मनीषा कोइरालाका प्रेरक वचन र उत्तिकै प्रेरक उत्साहहरू अँगाल्न पाइन्न । सरस्वती प्रतीक्षाका कहिले अनौठो लाग्ने र कहिले प्रासंगिक लाग्ने स्टाटस र कविताहरू पढ्न पाइन्न । शताब्दी पुरुष सत्यमोहन जोशीका फरक-फरक समयका अनुभवहरू थाहा पाउन पाइन्न । सामान्य मानिसका जीवनहरू, खुशीहरू, निराशाहरू, उत्साहहरू र भग्नावशेषहरू, काल-कवलित भएका बाबु-आमा, बाजे-बजै, मामा-माइजू, सासु-ससुरा, साला-सालीको जन्म-मृत्यु जे हेर्‍यो त्यही महत्वपूर्ण छन् । यस्तोमा फेसबुक डिएक्टिभेट गर्नु भनेको सूचनाको संसारबाट आफैं हराउनु हो ।

यत्तिकैमा आयो क्रान्ति पराजुलीको अर्द्धनग्न नृत्यांगना र दर्शकहरूको भीडसहितको फेसबुक स्टाटस, 'हेर्न जाती कि देखाउने ?? नाँगिएर नाम कमाउने र नंग्याएर दाम कमाउने को जाती ??'

त्यत्तिकैमा तुला नारायण शाहले स्टाटस लेखे, 'जबसम्म आमनागरिक नेता र पार्टीप्रति इमोसनल रहन्छन्, नेताजीले इमोसनल ब्ल्याकमेल गरिरहन्छन् ।'

फेसबुकसँग हरेक मानिस रिसाउँछ र हरेक मानिस खुसी पनि हुन्छ । रिसाउँछ किनभने फेसबुकमा जसले जसलाई जति गाली गरे पनि हुन्छ । खुसी किन हुन्छ भने, फेसबुकमा उसले जसलाई मन लाग्यो त्यसलाई र जति मनलाग्यो त्यति गाली गर्न पाउँछ । फेसबुक चलाउन केही न केही अनुशासन चाहिन्छ । केही सर्त पनि राखेको छ फेसबुकले । तर, ती सर्त पढेर किन टाउको दुखाउनु ? बढी नै झोंक चले ब्लक हानिदिए भै त हाल्यो ।

फेसबुक प्रेम र विवाहको नाममा धेरै बदनाम भएको छ भने सुनाम पनि कमाएको छ । जे होस्, फेसबुकले मानिसलाई एउटा अद्भुत-अनौठो किसिमको आनन्द दिन्छ । मानिसको गतिविधि सूचनाका सिर्जना र गति हो । २० वर्ष अघिसम्म इन्टरनेट भनेको अचम्मको वस्तु थियो । यसको प्रयोग गर्नेहरूको संख्या नगण्य थियो । अहिले डिजिटल अर्थतन्त्रको जमानामा संसारमा उत्पादन हुने बिजुलीमध्ये १० प्रतिशत खान्छ इन्टरनेटले । सन् १९८५ मा त त्यही १० प्रतिशत बिजुलीले संसारै झिलिमिली पार्थ्यो ।

बितेका केही वर्षयता हाम्रो जीवन रोचक हुन छाडेको छ । समय नै पर्याप्त छैन मानिससँग । बितेका केही वर्षमा हामीले हाम्रो मगज, गिदी, मस्तिष्क, दिमाग- जे भने पनि, फरक बनाएका छौं । हामीले हाम्रो धर्तीको संरचना नै परिवर्तन गरेका छौं ।

## प्रतिक्रिया




फरक धारका दुई व्यक्तिको कथा रोचक लाग्यो (फ्रन्टपेज : फरक धारका दुई अनुहार) । उनीहरू यसरी खुलेर आउँदा लुकेर बसेका यस्तै अन्य पात्रलाई पनि बल पुग्छ । आफ्नो समुदायका लागि उनीहरू प्रेरणाको पात्र भएका छन् ।

**बालकृष्ण चौधरी**

राम्रो काम गर्नेहरूको चर्चा त हुने नै भयो (यात्रा सन्दर्भ : सञ्जालमा आरोप पत्यारोप) । त्यससँगै नकारात्मक टीका-टिप्पणि पनि भै नै हाल्छ । सत्यको बाटोमा हिंड्ने मानिस कहिल्यै डगमगाउँदैन, आखिर सत्यकै जित हुन्छ ।

**राज आचार्य**

प्रबल इच्छाशक्ति भयो भने जीवनमा जुनसुकै काम गर्न सकिन्छ भन्ने बलियो उदाहरण हुन्– डा. सुजित दर्नाल - अन्तर्वार्ता : शिक्षा नै सबैभन्दा ठूलो हतियार हो) । उनले गरेको मेहनतले राम्रै परिणाम दिएको छ । सामान्य परिवारमा जन्मिएर प्रशस्त संघर्ष गरेका सुजितले लोभलाग्दो उचाइ प्राप्त गरेका छन् ।

**सागर रोका**

मुलुक संघीयतामा गएपछि लागू हुने परीक्षा नीतिका सम्बन्धमा जान्ने मौका मिल्यो (विद्यालयस्तरको परीक्षामा पनि संघीयता) । कोर्ष तथा विषयवस्तुमा के-के हेरफेर हुन सक्छ भन्ने विषयमा समेत पढ्न पाइयोस् ।

**गणेश विष्ट**

यहाँ उल्लेख गरिएका कुरा पूरा हुने भए जीवन निकै सहज हुनेछ (साइन्स एन्ड टेक्नो : यस्तो विकास हुनेछ विज्ञान प्रविधिमा) । विज्ञान-प्रविधिमा कुनै कुरा असम्भव भन्ने हुँदैन ।

**भगवान कार्की**

संगीतकार सन्तोष श्रेष्ठलाई बधाई (बिमोचन/प्रिमियर, सन्तोषको सुरक्षा) । उनको एल्बमले सफलता पाओस्– शुभकामना ।

**अमृत श्रेष्ठ**

सुम्हालुङ आइडल जस्ता कार्यक्रम भैरहनु जरुरी छ (सुम्हालुङ आइडल) । गाउँ-गाउँमा लुकेका प्रतिभाहरूलाई बाहिर ल्याउनुपर्छ । उनीहरूलाई अबसरको खाँचो छ ।

**मदन केसी**

हराउँदै गएको इतिहासलाई चलचित्रका माध्यमबाट आम दर्शकमाझ पुर्‍याउनु सकारात्मक कदम हो (फिल्मी डायरी : पञ्चायतको प्रिमियर) । पैसा कमाउन मात्र होइन, सामाजिक सेवा तथा सामाजिक उत्तरदायित्वको पाटोमा पनि ध्यान पुर्‍याउनु जरुरी छ ।

**शोभा मगर**

दुवै चलचित्रलाई अग्रिम शुभकामना (अर्को साता दुई) । विदेशी चलचित्रको प्रभावभन्दा नेपाली मौलिक विषयवस्तुलाई स्थान दिए अझ राम्रो हुने थियो ।

**राम लामा**

प्रियारानी लामालाई धेरै-धेरै शुभकामना (भिजे बनिन् दूत) । उनी सबै भूमिकामा सुहाउँछिन् । प्रियाको प्रतिभा अझ मौलाउदै जाओस् ।

**सरोज कटवाल**

आमा बने पनि करिनाको सौन्दर्यमा कुनै कमी आएको छैन (बलिउड गफ : करिनाको ग्ल्यामरस शैली) । मेहनत एवं समर्पणका कारण उनको चर्चामा कुनै कमी देखिँदैन ।

**सोनम अधिकारी**

आम मानिसलाई बुझाउने सजिलो माध्यम हो– नाटक (रंगमञ्च : आठ सहरमा सर्जमिन) । यस्ता विषयका नाटक देशव्यापी रूपमा प्रदर्शन हुनुपर्छ ।

**उज्ज्वल पन्त**

चलचित्रमा लागेका व्यक्तिहरूको जीवन यस्तै हुन्छ भन्न सकिँदैन (यो वर्ष जसको विवाह हुने सम्भावना छ) । उनीहरूको विवाह हुने कुरामा विश्वस्त हुने ठाउँ छैन ।

**बिमल राई**

twitter follow us on twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook
facebook.com/kantipursaptahik

# नेपालमा पुरुषहरू पनि बलात्कृत हुन्छन्


तस्बिर : श्रुति श्रेष्ठ

५ वर्ष लामो फरेन्सिक ल्याबको जागिरका क्रममा एउटा यस्तो केस आयो जसले डा. लता गौतमलाई बेलायत पुऱ्यायो । उक्त घटनाले डा. गौतममा लागूऔषध प्रयोग गरी हुने बलात्कारसम्बन्धी अध्ययनको भोक जगायो र बेलायत पुगेर उनले एन्जिला रस्किन विश्वविद्यालयबाट फरेन्सिक टस्कोनोलोजीमा पिएचडी गरिन् । डा. गौतमले मानिसले खाएको लागूऔषध कसरी केशमा पुग्छ भन्ने विषयमा पिएचडी गरेकी छिन् । विगत ९ वर्षदेखि सिनियर लेक्चररका रूपमा सोही विश्वविद्यालयमा फरेन्सिक साइन्ससम्बन्धी केमेस्ट्री एवं टक्सिनोलोजी अध्यापनरत डा. गौतमसँग लागूऔषधको प्रयोग गरी हुने बलात्कार (ड्रग फेसी लेटेड सेक्सुअल एसल्ट-डीएफएसए) का सम्बन्धमा साप्ताहिकका लागि भिषा काफ्ले र जनक तिमिल्सिनाले गरेको कुराकानी :

**लागूऔषध प्रयोग गरी हुने बलात्कारका विषयमै किन रुचि राख्नुभयो ?**

मैले अध्ययन गर्ने सबै विषय ड्रग्ससम्बन्धी हुन्छन् । बलात्कारका केसमा ड्रग्स ख्वाएर वा खाएर नाइँ भन्न नसक्ने अवस्था वा फाइट गर्न नसक्ने अवस्थामा पुगेपछि बलात्कार भएको हुन्छ । म नेसनल फरेन्सिक ल्याबमा कार्यरत छँदा एउटा यस्तै केस आएको थियो । त्यतिबेला मलाई ड्रग फेसिलेटेड सेक्सुअल एसल्ट (डीएफएसए) भन्ने कन्सेप्टका सम्बन्धमा कुनै जानकारी थिएन । त्यही कारणले मलाई यो विषयमा रुचि जाग्यो ।

**त्यो कस्तो केस थियो ? प्रकृति बताइदिनुस् न ?**

एउटी युवती आफ्नी आमासँग ल्याबमा आउनुभएको थियो । एउटा कलेजमा स्नातक सकिएपछि पार्टी दिइएको रहेछ । त्यसमा ड्रग्स प्रयोग गरेर ती युवतीमाथि ग्रुप रेप भएको भन्दै उहाँहरू एक हप्तापछि आउनुभएको थियो । त्यसले पनि मलाई यो क्षेत्रमा काम गर्न रुचि जगायो ।

**उनीहरू किन समयमै नआएका ?**

यस्ता खालका भिक्टिमहरू तुरुन्तै आउन सक्दैनन् । म किन हिजो पार्टीमा गएँ, नगएको भए त्यसबाट बच्थें । म साथीहरूसँग थिएँ, त्यो त साथीहरूले गरेका हुन् नि भन्ने खालको भावना आउने भएकाले मानिसहरू उजुरी दिन आउँदैनन् । उक्त केसमा पनि एक हप्तापछाडि रिपोर्ट गरिएको थियो, एक हप्तापछि रगत जाँचेर ड्रग्स भेटिने अवस्था थिएन र अहिलेसम्म पनि नेपालमा केशको जाँच गरिँदैन । यदि केश जाँच गरिएको भए लागूपदार्थ प्रयोग भएको थियो कि थिएन भन्ने कुरा पत्ता लाग्थ्यो ।

**विश्वमा लागूपदार्थबाट हुने बलात्कारका विषयमा रौं जाच्ने प्रविधि कहिले सुरु भएको हो ?**

यो प्रविधि बेलायत, अमेरिका आदि पश्चिमी देशहरूमा आएको पनि १९५४ मा मात्र हो, तर अहिले नै मानिसहरूले डीएफएसए भनेको सुनिँदैन । बलात्कारका केसहरू सुनिएका छन् तर ड्रग्स ख्वाएर बलात्कार गर्नु बेग्लै खालको क्राइम हो भन्ने अहिले पनि छैन । युकेमा सन् २००३ मा मात्र सेक्सुअल एसल्टको कानुनमा लागूऔषध प्रयोग गरी गरिने बलात्कारलाई समावेश गरिएको हो । सेक्सुअल एसल्टका भिक्टिमहरूलाई राख्ने रिफरल सेन्टर सन् २००८ देखि बनाउन थालियो । भारतमा यस्तो काम सन् २०१३ देखि सुरु भएको छ । त्यसैले हामी यो प्रविधिमा धेरै पछाडि छैनौं, तर अब सुरु गर्नुपर्ने बेला भैसकेको छ ।

**ड्रग्स, रेप र हेयरको कनेक्सन के हो ?**

खाएको कुनै पनि कुरामा भएको तत्व रगतमा जान्छ, रगतमा लागूऔषध २४ देखि ४८ घण्टासम्म रहन्छ । त्यसपछि त्यहाँ त्यसको मात्रा घट्दै जान्छ । रगत सर्कुलेसन हुने केशको जरामा समेत रक्तसञ्चार हुन्छ र त्यो तत्व त्यहाँ पनि पुग्छ । केशको विशेषता के हुन्छ भने त्यहाँ एकपटक पुगेको कुरा हट्दैन, किनभने त्यहाँ निष्कासन प्रणाली छैन ।

पृष्ठ ७ मा



KMG

























KANTIPUR

कान्तिपुर टेलिभिजन
अब हाई-डेफिनिसनमा

DOWNLOAD KANTIPUR TV APP
GET IT ON Google Play
Available on the App Store

/KANTIPURTELEVISIONNETWORK | WWW.KANTIPURTV.COM

# नेपालमा पुरुषहरू ...



पृष्ठ ५ बाट

हट्ने भनेको ब्लिचिङ, रंग लगाउने जस्ता कारणले हो, यसले त्यसको मात्रामा केही फरक पार्छ। होइन भने जति लामो केश भए पनि जति वर्षअगाडिको ड्रग्सको पनि परीक्षण गर्न सकिन्छ। जबकि पिसाबबाट यस्ता तत्व एक हप्तामा र रगतबाट ४८ घण्टासम्ममा नष्ट भैसक्छन्। रौंको सन्दर्भमा भने त्यो कुरा लागू हुँदैन र यो काम शरीरका अन्य भागको रौंबाट समेत गर्न सकिन्छ।

**के केशबाट सबै यस्ता केस पत्ता लाग्छन् त ?**

केशको परीक्षण कोर्टको सपोर्टिभ प्रमाणका रूपमा हुन्छ तर नेपालमा अहिलेसम्म यसको परीक्षण नै भएको छैन। कसैले रौंको एनालाइसिस पनि गरेको छैन। रगत र युरिनको मात्र गरिन्छ। रगत, पिसाबका साथै भिसेरा (फोक्सो, कलेजो, आन्द्राका कन्टेन्टको एनालाइसिस) पत्ता नलागे जति नै लामो समयअघिको केस भए पनि रौं परीक्षण गर्न सके थप प्रमाण हुन सक्छ, तर केशबाट यही नै व्यक्तिले दिएको भनेर त कहिल्यै प्रमाणित हुँदैन।

**तपाईंको अध्ययनले सेक्सुअल एसल्टका केसहरू कसरी भएको पाइन्छ ?**

८०/९० प्रतिशत सेक्सुअल एसल्टका केस चिनेजानेका व्यक्तिबाटै हुन्छन्। डीएफएसए भनेको झनै चिनेजानेका साथीभाइ, हाकिमसँग बाहिर गएका बेला, सोसल सेटिङमा भएका बेला हुने घटना भएकाले पीडित पक्षले उजुरी नै गर्न चाहँदैन। कन्भिक्सन रेट जम्मा १ प्रतिशत, रिपोर्टिङ रेट विदेशकै हेर्ने हो भने १५ प्रतिशत मात्र छ, भारतको रिपोर्टिङ रेट १० प्रतिशत छ, नेपालमा त्यो कति प्रतिशत छ अहिलेसम्म खोजबिन भएकै छैन, तर यसरी हुने एसल्टमा केटी मात्र नभएर केटाहरू पनि परेको पाइन्छ। नेपाली कानुनअनुसार महिलाहरूसँग अनुमति प्राप्त भएपछि मात्र शारीरिक सम्बन्ध राख्न पाइन्छ। कतिसम्म भने विवाह गरिसकेपछि पनि श्रीमतीले शारीरिक सम्बन्ध राख्न नमान्दा-नमान्दै सम्बन्ध बनाइएको छ भने त्यसलाई रेप मानिन्छ, तर हाम्रो कानुनमा कतै पनि केटालाई पीडित पक्ष मानिएको छैन, यसमा परिवर्तन आवश्यक छ।

**पुरुष बलात्कारको कुरा गर्नुभयो। नेपालको सन्दर्भमा के देख्नुहुन्छ ?**

सेक्सुअल एसल्टका केसहरू धेरै आए, अभिनेत्री एलिसा मिलानोले ह्यासट्याग मी टु भनेर क्याम्पेनसमेत सुरु गरिन्। त्यसको केही समयमै ५ लाख मानिसले मी टु भनेर लेखे, जसमा ३ लाख पुरुष थिए। त्यसैले यो केटाहरूविरुद्ध नहुने समस्या होइन, नेपालमा पनि केटाहरूमाथि बलात्कार भैरहेको छ, तर हाम्रो कानुनले केटाहरूमाथि हुने बलात्कारलाई स्वीकार गरेको छैन। त्यही भएर केटाहरू बलात्कृत भएँ भनेर बाहिर आउन पाएका छैनन्।

**डीएफएसका त्यस्ता केही उदाहरण छन् ?**

फ्रान्समा एउटा केटा पार्टीमा गएछ। त्यहाँ ड्रिंक्स पियो, त्यसपछि उसलाई के भयो भन्ने केही थाहा छैन। भोलिपल्ट उसले आफूलाई कुनै केटीसँग ओछ्यानमा पायो। ऊ विवाहित थियो। न उसकी प्रेमिका हो, विवाहित मान्छे न ऊसँग सम्बन्ध बनाउन नै इच्छुक थियो। उसलाई अप्ठ्यारो भयो। एक महिनापछि फरेन्सिक ल्याबमा गएर केशको अनुसन्धान गर्दाखेरि फुनाइटाजिपाम (यसलाई डेट रेप ड्रग्स पनि भनिन्छ) भेटियो। यसमा केटा भिक्टिम भएन त ? केटाहरू पनि भिक्टिम हुन्छन्।

**नेपालका पुरुषहरूमा यस्ता केस फेला पार्नुको छ ?**

नेपालको कानुनले नै पुरुषहरू बलात्कृत हुन्छन् भनेर मानेकै छैन अनि कहिल्यै यस्तो हुन्छ भनेर सोच्न सकिन्छ ? हामी दिदी-बहिनीहरूलाई भन्छौं, यस्तो लुगा नलगाऊ, राति ढिलासम्म नबस, कसैले छोरालाई भन्छ र ? भन्दै भन्दैन, सोच्दै सोच्दैन, हाम्रो सोचाइ नै त्यहाँ पुगेको छैन। रिसर्च गर्ने हो भने नेपाली केटाहरू बढी भिक्टिम छन् जस्तो लाग्छ मलाई।

**कुन खालका केटाहरू भिक्टिम हुन्छन् ?**

यसको निश्चित उत्तर त दिन सकिँदैन। सोसोलोजी र क्रिमिनोलोजीमा पर्ने यो विषयमा अनुमानका आधारमा उत्तर दिनु राम्रो पनि होइन। विश्वमा 'केम सेक्स' पनि देखिन थालेको छ। वेस्टर्न देशहरूमा गे पार्टीहरूमा केटाहरूले प्लेजर र सेक्सुअल एक्टिभिटिजका लागि ड्रग्स प्रयोग गर्नुलाई केम सेक्स भनिन्छ। नेपालमा त अहिलेसम्म यो विषयमा रिसर्च नै भएको छैन। अहिलेको दुनियाँमा नेपालमा त्यसको प्रभाव परेकै छैन भन्ने छैन। ड्रग्स फेसिलेटेटेड सेक्सुअल एसल्टले केम सेक्सले जस्तो रूप पनि लिन सक्छ। अर्को स्किटल्स पार्टीको पनि चलन सुरु भएको छ। स्किटल्स सानो-सानो गोलो-गोलो प्याकेजमा पाइने चकलेटजस्तै हो। टिनएजरहरू म स्किटल्स पार्टीमा जान्छु भन्दा अभिभावकलाई चकलेट खाने पार्टी भन्ने हुन्छ। बालबालिकाले अभिभावकका लागि चिकित्सकले पेस्क्राइब गरेका ड्रग्सहरू चोरेर लाने र बलमा राख्ने अनि त्यसलाई निकालेर प्रयोग गर्ने चलन सुरु भैसकेको छ। यद्यपि अहिलेसम्म यसको प्रयोग लुकेर रमाइलोका लागि मात्र भएको पाइन्छ।

**स्किटल्स पार्टी नेपालमा पनि होलान् त ?**

नेपालमा पनि कफ सिरफलाई स्प्राइटमा मिसाएर खाने चलन सुरु भैसकेको विभिन्न तथ्यांकले देखाएको छ। त्यही चिज स्किटल्समा प्रयोग भएको छैन भन्न सकिन्छ र ?

**सेक्सुअल एसल्टमा ड्रक्सको प्रभाव के हुन्छ ?**

जस्तो अल्कोहल किन खाइन्छ ? अरू बेला बोल्न अप्ठ्यारो लाग्छ, मादक पदार्थ पिएपछि अलि सहज हुन्छ, अप्ठ्यारो, लाज वा संकोच हराउँछ। ड्रग्समा पनि कुनै ड्रग्सले एकदमै हाई बनाइदिन्छ, कुनै ड्रग्सले स्याड लो फिल गराइदिन्छ। रेपका केसहरूमा निन्द्रा लगाउने खालका ड्रग्स प्रयोग हुन्छन्।

**यस्तो हिंसाबाट जोगिन के कुरामा ख्याल गर्नुपर्छ ?**

यसबाट जोगिन बाहिर जानुभएको छ, ड्रिङ्क्स युज गर्दै हुनुहुन्छ भने खानुअघि वा बनाउँदाखेरि नै चेक गर्ने, ट्वाइलेट जाँदा ड्रिंक्स सकेर जाने अथवा फर्केर आएर त्यही ड्रिंक्स फेरि नखाने, ड्रिंक्स खानेबित्तिकै एक्कासि रिँगटा लाग्यो वा त्यस्तो कुनै शंका लागे साथीभाइलाई भन्ने वा प्रहरीलाई खबर गर्ने।

**नेपालजस्तो देशमा केशबाट अनुसन्धान गर्ने विधि उपयोगी होला त ?**

एकदमै, यो डीएफएसमा मात्र होइन् दाइजोको निहुँमा मारिएका कति केस आइरहेका हुन्छन्। कतिपय विष ख्वाएर मारिएका केस पनि हुन्छन्। नेपालमा त लास जलाउने चलन छ, यदि पुरिएको छ भने लासबाट रौं निकालेर पनि अनुसन्धान गर्न सकिन्छ। बाहिरको सन्दर्भमा मानिसहरू मरेको कति समयपछि लास निकालेर रौंबाट अनुसन्धान भएका प्रशस्त उदाहरण छन्। नेपालमा लाश जलाइने भएकाले सत्य लुकाउन सहज छ। कसैले टाउकाको केशबाट ड्रग्स भेटिन्छ भनेर कपाल काटिदियो भने शरीरको अन्य भागको रौं वा नङबाट पनि यस्तो जाँच गर्न सकिन्छ।

**डीएफएसएबाट जोगिन के गर्न सकिन्छ ?**

स्कुल एजुकेसनदेखि नै यस विषयमा शिक्षा दिनुपर्छ। घरका अभिभावकले पनि यी सबै कुराका सम्बन्धमा बालबालिकालाई सचेत बनाउनुपर्छ। हाम्रो स्कुल एजुकेसनमै परिवर्तन ल्याउनु आवश्यक छ। डीएफएसएएतिर सोच्ने हो भने पेय पदार्थ आफूले मात्र प्रयोग गर्ने, बाहिर कोसँग गएको छु भन्ने ख्याल गर्ने, धेरै ढिलो फर्कनु छ भने आफ्नो व्यवस्था आफैं मिलाउने, समूहमा हिँड्ने, छाडेको ड्रिंक्स फेरि नखाने, फ्रेस ड्रिंक्स लिने तथा कसैले आफ्नो ड्रिंक्समा ड्रग्स मिसाउन सक्छ भनेर सावधानी अपनाउने। राज्यका तर्फबाट रेपका भिक्टिमहरूलाई ह्यान्डल गर्न सेक्सुअल अफेन्स रिफरल सेन्टर खोल्नुपर्छ, त्यसमा रिपोर्ट गर्नेबित्तिकै परिक्षण गरिदिने व्यवस्था हुनुपर्छ। केटीहरू भिक्टिम छन् भने प्रिगनेन्सी टेस्ट गर्नुपर्‍यो, सेक्सुअल डिजिजसम्बन्धी जाँच गर्नुपर्‍यो, साथै मानसिक रूपमा काउन्सिलिङको पनि व्यवस्था गर्नुपर्‍यो। नेपालमा यस्ता कुरामा पहिले काउन्सिलिङ गर्नुपर्ने स्थिति छ, त्यसपछि कोर्टमा फाइट गर्ने/नगर्ने त्यो व्यक्तिको च्वाइसको कुरा हुन्छ, गर्ने भयो भने लिगल सहयोगीहरू उपलब्ध गराउन सक्नुपर्‍यो।


कोशिश गरौं : रोजगारी सम्भव छ !!

४० वर्षको तालीम अनुभव
४०,००० प्रशिक्षार्थीलाई तालीम
CTEVT बाट सम्बन्धन प्राप्त

युसेप नेपाल (UCEP Nepal) द्वारा संचालित सानो ठिमी प्राविधिक शिक्षालयमा फाल्गुण सत्रको लागि सहुलियत शुल्कमा निम्न रोजगारीमूलक तालीममा भर्ना खुलेको सूचना।

| क्र.सं. | तालीम | अवधि |
|---|---|---|
| १. | लाईट भेहिकल मेकानिक | १२ महिना |
| २. | लाईट भेहिकल सर्भिस मेकानिक | ६ महिना |
| ३. | मोटरसाईकल सर्भिस मेकानिक | ६ महिना |
| ४. | लेथ सेटर अपरेटर | १२ महिना |
| ५. | स्ट्रक्चरल फेब्रिकेटर | ६ महिना |
| ६. | आर्क वेल्डर/जुनियरवेल्डर TIG/MIG | ६ महिना |
| ७. | ईलेक्ट्रोनिक्स | ६ महिना |
| ८. | अफसेट प्रेस अपरेटर/बुक वाइन्डिङ्ग, मेटल इचिङ | ३/६ महिना |
| ९. | प्रिन्टिङ प्रेस टेक्निसियन | १२ महिना |
| १०. | जुनियर प्लम्बर | ६ महिना |
| ११. | विल्डिङ्ग ईलेक्ट्रिसियन (हाउस वायरिङ) | ६ महिना |
| १२. | मोटर रिवाइन्डिङ | ४ महिना |
| १३. | मोवाईल फोन रिपेयर टेक्निसियन | ४ महिना |
| १४. | टेलरिङ्ग | ६ महिना |
| १५. | सोलार टेक्निसियन | ४ महिना |
| १६. | कम्प्युटर हार्डवेयर टेक्निसियन | ४ महिना |
| १७. | हेभी इक्विपमेन्ट मेकानिक | ४ महिना |
| १८. | व्याक्हो लोडर/एक्साभेटर | १ महिना |
| १९. | स्कुटर ड्राइभिङ्ग | ७/३० दिन |

कक्षा संचालन हुने मिति : २०७४ फाल्गुण २ गते।
प्रशिक्षार्थीहरूको आवश्यकता अनुसार सहुलियत दरमा छात्रावासको समेत व्यवस्था छ।

सानो ठिमी प्राविधिक शिक्षालय
(Sano Thimi Technical School)
सानोठिमी, भक्तपुर
फोन नं. : ०१-६६३१२७९, ०१-६६३०३८८
www.ucep.org.np

Visit
Kangaroo™ EDUCATION FOUNDATION
EDUCATION FAIR
AUSTRALIA·USA·NEW ZEALAND·EUROPE
LET YOUR DREAMS TAKE FLIGHT
23 JANUARY 2018 10 AM - 5 PM
HOTEL ANNAPURNA, KATHMANDU FREE ENTRY!
For inquiry & Registration: 9801227026 • www.facebook.com/KangarooEdu


# कन्जुमर इलेक्ट्रोनिक्स शो-२०१८ का आकर्षण

अमेरिकाको लसभेगासमा बर्सेनि आयोजना हुने कन्ज्युमर इलेक्ट्रोनिक्स एक्स्पो यसपटक पनि सबैको आकर्षणमा रह्यो । यो मेलामा विश्वका चर्चित कम्पनीहरूले आफूले विकास गरेका नवीनतम प्रविधि तथा उपकरणहरु प्रस्तुत गर्छन् । यसपटक विभिन्न कम्पनीले प्रस्तुत गरेका केही नयाँ प्रविधि एवं उपकरण :




## रोल हुने टेलिभिजन

दक्षिण कोरियाली कम्पनी एलजीले रोल गर्न मिल्ने टेलिभिजन सेट सार्वजनिक गरेको छ । सन् २०१४ मा पहिलो पटक रोल गर्न मिल्ने टेलिभिजन प्रस्तुत गरेको एलजीले यसपटक ६५ इन्चमा ओलिड टेक्नोलोजीको सेट प्रस्तुत गरेको छ । फोर के स्क्रिनयुक्त यो सेटको मोटाइ १ इन्च मात्र छ । यो रोल गर्न मिल्ने सर्वाधिक ठूलो टेलिभिजन सेट हो । आगामी वर्षदेखि सार्वजनिक बिक्रीमा आउने यो टेलिभिजन ८८ इन्चमा समेत उपलब्ध हुने बताइएको छ ।



## एन्टी पोलुसनमास्क

एआर प्योर नामक कम्पनीले एन्टी पोलुसन मास्क तयार पारेको छ । यसले पीएम शून्य दशमलव ४ माइक्रोनसम्मको प्रदूषक तत्व फिल्टर गर्छ ।



## आफैं गुड्ने सुटकेस

स्वचालित कारको अवधारणा विकसित भएको धेरै भैसकेको छ । यद्यपि स्वचालित सुटकेसको अवधारणा पहिलो पटक प्रस्तुत भएको छ । लामो यात्रामा जाँदा सुटकेस डोऱ्याइरहनुपर्ने झन्झटबाट मुक्त गर्न अमेरिकाको ट्राभलमेट कम्पनीले सुटकेस धनीसँगै गुड्ने सुटकेसको निर्माण गरेको छ । मोबाइल एपमार्फत चल्ने यो सुटकेस ११ किलोमिटर प्रतिघण्टाको गतिमा गुड्न सक्छ । आगामी फेब्रुअरी महिनादेखि बजारमा आउने यो 'रोबोट सुटकेस' को मूल्य १ लाख १३ हजार रुपैयाँ छ ।




## रिचार्जेबल लक

फिंगरप्रिन्ट प्रविधिका आधारमा खुल्ने र बन्द हुने ताल्चा अर्थात् लक कन्जुमर प्रदर्शनीको अर्को उपलब्धि थियो । यसलाई मानिसको औंलाका मद्दतले खोल्न वा बन्द गर्न सकिन्छ । यसलाई एक पटक चार्ज गरे वर्षैभरि प्रयोग गर्न सकिन्छ ।



## क्लथफोल्डिङ मेसिन

कपडा पट्याउन यो मेसिन प्रयोग गर्न सकिन्छ । यसले १ मिनेटमा १० थान कपडा पट्याउन सक्छ । यसले पुरुष र महिलाको कपडा पहिचान गरी छुट्याएर समेत राख्छ । यसको एड्भान्स मोडलले कपडा र त्यसको कभर समेत छुट्याएर राख्छ ।




## भीआरमा भिभो प्रो

भीआर सेटमा प्रतिस्पर्धा बढ्दै गएको उदाहरण यसपटकको मेलामा समेत देखियो । यो मेलामा धेरैले नयाँ-नयाँ सुविधायुक्त भीआर सेट सार्वजनिक गरे, जसमध्ये एचटीसीको भिभो प्रोले धेरैको मन जित्यो । पिक्चरको रिजोलुसन, सार्पनेस, ग्राफिक्स तथा त्यसमा रहेको हेडफोनका कारण यो सेट धेरैको आकर्षणमा परेको थियो । एडप्टर तथा वायरलेसमार्फत चलाउन मिल्ने यो सेटको प्रतिस्पर्धा लेनोभो, मिराज सोलोजस्ता कम्पनीका सुविधायुक्त हेडसेटहरूसँग छ ।




## म्याजिक टुथब्रस

अगमेन्टेड रियालिटीयुक्त टुथब्रसले बालबालिकाहरूलाई ब्रस गर्न प्रेरित गर्छ । यो टुथब्रसले भर्चुअल रूपमा बालबालिकाहरूलाई उनीहरूले चाहेको स्थानमा पुऱ्याउँछ । राम्रो तरिकाले ब्रस गरे यसले पुरस्कारका रूपमा स्टिकरसमेत पठाउँछ ।



## फोल्ड हुने इलेक्ट्रिक स्कुटर

युजेटले फोल्ड हुने इलेक्ट्रिक स्कुटर तयार पारेको छ । यो स्कुटरका सबै पार्ट्स छुट्याएर राख्न सकिन्छ । यसको सिटको भागलाई लगेजका रूपमा समेत प्रयोग गर्न सकिन्छ । यो मेलामा एयर ट्याक्सी बेल हेलिकप्टर कम्पनीले एयर ट्याक्सीको क्याबिन प्रदर्शन गरेको थियो । यसलाई इन्टरनेट अफ थिंग्सको एक हिस्सा मानिएको छ । यसले यात्रा गर्ने मानिसलाई सधैं इन्टरनेटसँग कनेक्ट हुन सहयोग पुऱ्याउनेछ । सन् २०२० सम्ममा तयार भैसक्ने यो हेलिकप्टर क्याबिन अटोनोमस कारहरूझैं चालकविहीन हुनेछ ।

केवल एक प्रश्न

# वनभोज किन पिकनिकमा परिणत भएको होला ?

वनमा खाइने भोजलाई वनभोज भनिन्छ, तर अहिले वन लोप हुँदै गएको छ। वन असुरक्षित अनि सुविधाजनकसमेत नभएकाले मानिसहरू सुविधासम्पन्न तर रमणीय स्थानमा रमाइलो गर्न चाहन्छन्। त्यसैले वनभोज वनमा खाइने भोज नभएर आधुनिक पिकनिक भएको छ।

**सुजन सुवेदी, फेसन व्यवसायी**

अंग्रेजीकरण भएकाले। बात वही, सोच नई।

**जित राघव, व्यवसायी/अभिनेता**

वन नै छैन, अनि कसरी मन हुन्छ त वनभोज मनाउने ?

**प्रशान्त ताम्राकार, अभिनेता**

नेपालमा वन हुन्जेल वनभोज हुन्थ्यो। भएको वनजति फँडानी गरेर घर बनाइसके, अब केको वनभोज।

**प्रवीण श्रेष्ठ, निर्देशक/सम्पादक**

पहिले पो वन-जङ्गल धेरै थिए र वनभोज खान गइन्थ्यो। अहिले वन मासिए, त्यही भएर पिकनिक।

**भरत सिटौला, गायक**

मानिस अल्छी भएकाले। वनभोजमा आफैं पकाएर खाइन्थ्यो। अचेल क्याटरिङको सहयोग लिने चलन छ। त्यही भएर पिकनिक भनिन्छ।

**उषा खड्गी, मिस नेपाल २००५**

कम्प्युटर युग र अंग्रेजी बोर्डिङ स्कुलको प्रभाव हो यो।

**सुनिल थापा, अभिनेता**

वनभोजलाई अंग्रेजीमा ट्रान्सलेट गरिएकाले।

**समरा लामा, मेकअप आर्टिष्ट**

वनभोजमा वन नभएर भोज मात्र भएकाले अब के भन्ने भनेर पिकनिक भनियो। वनमा घर बने अनि वनभोजको सहरीकरण भयो र बन्यो पिकनिक।

**दिपक थापा, ओलम्पिक रेफ्री**

जसरी धन्यवाद 'थ्याङक्यु'मा परिणत भयो।

**कृषा चौलागाई, निर्मात्री**

नजिकै हुन्थ्यो वन, अनि वनभात वा वनभोज पनि खाइन्थ्यो। फडानी गरेपछि वन टाढा पुग्यो। अब वनै नभएपछि पिकनिक त भन्नुपर्ने भयो नि।

**सौरभ अधिकारी, मोडल**

वनभित्र खाए पो वनभोज त ? पार्कभित्र खाइएपछि त्यो त पिकनिक नै हुने भयो नि।

**विनोद न्यौपाने, अभिनेता**

समयसँगै भाषा-संस्कृति समेत परिवर्तन हुँदै जान्छ। यो त्यसकै असर हो, तर यो एउटा विकृति पनि हो। हामी नेपालीहरू आफ्नो भाषा संस्कृतिभन्दा बढी देखासिकीमा गर्व गर्छौं।

**शबिर श्रेष्ठ, निर्देशक**

आधुनिकताको विस्तारले गर्दा।

**छविराज ओझा, निर्माता**

बढी आधुनिक भएर।

**सुरेन बसेल, नृत्य निर्देशक**

समय अनुसार आधुनिक हुँदै गएर।

**ऋषिराज आचार्य, निर्देशक**

नेपालीमा वनभोज नै त भनिन्छ। अंग्रेजीमा पो पिकनिक नि। नाम परिवर्तन भएको होइन, मनाउने तरिका परिवर्तन हुँदै गएको हो। पहिले-पहिले रमाइलो ठाउँमा दाउरा बालेर आफै पकाएर खान्थे, अहिले क्याटरिङको बफे भोजमा रमाउँछन्– फरक यति मात्र हो।

**गम्भिर विष्ट, नृत्य निर्देशक**

बोर्डिङ स्कुल धेरै खुलेपछि नेपालीहरू अंग्रेजी धेरै जान्ने भए त्यसैले वनभोजको साटो पिकनिक भन्न थाले।

**सामिप्य तिमिल्सिना, चलचित्र लेखक**

जनता वनको छेउमा बस्न छाडे, त्यसैले।

**सुनिल क्षेत्री, नृत्य निर्देशक**

वास्तवमा वनभोजलाई अंग्रेजीमा पिकनिक नै भनिन्छ। सबैलाई पिकनिक भन्न सजिलो भयो होला, त्यसैले वनभोज भन्न छाडेर पिकनिक भन्न थाले।

**सुवास प्रधान, संगीतकर्मी**

पहिले-पहिले जङ्गलतिर गै खाने कुरा बनाएर खाइन्थ्यो, तर अहिले जङ्गलभन्दा नि विशेष पर्यटकीय स्थलहरूतिर गइन्छ, तर यसलाई कसै-कसैले वनभोज नै भन्छन्। अंग्रेजी शब्द बढी प्रयोग हुन थालेकाले पिकनिक भनेका होलान्।

**एन्जिला रेग्मी, गायिका**

वनमा आफैं पकाएर खान दुःख हुने भएकाले अरुले पकाएको खान थालेपछि पिकनिक भएको हो।

**विनु खड्का, आरजे**

खाँदा-खाँदा पीकमा पुगेपछि मात्र निको हुने भएकोले पिकनिक भनिएको होला। फेरि वनभोज हुन त वनमा खानुपर्‍यो नि ? आजकल पार्क भोज हुन्छ क्यारे– त्यसैले पिकनिक !

**प्रमोद खरेल, गायक**

अलिक अगाडिको समयमा जङ्गल, पाखो वा खेतमा साथीभाइ मिलेर भोज खाने चलन थियो। त्यसैलाई वनभोज भनिन्थ्यो। त्यति बेला यातायातको पर्याप्त व्यवस्था थिएन। कतै टाढा जान सम्भव थिएन। बिस्तारै सबैतिर यातायात पुग्न थाल्यो, सबै तिर नयाँ-नयाँ पिकनिक स्पट बन्न थाले, यही क्रममा वनभोज बिस्तारै पिकनिकमा परिणत भयो।

**विशाल घिमिरे, गायक**



## ह्याप्पी बर्थ डे


चिरञ्जिवी भण्डारी
माघ ५ गते


राम कार्की
माघ ५ गते


दीर्घ खड्का
माघ ५ गते


टेकेन्द्र शाह
माघ ५ गते


उमेश खड्का
माघ ५ गते


राम सिटौला
माघ ६ गते


सुरज थापा
माघ ६ गते


रुपक डोटेल
माघ ६ गते


ईश्वर अमात्य
माघ ६ गते


सुष्मिता बमजन
माघ ७ गते



पवन पाठक
माघ ७ गते


राम अविरल
माघ ८ गते


हरि लम्साल
माघ ८ गते


गीता अधिकारी
माघ ८ गते


त्रिलोक राना
माघ १० गते


इतु जोजिजू
माघ १० गते


उजन नेम्बाङ
माघ ११ गते


मिलन अमात्य
माघ ११ गते

चर्चामा

# दृष्टिविहीनका रूपमा चिनिँदा अपूर्ण लाग्दैन

निरन्तरको साधनाले सफलता हात पार्न सकिन्छ भन्ने कुराको ज्वलन्त उदाहरण बनेकी छिन्– गायिका मेनुका पौडेल । केही समयअघि पहिलो नेपाल आइडलको जति चर्चा भयो त्यससँगै चर्चामा आइन्– मेनुका । प्रतियोगितामा अरू सबल कलाकारभन्दा पृथक पहिचान बनाउन सफल मेनुकाले स्वरको मौलिक स्वादबाट धेरैको ध्यान खिचेकी थिइन् । नेपाल आइडलमा दर्शक-श्रोताहरूबाट निकै रूचाइएकी गायिका मेनुका प्रतिस्पर्धाको टप ११ बाटै बाहिरिइन् । आइडलमा उत्कृष्ट हुन नसके पनि साँगीतिक क्षेत्रमै सक्रिय मेनुकासँग साप्ताहिकको कुराकानी :



● मेनुका पौडेल, गायिका

**केमा व्यस्त हुनुहुन्छ ?**

म अहिले नयाँ गीतहरूको रेकर्डिङ, देशका विभिन्न सहरमा आयोजना हुने सांगीतिक कार्यक्रमहरूलगायत आफ्ना नयाँ गीतको सिर्जनामा काम गरिरहेकी छु ।

**तपाईंको दिन कसरी बित्छ ?**

मेरो दैनिकी सामान्य नै हुन्छ । बिहानै उठेर कलेज जान्छु । त्यसपछि कोठामा आई खाना खाएर आफ्नो समय अनुसार दुई-तीन घण्टा रियाज गर्छु । रियाजपछि केही समय आराम गर्छु । रेकर्डिङ छ भने त्यसमा व्यस्त भइन्छ, नत्र घरमै बसेर रियाज गरिन्छ ।

**नेपाल आइडलमा आउनुअघि कहाँ र कस्तो अवस्थामा हुनुहुन्थ्यो ?**

म सानैदेखि संगीतप्रति रुची राख्थें । मेरो परिवारका सदस्यहरूले पनि मेरो रुचीमा हौसला दिनुहुन्थ्यो । म पारिवारिकसँगै होस्टलको वातावरणमा पनि हुर्किएकी हुँ । होस्टलमा गाएको पहिलो गीतबाटै मेरो सांगीतिक यात्रा सुरु भएको थियो । म होस्टलमा आयोजना हुने कार्यक्रमहरूमा गीत गाउँथे । मैले गाएको गीतबाट सबै जना खुसी भएको अनुभव गर्थें ।

**नेपाल आइडलबाट यति धेरै चर्चा पाउँछु भन्ने लागेको थियो ?**

पहिलो कुरा त नेपाल आइडलमा जाने कि नजाने भन्ने नै टुङ्गो थिएन मेरो । मानिसले सोचेअनुसार जीवन चल्दैन । कहिले कहाँ कस्तो परिवर्तन आउँछ भन्न सकिँदैन । मेरो जीवनमा पनि त्यस्तै परिवर्तन भएर आइदियो नेपाल आइडल, जुन मैले कल्पना गरेकी थिइनँ । जतिबेला नेपाल आइडल सुरु हुने पक्का भयो त्यसपछि फर्म भरेकी थिएँ । अडिसन दिएँ र कार्यक्रममा सहभागी भएर अघि बढ्दै गएँ । टप ११ मा पुगेसँगै भोटिङका कारणले आउट पनि भएँ, तर मलाई दुःख भने लागेन । मान्छेको जीवनमा जे पनि हुन सक्छ । आज मलाई नेपाल आइडलकी मेनुका भनेर देश-विदेशका नेपालीहरूले स्नेह, माया एवं हौसला दिइरहनुभएको छ ।

**तपाईलाई धेरैले चिनेका छन्, कस्तो प्रतिक्रिया पाइरहनुभएको छ ?**

दर्शक-श्रोताहरूले दिएको प्रतिक्रियाले नै मलाई यो क्षेत्रमा अझ सशक्त ढंगले लाग्न प्रेरणा मिलेको छ । धेरैले मेरो प्रशंसा गर्नुहुन्छ, कतिपय कुरा आफ्नै कानले पनि सुनिरहेकी हुन्छु । कतिले अप्रत्यक्ष रुपमा मेरो कुरा गरिरहनु भएको हुन्छ । यसले मेरो काम गर्ने क्षमता बढाउँछ, मलाई खुसी दिन्छ ।

**तपाईलाई त गायिका कोइलीदेवीसँग दाँजिन्छ नि, कस्तो लाग्छ ?**

वास्तवमा मलाई यो उपनाम नेपाल आइडलका निर्णायकहरूले दिनुभएको थियो । अहिले आमदर्शक-श्रोताले पनि त्यही उपनामले बोलाउनुहुन्छ, जसले गर्दा मलाई अझ उत्साह र हौसला प्राप्त हुन्छ । मलाई खुसी नै लाग्छ । यो आफूले भन्ने भन्दा पनि श्रोताहरूले मूल्यांकन गर्ने कुरा हो ।

**अहिलेका चलनचल्तीका कुन गायकसँग गाउँन पाए हुन्थ्यो भन्ने लाग्छ ?**

मेरा लागि अग्रज सबै गायक-गायिका बराबर हुनुहुन्छ । खासगरी राजेश पायल राई, प्रमोद खरेल, सत्य स्वरुप, रामकृष्ण ढकालहरूसँग गाउँन मन छ ।

**औपचारिक शिक्षा कहिलेदेखि सुरु गर्नुभयो ?**

हाम्रो परिवारमा बुवा, आमा र दुईजना दिदीबहिनी अनि म गरेर पाँच जना छौं । पाँच वर्षको उमेरदेखि झापाकै दुर्गा उच्च मा.वि.मा ब्रेल लिपीमा पढ्न थालेकी थिएँ । हाल म सिर्जना कलेज अफ फाइन आर्ट्स, लाजिम्पाटमा प्लस टुमा अध्ययनरत छु ।

**तपाई जन्मँदै दृष्टिविहिन हुनुहुन्थ्यो कि पछि यस्तो भएको हो ?**

बाल्यावस्थादेखि नै आँखा देख्दिनथें । म जन्मजात नै दृष्टिविहिन हुँ । जन्मजात दृष्टिविहीनका कारण चिनिँदा न त आफूलाई अपूर्ण लाग्छ न त कुनै अप्ठ्यारो नै ।

**आगामी योजना के छन् ?**

हालसम्म मैले ४० वटाजति गीत गाइसकेकी छु । चाँडै नै चलचित्र 'लिलिबिली' को गीत गाउँदै छु । त्यसका साथै आगामी दिनमा डान्सिङ गीतहरू पनि दर्शक-श्रोताहरूमाझ ल्याउने तयारीमा छु । भविष्यमा अझ सशक्त ढंगले प्रस्तुत हुने योजना छ ।

प्रस्तुति : किशोर श्रेष्ठ

म्यूजिक डायरी



## देश दौडाहामा नेपथ्य

सांगीतिक समूह नेपथ्य यतिबेला देश दौडाहामा छ । स्थापनाको रजत महोत्सव मनाइरहेको यो समूहले झापाको दमक, चितवनको नारायणगढ तथा भैरहवामा लाइभ कन्सर्ट प्रस्तुत गरेको छ । कन्सर्टका क्रममा समूहका गायक अमृत गुरुङले आफ्नो समूहका लोकप्रिय गीतहरू प्रस्तुत गरेका थिए ।

## गीतकारको सभा

गीतकार संघ नेपालले गीतकार यादव खरेलको प्रमुख आतिथ्यमा सातौं साधारणसभा सम्पन्न गरेको छ । संघका अध्यक्ष चूडामणि देवकोटाको सभापतित्वमा सञ्चालित उक्त साधारणसभामा कोषाध्यक्ष सुशीला पौडेलले कोषको प्रतिवेदन सार्वजनिक गरेकी थिइन् भने महासचिव शुभ मुकारुङले संघका गतिविधिसम्बन्धी प्रतिवेदन पढेर सुनाएका थिए ।

## जावलाखेलमा कन्सर्ट

ललितपुरको जावलाखेल मैदानमा सञ्चालित एनसेल मेलामा लोकप्रिय कलाकारहरूले मनोरञ्जक प्रस्तुति दिए । मेलामा गायक शिव परियारले आफ्ना आधा दर्जनभन्दा बढी गीत सुनाए । मेलामा गायिका इन्दिरा जोशी, ऱ्यापर आशिष राना लाउरे, सांगीतिक समूहहरू कववेब तथा द एजले समेत प्रस्तुति दिएका थिए ।

## भिडियो कलाकारको भेला

नेपाल म्युजिक भिडियो कलाकार संघको पहिलो वार्षिक साधारणसभा सम्पन्न भएको छ । सभामा नेपाली गीत-संगीतका विभिन्न विधाका कलाकार तथा म्युजिक भिडियोसँग सम्बन्धित कलाकारहरूको उपस्थिति थियो । सभाले शंकर बीसीको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति चयन गरेको छ । संस्थाको उपाध्यक्षमा सम्झना बुढाथोकी, महासचिवमा महेन्द्र गौतम, सचिवमा सुनिल लामिछाने, कोषाध्यक्षमा बाबुराम बोहरा तथा सदस्यमा सिवन पोखरेल, रन्जिता गुरुङ, सारिका केसी, मन्जिता केसी, रश्मि तामाङ एवं विमल अधिकारी छानिएका छन् ।

## जापानमा एकल

गायक तथा संगीतकार चेतन सापकोटा जापानमा आयोजित एकल गायन कार्यक्रममा प्रस्तुत भएका छन् । जापानको सिनोकुवोस्थित सोलमारी मुरा हलमा चेतन सापकोटा एकल साँझमा प्रस्तुत हुँदै उनले आफ्ना लोकप्रिय गीतहरू प्रस्तुत गरेका थिए ।

## मंगोलियन हर्टको जन्मोत्सव

नेपाली पप ब्यान्ड मंगोलियन हर्टले स्थापनाको २५ औं जन्मोत्सव पोखरामा मनाएको छ । आठौं पोखरा महोत्सवमा प्रस्तुति दिन पोखरा आएको ब्यान्डले पोखराको अमर सिंह चौरमा दर्शकहरूमाझ जन्मोत्सव मनाएको हो । उक्त अवसरमा ब्यान्डका मुख्य भोकलिस्ट राजु लामाले केक काटेका थिए भने ब्यान्डको जन्मोत्सवलाई महोत्सव आयोजक युनाइटेड क्लब पोखराको साथ थियो ।

## रहेनन् मुनाल

संगीतकार विजयसिंह मुनालको निधन भएको छ । पारिवारिक घुमघामका क्रममा धनगढी पुगेका संगीतकर्मी मुनालको राति सुतेकै अवस्थामा निधन भएको थियो । मंगलबार बिहान पशुपति आर्यघाटमा उनको अन्तिम संस्कार गरिएको छ । विजय सिंह मुनालका पाँच दर्जनभन्दा बढी गीत रेडियो नेपालमा रेकर्ड भएका छन् भने रेडियो नेपाल बाहिर पनि उत्तिकै गीत रेकर्ड गरिएका छन् । कुनै बेला रेडियो नेपालमा कंगो बजाउने मुनाल स्टेज कार्यक्रममा समेत कंगो मास्टरका रूपमा देखा पर्थे ।

## कैदीबन्दीसँग कलाकार

झुम्कास्थित कारागारमा रहेका कैदीबन्दीहरूले राष्ट्रिय कलाकारहरूसँगै रमाइलो गरेर माघी पर्व मनाएका छन् । कारागार ब्लक एले आयोजना गरेको उक्त कार्यक्रममा राष्ट्रिय तथा स्थानीय ख्यातिप्राप्त कलाकारको नृत्य एवं गीतको प्रस्तुतिले कारागारका कैदीबन्दीलाई उत्साहित बनाएका थियो । कार्यक्रममा दीपाश्री निरौला, प्राश्ना शाक्य, सुमित खड्का, मीना निरौला, तारा लावती, टीका प्रसाईं, लेखराज गुरुङ, सुनसरीको नागी डान्स सेन्टरका कलाकार एवं कारागारमै स्थापित कर्माबाद ब्यान्डका कलाकारहरूले प्रस्तुति दिएका थिए ।

## फिल्मी डायरी



### शेरबहादुर तयार

चलचित्र शेरबहादुर प्रदर्शनका लागि तयार भएको छ। माघ १९ गतेदेखि प्रदर्शनमा आउने यो चलचित्रले यसै साता पत्रकार सम्मेलन आयोजित गर्दै पात्र परिचय गराएको छ। चलचित्रमा सुनिल थापाले शीर्ष भूमिका निर्वाह गरेका छन्। हलिउड चलचित्रबाट प्रभावित बताइएको आर राजवंशीद्वारा निर्देशित चलचित्र शेरबहादुरमा मेनुका प्रधान, रवीन्द्र झा आदि कलाकारले समेत अभिनय गरेका छन्।

### मिस्टर भर्जिनको इन्डक्ल्याप

चलचित्र मिस्टर भर्जिनको छायांकन सम्पन्न भएको छ। अभिनेत्री छुल्ठिम गुरुङको आइटम डान्सको छायांकनसँगै यो चलचित्रको इन्डक्ल्याप भएको हो। विशारद बस्नेतद्वारा निर्देशित चलचित्र मिस्टर भर्जिनमा गौरव पहारी तथा मरिष्का पोखरेल मुख्य भूमिकामा छन्।

### साली कस्को भेनाको

चलचित्र साली कस्को भेनाको निर्माण हुने भएको छ। यसै साता चितवनमा शुभमुहुर्त गरिएको उक्त चलचित्रका लागि मरिष्का पोखरेल तथा देव सागर बिसीले मुहूर्त सट दिएका थिए। भद्र भुजेलले निर्देशन गर्ने यो चलचित्रमा मरिष्का र देवसहित विल्सन विक्रम राई, सुष्मा कार्की, बुद्धि तामाङ, रवि गिरी आदि कलाकारले अभिनय गर्नेछन्।

### ह्याप्पी डेजको मिति

माघ १२ गतेलाई प्रदर्शन मिति निश्चित गरेको चलचित्र ह्याप्पी डेज अब चैत १६ गते मात्र प्रदर्शनमा आउनेछ। बलिउडका दुई ठूला चलचित्र समेत माघ १२ गते नै प्रदर्शन हुने भएपछि आफ्नो चलचित्र दुई महिनापछि सारिएको निर्देशक मिलन चाम्स बताउँछन्। यो चलचित्रमा दयाहाङ राई, प्रियंका कार्की, सञ्जय गुप्ता, दीया पुन, बिक्की जोशी, शिशिर राणा आदि कलाकारले अभिनय गरेका छन्।

### जन्मदिनको उपहार

निर्देशक विशाल भण्डारीले आफ्नो जन्मदिनको उपहारमा सिक्वेल चलचित्र निर्देशन गर्ने जिम्मेवारी पाएका छन्। निर्मात्री केकी अधिकारीले पोस्ट प्रोडक्सनमा रहेको चलचित्र कोहलपुर एक्सप्रेसको सिक्वेल अर्थात् कोहलपुर एक्सप्रेस-२ को निर्देशन पनि भण्डारीले नै गर्ने घोषणा गरेकी हुन्। वैशाख १४ गतेदेखि प्रदर्शनमा आउने कोहलपुर एक्सप्रेसमा केकी अधिकारी, प्रियंका कार्की, ऋचा शर्मा, विनोद न्यौपाने, बुद्धि तामाङ, रविन्द्र झा, कुशाग्र भट्टराई आदि कलाकारले अभिनय गरेका छन्।

### पौडेलको प्रतिमा

चलचित्रकर्मी उद्धव पौडेलको पूर्णकदको प्रतिमा निर्माण हुने भएको छ। नेपाल चलचित्र विकास कम्पनी (एनएफडिसी) को २४ औं वार्षिक साधारणसभाले पौडेलको सम्मानमा प्रतिमा निर्माण गर्ने घोषणा गरेको हो। पौडेल एनएफडिसीका पूर्व अध्यक्ष हुन्।

### दार्जिलिङमा पल र आँचल

अभिनेता पल शाह तथा अभिनेत्री आँचल शर्माले दार्जीलिङमा न्यानो स्वागत पाएका छन्। दार्जीलिङ प्रहरीले आयोजना गरेको म्याराथनमा उनीहरू अतिथिका रूपमा सहभागि थिए। शाह र शर्माको जोडीलाई स्वागत गर्न हजारौं नेपाली भाषी सडकमा ओर्लिएको बताइन्छ। प्रहरीलाई उनीहरूलाई स्कर्टिङ गरेर होटलसम्म पुर्‍याउन हम्मे-हम्मे परेको थियो।

### पण्डित बाजेको लौरी

चलचित्र पण्डित बाजेको लौरी निर्माण हुने भएको छ। काठमाडौंमा आयोजित एक समारोहमा दीपक ओलीले निर्देशन गर्ने उक्त चलचित्रमा भोलाराज सापकोटा, प्रवीण खतिवडा, विजय बराल, प्रमोद अग्रहरी, मरिष्का पोखरेल, सन्ध्या केसी आदि कलाकारले अभिनय गर्ने जानकारी गराइयो।

### उपचारमा सहयोग

मृगौला तथा मधुमेह रोगबाट पीडित चलचित्र प्राविधिक इन्द्र लामाको उपचारका लागि नेपाल चलचित्र प्राविधिक संघको अगुवाइमा संकलित १ लाख २३ हजार रुपैयाँ प्रदान गरिएको छ। अभिनेता राजेश हमालले एक समारोहबीच लामालाई उक्त रकम हस्तान्तरण गरेका हुन्।

### नालापानीका कलाकार

सन् १८१४ मा देहरादूनस्थित नालापानी गढीमा भएको अंग्रेज-नेपाल युद्धमा नेपाली फौजका तर्फबाट वीर बलभद्र कुँवरले लडेको ऐतिहासिक लडाइँमा आधारित चलचित्र नालापानीका लागि रंगमञ्चका कलाकारहरूको अडिसन लिइएको छ। यो चलचित्रको निर्देशन रिमेश अधिकारीले गर्दैछन्। यो चलचित्रमा अर्जुनजंग शाही, नवल खड्का, मनोज शाक्य, पुजना प्रधान, इशान बिजु श्रेष्ठ, हिक्मत थपलिया, जनक बर्तौला, विशाल श्रेष्ठ, गीता अधिकारी आदि कलाकारले समेत अभिनय गर्दैछन्।

## विमोचन/प्रिमियर



**हिमालको भिडियो** : गायक हिमाल सागरको नआउ तिमी गीतको भिडियोमा अभिनय गर्दै अभिनेत्री सारा शिर्पाली तथा मोडल रवि सिंह।

### पश्चिम रुन्छ महाकाली

सन्तोष श्रेष्ठद्वारा संगीतबद्ध पश्चिम रुन्छ महाकाली शीर्षकको राष्ट्रिय गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ। गायक शिव परियारको स्वरको उक्त भिडियोमा राष्ट्रकवि माधवप्रसाद घिमिरेसहित प्राज्ञ ज्योतिप्रकाश, गायिका सारिका घिमिरे, कलाकार निर्मल शर्मा, सञ्चारकर्मी सुमन बैरागी आदिले अभिनय गरेका छन्।

### जुनाको ताराबाजी

गायिका जुना प्रसाईंले ताराबाजी लैलै गीतको म्युजिक भिडियो सार्वजनिक गरेकी छिन्। दीपक शर्माद्वारा संगीतबद्ध उक्त गीतको भिडियोलाई युवराज वाइबाले निर्देशन गरेका हुन्, जसमा केशव भट्टराई, रश्मि भट्ट आदि कलाकारले अभिनय गरेका छन्।

### आँसुको अर्थ

गायक शिव परियारको स्वरको आँसुको अर्थ...गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ। निकेश खड्काद्वारा निर्देशित उक्त भिडियोमा आकाश श्रेष्ठ तथा स्वस्तिमा खड्काले अभिनय गरेका छन्।

## पोस्टर/ट्रेलर



### होलिडेका तस्बिर

वसन्त निरौलाद्वारा निर्देशित चलचित्र होलिडेका तस्बिरहरू सार्वजनिक भएका छन्। युरोपमा छायांकन गरिएको उक्त चलचित्रमा गौरव पहारी, पवित्रा आचार्य, बुद्धि तामाङ, श्याम श्रेष्ठ, बेनी ढुंगाना आदि कलाकारले अभिनय गरेका छन्।

### इज इट लभ

चलचित्र लिलिबिलीको इट इट लभ गीतको भिडियो सार्वजनिक भएको छ। स्कटल्यान्डमा छायांकन गरिएको उक्त गीतमा अभिनेता प्रदीप खड्का तथा अभिनेत्री जसिता गुरुङलाई प्रस्तुत गरिएको छ। सार्वजनिक भएको दुई दिनमै युट्युब ट्रेन्डिङको पहिलो नम्बरमा पुग्न सफल यो गीतमा एलिस कार्कीको संगीत छ भने प्रदाप दास र मेलिना राईको स्वर रहेको छ।

### बम्पर उपहार

फागुन २५ मा प्रदर्शनमा आउने चलचित्र मंगलमको बम्पर उपहार शीर्षकको गीतको भिडियो सार्वजनिक भएको छ, जसमा प्रमोद खरेलको स्वर, दीपक शर्माको संगीत तथा लेखु सहयात्रीको शब्द सुन्न सकिन्छ। यो गीतमा पृथ्वीराज प्रसाईं तथा शिल्पा पोखरेलले नृत्य गरेका छन्।

### उड्यो मन

फागुन १८ गते प्रदर्शनमा आउने चलचित्र ब्लाइन्ड रक्सको उड्यो मन गीतको भिडियो सार्वजनिक भएको छ, जसमा अभिनेत्री बेनिशा हमालले नृत्य गरेकी छिन्। हरि लम्सालद्वारा संगीतबद्ध यो गीतमा बानिका प्रधानको स्वर सुन्न सकिन्छ।

### सुपारी काँचो

देवकुमार श्रेष्ठद्वारा निर्देशित चलचित्र नेप्टेको सुपारी काँचो गीतको भिडियो सार्वजनिक भएको छ। ओम सुनार तथा सावित्री जोशीको स्वरको यो गीतमा भानुभक्त ढकालको शब्द तथा सुनारकै संगीत सुन्न सकिन्छ। गीतमा छुल्ठिम गुरुङ, रोहित रुम्बा, बुद्धि तामाङ, पूर्णिमा लामा, प्रनिशा सिलवाल, ए गुरुङ आदि कलाकारले नृत्य गरेका छन्।

# २०१८ मा बलिउडको सम्भावित भिडन्त

एक वर्षमा ५२ वटा शुक्रबार भए पनि बलिउडमा सयौं चलचित्र प्रदर्शन हुन्छन् । हरेक हप्ता एक-दुई मात्र होइन, थुप्रै चलचित्र एक-अर्कासँग जुधिरहेका हुन्छन् । यद्यपि बहस त्यतिबेला चर्को हुन्छ जब दुई ठूला स्टारका चलचित्र जुध्छन् । वर्ष २०१८ मा केही लोकप्रिय अभिनेता-अभिनेत्रीबीच प्रतिस्पर्धा हुने निश्चित भैसकेको छ । उनीहरूले अभिनय गरेका चलचित्र एकै दिन प्रदर्शन हुने भएपछि प्रतिस्पर्धा कडा हुने देखिएको हो । प्रदर्शन मितिका आधारमा केही रोचक भिडन्त यस्तो छ :

१५ जुन

### रेस-३ भर्सेस फन्ने खाँ

**(सलमान खान भर्सेस ऐश्वर्या राय बच्चन)**

वर्ष २०१८ मा सबैभन्दा रोचक भिडन्त कुनै बेलाका प्रेमी-प्रेमिका अर्थात सलमान खान तथा ऐश्वर्या राय बच्चनका बीच हुने निश्चित छ । सलमानको रेस-३ तथा ऐश्वर्याको फन्ने खाँ एकै दिन प्रदर्शनमा आउँदैछन् । जहाँ एकातिर सलमानले इदका अवसरमा आफ्नो नयाँ चलचित्र प्रदर्शन गर्ने कुरालाई परम्परा नै बनाइसकेका छन् भने अर्कातिर ऐश्वर्याले पनि त्यही दिन आफ्नो नयाँ चलचित्रको प्रदर्शन मिति निश्चित गराएकी छिन् । सलमानको रेस-३ मल्टि-स्टारर चलचित्र हो । ऐश्वर्याको फन्ने खाँमा अनिल कपुर तथा राजकुमार रावजस्ता दिग्गज कलाकार पनि छन् । यो प्रतिस्पर्धामा कसले बाजी मार्छ ? यी चलचित्र प्रदर्शनपछि नै थाहा हुनेछ ।






७ नोभेम्बर

### ठग्स अफ हिन्दोस्तान भर्सेस टोटल धमाल

**(आमिर खान भर्सेस अजय देवगण)**

अर्को वर्षको दीपावलीका लागि धेरै पहिलेदेखि नै चलचित्र ठग्स अफ हिन्दोस्तान प्रदर्शन हुने घोषणा गरिसकिएको थियो । उक्त चलचित्रमार्फत धूम-३ को टिम अर्थात् आमिर खान, कट्रिना कैफ, यशराज फिल्म्स तथा विजयकृष्ण आचार्य पुन: एकपटक दर्शकमाझ आउनेछन् । यो चलचित्रमा अमिताभ बच्चन पनि प्रभावकारी भूमिकामा देखिनेछन् । अर्कातिर धमाल श्रृंखलाको नयाँ चलचित्र टोटल धमाल पनि दीपावलीकै अवसर पारेर प्रदर्शनमा हुने भएको छ । इन्द्र कुमारको यो चलचित्रमा अजय देवगणका साथमा अनिल कपुर तथा माधुरी दीक्षित मुख्य भूमिकामा प्रस्तुत हुनेछन् ।






२१ डिसेम्बर

### शाहरूख खानको अनाम चलचित्र भर्सेस टेम्परको रिमेक

**(शाहरूख खान भर्सेस रणवीर सिंह)**

वर्ष २०१८ को क्रिसमस पनि रोमाञ्चक हुने निश्चित छ । आनन्द एल रायको नयाँ चलचित्रमा शाखरुख खानले पुड्को व्यक्तिको चरित्र निर्वाह गरिरहेका छन् । शाखरुखसँग कट्रिना कैफ तथा अनुष्का शर्मा पनि छन् । यो चलचित्रको चर्चा नै लामो समयदेखि भैरहेको छ । चलचित्रको शीर्षक भने निश्चित गरिएको छैन । अर्कातिर यही मीतिमा रोहित शेट्टीको नयाँ चलचित्र प्रदर्शन हुने भएको छ, जसमा रणवीर सिंह मुख्य भूमिकामा रहनेछन् । शेट्टीले टेम्पर चलचित्रको रिमेक बनाइरहेका हुन् । अर्को एउटा समाचारअनुसार निर्देशक अभिषेक कपूरले आफ्नो चलचित्र केदारनाथ पनि यही मितिमा प्रदर्शन गर्ने सम्भावना छ ।





२७ अप्रिल

### बागी-३ भर्सेस मणिकर्णिका : द क्विन अफ झाँसी

**(टाइगर श्राफ भर्सेस कंगना रणावत)**

क थयो । टाइगर यतिबेला उक्त चलचित्रको सिक्वेलमा काम गरिरहेका छन् । साजिद नाडियाडवालाको यो एक्सन-इन्टरटेनिङ चलचित्रबाट धेरैले आशा गरेका छन् । अर्कातिर अभिनेत्री कंगना रणावत पनि चलचित्र मणिकर्णिका : द क्विन अफ झाँसीका लागि निकै मेहनत गरिरहेकी छिन् । यो चलचित्र निर्देशन गब्बर इज ब्याकका निर्देशक क्रिशले गरिरहेका छन् । टाइगर र कंगनाबीचको प्रतिस्पर्धा पनि हेर्न लायक हुनेछ ।

१३ अप्रिल

### २.० भर्सेस अक्टुबर

**(रजनीकान्त भर्सेस वरुण धवन)**

वरुण धवन दर्शकलाई मन पर्ने अभिनेता त हुन्, यद्यपि सुपरस्टारको श्रेणीमा उनी अझै पुग्न सकेका छैनन् । यस्तो अवस्थामा जब उनको एक मात्र होइन, दुई सुपरस्टारसँग भिडन्त भयो भने त्यसले निश्चय पनि राम्रो नतिजा दिनेछैन । वरुण धवनको आगामी चलचित्र अक्टुबर अप्रिल १३ का दिन प्रदर्शन हुने निश्चित छ । त्यही मितिमा रजनीकान्त तथा अक्षय कुमारको साइन्स फिक्सन २.० पनि जनवरीबाट अघि बढेर अप्रिल १३ कै दिन प्रदर्शन हुने सम्भावना छ । त्यसो त वरुणले अहिलेसम्म तीनवटा अत्यधिक सफल चलचित्र दिएर ट्रिपल हयाटिङक गरिसकेका छन् । आशा गरौं, उनको नयाँ चलचित्र पनि सफल हुनेछ ।

### सम्भावना बोकेका चलचित्रको बजेट

- शाहरूख खानको शीर्षक राख्न बाँकी रहेको चलचित्र । बजेट : २ अर्ब ४० करोड नेपाली रुपैयाँ ।
- दीपिका पादुकोण, रणवीर सिंह तथा शाहिद कपुरको चलचित्र पद्मावती । बजेट ३ अर्ब २० करोड नेपाली रुपैयाँ ।
- अक्षय कुमार, रजनीकान्त, एमी ज्याक्सन अभिनीत चलचित्र २.० । बजेट : ७ अर्ब २० करोड नेपाली रुपैयाँ ।
- सलमान खान, ज्याकलिन फर्नान्डिज तथा बबी देओल अभिनीत चलचित्र रेस-३ । बजेट : १ अर्ब ६० करोड नेपाली रुपैयाँ ।
- अमिताभ बच्चन, आमिर खान तथा फातिमा सना शेख अभिनीत चलचित्र ठग्स अफ हिन्दोस्तान । बजेट : ३ अर्ब ३५ करोड नेपाली रुपैयाँ ।
- रणवीर कपुर, दिया मिर्जा तथा मनिषा कोइराला अभिनीत सञ्जय दत्तको बायोपिक चलचित्र । बजेट : २ अर्ब ४० करोड नेपाली रुपैयाँ ।
- अजय देवगण, इलियाना डिक्रुज तथा सौरभ शुक्ला अभिनीत चलचित्र रेड । बजेट : १ अर्ब नेपाली रुपैयाँ ।

मलाई मनपर्छ



● भुवन केसी, अभिनेता

# भुवन केसीको फेबरेट डेस्टिनेसन

अभिनेता भुवन केसीलाई सदाबहार अभिनेता पनि भनिन्छ । छोरा अनमोल केसी नै अभिनेताका रूपमा स्थापित भैसक्दा समेत भुवन केसीको क्रेज उत्तिकै छ । अहिले अभिनयभन्दा चलचित्र निर्माणमा बढी केन्द्रित भुवन माघ २६ गते प्रदर्शन हुने चलचित्र कृको प्रचार-प्रसारमा खटिएका छन् । यसबीच अफ्रिकाबाहेक विश्वका अधिकांश देशको भ्रमण गरिसकेका यी अभिनेताले साप्ताहिकमार्फत आफूलाई मनपर्ने घुम्ने ठाउँ अर्थात् फेबरेट डेस्टिनेसनका सम्बन्धमा बेलिबिस्तार लगाएका छन् । भुवनले आफ्ना फेवरेट डेस्टिनेसनलाई स्वदेश तथा विदेश गरी दुई भागमा वर्गीकरण गरेका छन् ।

## स्वदेश

### पोखरा

विश्वको जति नै सुन्दर ठाउँ पुगे पनि आफ्नै देशको पोखरा अल टाइम फेवरेट । मैले पोखराको भ्रमण कति पटक गरें भन्ने कुरा गन्नै छाडिसकें । समर होस् अथवा विन्टर, झरी होस् वा बादल, मलाई पोखरा हरेक मौसममा उत्तिकै प्यारो छ । म कसैले कहाँ घुम्न जाने भनेर सोध्यो भने पोखरा नै भन्छु ।

### जोमसोम

पोखराबाट अघि बढेपछि पुग्न सकिने अर्को रमणीय स्थल हो- जोमसोम । मध्य जाडोमा जोमसोम पुग्न गाह्रो हुन्छ, यद्यपि अन्य मौसममा जोमसोम स्वर्ग नै हो । म प्रायः बिदा मनाउन जोमसोम नै पुग्छु ।

### अपर मुस्ताङ

जोमसोमबाट अझै अघि बढेपछि पुगिने रमणीयस्थल हो- अपर मुस्ताङ । हिमाली श्रृंखलालाई नजिकबाट नियाल्न सकिने यो स्थलबाट देखिने ल्यान्डस्केपको बेग्लै मज्जा छ । अहिले अपर मुस्ताङ चलचित्र छायांकनस्थलका रूपमा समेत विकसित भैरहेको छ ।

### धनकुटा

पूर्वी नेपालको पहाडी जिल्ला धनकुटाको सौन्दर्यले मलाई पनि लोभ्याएको छ । काठमाडौंबाट अलि टाढा पर्ने भएकाले चाहेको बेला धनकुटा पुग्न सकिँदैन, यद्यपि पूर्वी नेपालको भ्रमणका क्रममा म भेडेटार हुँदै धनकुटा नपुगी फर्किन्न । त्यहाँको प्राकृतिक सौन्दर्य, हावापानी तथा खानपान मलाई असाध्यै मनपर्छ ।

### सौराहा

चितवनको सौराहा त्यसै पनि पर्यटकीय स्थलका रूपमा लोकप्रिय छ । काठमाडौंमा चिसो बढेपछि जाडो छल्नकै लागि सौराहा पुगौं-पुगौं लाग्छ । सौराहा तराईको जनजीवन नियाल्न मात्र होइन जंगल सफारीका लागि समेत प्रख्यात छ । गर्मी मौसममा समेत नारायणी किनारमा बसेर सूर्यास्तको दृश्य नियाल्न पाउँदा रमाइलो लाग्छ ।

## विदेश

### जुरिच

युरोपका विभिन्न देशमध्ये स्विट्जरल्यान्डको आफ्नै विशेषता छ । विश्वकै प्रमुख टुरिस्ट डेस्टिनेसन स्विट्जरल्यान्डको जुरिच सहरको सौन्दर्य शब्दमा वर्णन गर्न सकिँदैन ।

### हवाइ

अमेरिकाको सबैभन्दा नयाँ राज्य (पचासौं) हवाइ प्राकृतिक सौन्दर्यका लागि प्रख्यात छ । अमेरिकाका प्रायः सबै राज्यको भ्रमण गरे पनि मलाई हवाईको सौन्दर्यले लट्ठ बनायो । समुद्री किनार, चट्टान, घाँसे मैदानसहितको यो सहर पर्यटकीय दृष्टिकोणले समेत उत्कृष्ट छ ।

### ब्रिसबेन

अस्ट्रेलियाका थुप्रै ठूला सहरमध्ये मलाई ब्रिसबेनले आकर्षित गरेको छ । प्राकृतिक सौन्दर्य, समुद्री किनार तथा हरियाली ब्रिसबेन सहरका विशेषता हुन् ।

### हङकङ

एसियाली मुलुकहरूमा मलाई हङकङ सबैभन्दा प्यारो लाग्छ । हङकङको नाइट लाइफ लोभलाग्दो छ । हङकङ पुगेपछि दिन बितेको समेत पत्तो पाइँदैन ।

प्रस्तुति : कृष्ण भट्टराई




बलिउड कन्सर्ट

# सुरज डुबा है

बलिउड गायिका अदिति सिंह शर्मा काठमाडौंमा प्रस्तुत हुँदैछिन् । दिल हुवा बेसरम, सौ तरहके, हाइ हिल्स, ओए ओए, बेफिक्रे, सुरज डुबा है, ओफ्फो, धुम मचाले जस्ता गीतकी यी गायिकाले दुई साँझ काठमाडौंका श्रोतालाई दिनेछिन् ।

**मिति** : माघ १० र ११ गते
**स्थान** : कर्मा लाउन्ज एन्ड बार, त्रिपुरेश्वर
**समय** : साँझ ७ बजे






विकेन्ड खानपिन

# मोमोज एन्ड मोर

गेटवे बिएचएमले भोलि शनिबार आगन्तुकहरूलाई तात्तातो मःमको स्वाद चखाउने भएको छ । हरेक वर्ष आयोजना हुने मोमोज एन्ड मोर फुड फेस्टिभलको यो तेस्रो श्रृंखला हो । उक्त फेस्टिभलमा सांगीतिक प्रस्तुतिसहित मःमका विभिन्न १५ भेराइटीका साथ ककटेल, स्न्याक्स, केक तथा पेस्ट्री आदिको स्वाद लिन पाइनेछ । प्रत्येक टिकटमा एक प्लेट मःम उपलब्ध हुने यो फेस्टिभलमै यो शनिबारको बिदा मनाउने हो कि ?

**मिति** : माघ ६ गते शनिबार
**स्थान** : गेटवे कलेज परिसर, वसुन्धरा
**समय** : दिउँसो १२ बजे



चितवन लाइभ



# कुन्ति मोक्तान लाइभ इन चितवन

चर्चित गायिका कुन्ति मोक्तानले चितवनका दर्शकलाई आफ्ना गीत सुनाउँदैछिन् । कुन्ति मोक्तानका गीतको प्रशंसक हुनुहुन्छ भने उनलाई भेट्ने र सुन्ने अवसर यही हो ।

**मिति** : माघ ७, आइतबार
**स्थान** : ग्राउन्ड जिरो, लायन्स चोक, नारायणघाट
**समय** : साँझ ७ बजे

विकेन्ड स्ट्यान्डअप




# कमेडी बेल्स

नेपालमा स्ट्यान्डअप कमेडीको प्रस्तुति खासै हुने गरेको छैन । भए पनि कुनै कार्यक्रममा त्यस्ता प्रस्तुति सहायक रूपमा मात्र समेटिन्छ । भोलि शनिबार भने स्ट्यान्डअप कमेडी रुचाउनेहरूका लागि कमेडी बेल्स एउटा गतिलो गन्तव्य हुनसक्छ । स्ट्यान्डअप कमेडीका नयाँ पुस्ता रजिना श्रेष्ठ, आयुष श्रेष्ठ, साजन श्रेष्ठ, अस्तित्व अधिकारी तथा फिडोर इकरेलले भोलिको साँझलाई रमाइलो बनाउने तयारी गरेका छन् ।

**मिति** : माघ ६ गते शनिबार **स्थान** : विन्डबेल रेस्ट्रो एन्ड लाउन्ज, हात्तीसार
**समय** : साँझ ६ बजे

पोखरा लाइभ



# पोखरामा सविन राई

भोली पुस ६ गते शनिबार पोखरामा सविन राई एन्ड द फारोह ब्यान्डको कन्सर्ट हुँदैछ । पोखरा नयाँ बजार प्रदर्शनी केन्द्रमा जारी राष्ट्रिय औद्योगिक व्यापार मेलामा शनिबारसाँझ ५ बजे यो कन्सर्ट सुरु हुने बताइएको छ । राईका साथ राजनराज शिवाकोटी र मिलन अमात्यले समेत प्रस्तुति दिनेछन् । मेलामा आज शुक्रबार साँझ काठमाडौंका मोडलहरूको सहभागितामा फेसन शो हुँदैछ ।




# अविनाश घिसिङले पोखरा घन्काउने

पप गायक अविनाश घिसिङले भोलि माघ ६ गते शनिबार पोखरा घन्काउने भएका छन् । सोनाम ल्होसारको अवसरमा वैदाम तामाङ समाजले आयोजना गर्ने ल्होसार म्युजिक फेस्टिभलको मुख्य आकर्षणका रूपमा प्रस्तुत हुन लागेका घिसिङले आफ्ना चर्चित गीतहरू सुनाउनेछन् । अविनाशसँगै गायिका सोनिका लामा केसीसमेत प्रस्तुत हुनेछिन् । ल्होसारसम्बन्धी सांस्कृतिक कार्यक्रमले यो फेस्टिभलको रौनक थप्नेछ । यही कार्यक्रममा तेस्रो मिस तामाङ पोखराको विजेतासमेत छानिनेछिन् ।


# लाहुरेसँग नेपहपको स्वाद

न्यापर्स आशिष राना लाहुरेको प्रस्तुति आज माघ ५ गते शुक्रबार उनकै गृहनगर पोखरामा हुँदैछ । पोखराको अम्मरसिंह चौरमा जारी आठौं पोखरा महोत्सवमा लाहुरेले आफ्नो ब्यान्डका साथमा मनोरञ्जन प्रदान गर्नेछन् । उनले साँझ ६ बजेपछि सुरु हुने कार्यक्रममा आफ्ना नयाँ तथा पुराना गीत सुनाउदै पोखरेली दर्शकलाई नेपहपको स्वाद चखाउनेछन् । महोत्सवमा भोलि भी-टेनको प्रस्तुति रहनेछ ।



चलचित्र

# पिंजडा ब्याक अगेन



**संगीत :** वसन्त सापकोटा, अर्जुन पोखरेल, राजनराज शिवाकोटी
**निर्देशक :** हिमाल केसी **कलाकार :** निखिल उप्रेती, सारा शिर्पाली, सुस्मिता केसी, कुशाग्र भट्टराई, पुकार भट्टराई, ज्याक श्रेष्ठ आदि ।

डेढ दशकअघि निखिल उप्रेतीले चलचित्र 'पिँजडा'बाट अभिनेताका रूपमा आफ्नो करियर थालेका थिए । त्यतिबेला कान्तिपुर पब्लिकेसन्सको सातौं तलाबाट फाल हालेर साहसिक स्टन्ट गरेका निखिलले त्यसपछि आफुलाई 'एक्सन हिरो'कै रूपमा स्थापित गर्दै लगे । बीचमा केही समय हराएपछि अहिले उनले नेपाली चलचित्रलाई निरन्तरता दिइरहेका छन् । निखिलको पहिलो चलचित्र 'पिंजडा'(लाई सम्झाउने गरी द्वन्द्व निर्देशक हिमाल केसीको निर्देशनमा चलचित्र 'पिंजडा ब्याक अगेन' निर्माण गरिएको छ । आज शुक्रबारदेखि देशभर प्रदर्शन हुने चलचित्र 'पिँजडा ब्याक अगेन'मा निखिलको एक्सन अवतार हेर्न पाइन्छ । सारासंग प्रेम विवाह गरेका निखिल गाउँको घरमा बस्छन् । उनीहरूका एक छोरा पनि छन् । अन्याय-अत्याचारविरोधी निखिलको जीवनमा खलपात्रहरूले विष घोल्ने काम गर्छन् । परिवारसँग अलग हुनुपर्ने बाध्यता सिर्जना हुन्छ । अन्ततः खलपात्रहरूको मनोकांक्षा पूरा हुन नदिन निखिलले एउटा ठूलो लडाइँ लड्छन् । मौनता श्रेष्ठद्वारा लिखित चलचित्र 'पिंजडा ब्याक अगेन'लाई सौरभ लामाले खिचेका हुन् भने यसलाई बनिश शाह तथा मिलन श्रेष्ठले सम्पादन गरेका छन् ।

# लालपुर्जा



**निर्देशक :** निगम श्रेष्ठ **संगीत :** जेसन कुँवर
**कलाकार :** सौगात मल्ल, विपिन कार्की, हरिहर शर्मा, कामेश्वर चौरसिया, मेनुका प्रधान, कुमार नगरकोटी, मेरुना मगर, कमलमणि नेपाल आदि ।

एउटा काल्पनिक मितेरी गाउँका बासिन्दा हुन्– सौगात मल्ल र विपिन कार्की । मितेरी गाउँलाई बेसक्याम्प बनाएर पर्यटकहरू अक्षरगञ्जको पहाड उक्लन जान्छन् । गाउँमा भनाइ छ कि अक्षरगञ्जको पहाड पापीहरूले चाहिँ उक्लन सक्दैनन् । पापीहरूले उक्लन खोजे चिप्लेर खस्छन् । मितेरी गाउँ रमाइलो छ । कोही कसैको मीत त कोही कसैको । मीतैमीतहरूको रमाइलो गाउँमा सौगात र विपिन सौतेनी दाजुभाइ हुन्छन् । सौगात आफ्नो साथी कामेश्वरसँग गाउँमा मस्ती गर्दै हिंड्छ । उसले गाउँमा आएकी एउटी युवती मेरुना मगरलाई औंधी मन पराउँछ । अर्कातर्फ विपिन आफ्नी श्रीमती मेनुका श्रेष्ठसँग खुसी छ । सौगात र विपिन एक-अर्कालाई देखिसहँदैनन् । उनीहरूको झगडाले गाउँमा बेलाबखत तनाव सिर्जना गर्छ । आज शुक्रबारदेखि प्रदर्शनमा आउने फरक कथा बोकेको चलचित्र 'लालपुर्जा'का निर्देशक निगम श्रेष्ठले यसअघि चलचित्र 'छड्के' निर्देशन गरेका थिए । यसपटक उनले गाउँले कथामा चलचित्र तयार पारेका छन् ।

रंगमञ्च

# चिसो भऱ्याङ र राजेन्द्रलक्ष्मी



राजधानीमा दुई नाटक 'चिसो भऱ्याङ' र 'राजेन्द्रलक्ष्मी' को मञ्चन सम्पन्न भएको छ । अनामनगरस्थित मण्डला थिएटरमा मञ्चित 'चिसो भऱ्याङ' मा सन्दीप श्रेष्ठको लेखन तथा निर्देशन थियो, जसमा एक किशोरीको सानो गल्तीले गर्दा सम्बन्ध र विश्वासमा आउने चिसोपनलाई उठान गरिएको थियो भने बत्तीसपुतलीस्थित शिल्पी थिएटरमा ऐतिहासिक नाटक 'राजेन्द्रलक्ष्मी' मञ्चन गरियो । नाटककार प्रचण्ड मल्लद्वारा लिखित उक्त नाटकको निर्देशन प्रदीप खड्गीले गरेका थिए ।

ग्यालरी

# सुनैनाको समानता



मिथिला कलामार्फत महिला समानताको आवाज उठाउँदै आएकी कलाकार सुनैना ठाकुरको दोस्रो एकल चित्रकला प्रदर्शनी 'समानता' बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा चलिरहेको छ । पहिलो एकल चित्रकला प्रदर्शनी अमेरिकामा गरेकी कलाकार ठाकुरको यो प्रदर्शनीमा २८ चित्र राखिएका छन् । प्रदर्शनी माघ ६ गतेसम्म चल्ने बताइएको छ ।

# गोरूजुधाइ संस्कृति


विष्णु तारुके

नुवाकोट, धादिङतिर माघे संक्रान्तिमा गोरू जुधाउने चलन वर्षौंदेखि चलिआएको छ । गोरू जुधाउने चलनलाई २०६२ सालदेखि तारूकाले व्यवस्थित रूप दियो भने अहिले यसको चर्चा देश-विदेशमा समेत छ । यो वर्ष पनि नुवाकोटका तीन स्थान गोरू जुधाईलाई निरन्तरता दिइयो । तारकेश्वर गाउँपालिका- ३ तारूकामा २० हल, विदुर नगरपालिका-१० बेत्रावतीमा १० हल तथा पञ्चकन्या गाउपालिकाको घले भन्ज्याङमा ५ हला गोरू जुधाइएको थियो ।

तारूकामा माघे संक्रान्ति गोरूजुधाइ संरक्षण संस्था, बेत्रावतीमा गोसाइँकुण्ड युवा क्लबको आयोजना एवं पञ्चकन्यामा नब प्रतिभा युवा क्लबले मेलाका रूपमा गोरू जुधाएका थिए । बेत्रावती र तारूकाको गोरू जुधाईलाई नेपाल पर्यटन बोर्डले प्रवर्द्धन गरेको थियो ।







सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक



# सारा शिर्पाली

**२५ वर्षीया** अभिनेत्री सारा शिर्पाली यतिबेला उत्साहित छिन् । मोडलिङबाट चलचित्रमा आएकी साराले छोटो समयमै दर्शकहरूको मन जितेकी छिन् । पहिलो चलचित्र रूद्रमार्फत रजतपटमा पदार्पण गर्ने सारा चलचित्र पिंजडा ब्याक अगेनमार्फत दोस्रो पटक दर्शकमाझ पुग्दैछिन् । यसपटक उनी अभिनेता निखिल उप्रेतीको जोडीका रूपमा प्रस्तुत भएकी छिन् । वास्तविक जीवनमा शान्त स्वभावकी साराले यो चलचित्रमा परिस्थितिवश कसैको प्रेमिका, श्रीमती तथा आमा बन्नु परेको भूमिकालाई स्वभाविक रूपमा निर्वाह गरेकी छिन् ।

लामो समय बेलायत बसेर स्वदेश फर्किएकी सारा सिए क्लालिफाइड हुन् । चार्टड एकाउन्टेसीको अध्ययन पूरा गरे पनि उनी यतिबेला ग्ल्यामर क्षेत्रमा रमाइरहेकी छिन् । केही विज्ञापन तथा म्युजिक भिडियोमा समेत अभिनय गरिरहेकी सारा चलचित्र सुश्री सम्पत्तिमा समेत अनुबन्धित भैसकेकी छिन् । ५ फिट ५ इन्च अग्ली सारा फुर्सदमा कविता लेख्छिन् अनि संगीत सुन्छिन् । पुरानो बानेश्वर, काठमाडौंकी स्थायी बासिन्दा साराले अभिनेत्रीकै रूपमा स्थापित हुने लक्ष्य लिएकी छिन् ।

कृष्ण भट्टराई



तस्बिर : महेश प्रधान
लोकेसन : गोदावरी भिलेज रिसोर्ट, ललितपुर
पहिरन : सुनिता श्रेष्ठ
मेकअप : बिना पाण्डे

Log on to :
facebook
www.facebook.com\kantipursaptahik



# अब आफैं निर्देशक

चारवटा चलचित्र निर्माण गरिसकेकी निर्मात्री कृषा चौलागाईंका बारेमा भनाइ छ कि उनको आफ्ना चलचित्रका निर्देशकहरूसँग जम्दैन अर्थात् उनीसँग काम गरिसकेका निर्देशकहरू कहिल्यै उनका चलचित्रमा दोहोरिएनन्। केहीसँग उनको सम्बन्ध नै बिग्रिसकेको छ। यद्यपि आफ्नो आगामी चलचित्रका लागि कृषा केही अघिसम्म निर्देशककै खोजी गरिरहेकी थिइन्। सानै उमेरमा १२ वर्षअघि चलचित्र इन्साफ निर्माण गरेर निर्मात्रीका रूपमा चलचित्र क्षेत्रमा आएकी कृषाले त्यसपछि कसम हजुरको, के म तिम्रो साथी बन्न सक्छु निर्माण गरिन्, तर चलचित्र निर्माण एवं प्रदर्शनका दौरान तीनवटै चलचित्रका निर्देशक सोभित बस्नेत, रामराजा दाहाल तथा शबिर श्रेष्ठसँग उनको सम्बन्ध बिग्रियो। पछिल्लो चलचित्र 'पलाँस'को त छायांकन पूरा नहुँदै निर्देशक सुवास कोइरालासँग पानी बाराबारको स्थिति सिर्जना भयो। कृषा अब आफ्नो जीवनको पाँचौं चलचित्र निर्माण गर्दैछिन्। यसपटक भने कृषाले अरूलाई निर्देशक नलिएर आफैं उक्त चलचित्र निर्देशन गर्ने निधो गरेकी छिन्। 'मैले सही निर्णय गरेकी होइन त ?' कृषा शुभेच्छुकहरूसँग राय लिँदै थिइन्।



# सन्ध्याको आशा

अभिनेत्री सन्ध्या केसी मोडल तथा भिडियो जक्कीका रूपमा लोकप्रिय छिन्। टेलिभिजनको पर्दामा आकर्षक देखिने यी अभिनेत्री पछिल्लो समय चलचित्रमा आफ्नो भाग्य परीक्षण गरिरहेकी छिन्। यद्यपि सफलता भने हात लागेको छैन। पहिलो चलचित्र ड्रिम्समा सानो भूमिका निर्वाह गरे पनि उनी प्रसन्न पौडेलद्वारा निर्देशित चलचित्र कमलेको बिहेलाई अभिनेत्रीका रूपमा अभिनय गरेको पहिलो चलचित्र मान्छिन्। निर्माण सम्पन्न भएको लामो समय बितिसक्दा समेत उक्त चलचित्र प्रदर्शन हुने छाँटकाँट नदेखिँदा सन्ध्या केही निराश पनि छिन्। यसबीच पुसको दोस्रो साता सन्ध्याले अभिनय गरेको तेस्रो चलचित्र ह्याप्पी न्यू इयर प्रदर्शन त भयो, तर त्यसले दर्शकदेखि निर्मातासम्म कसैलाई पनि ह्याप्पी बनाउन सकेन। त्यसको प्रत्यक्ष प्रभाव सन्ध्याको करियरमा समेत पर्‍यो। अहिले सन्ध्या निर्देशक दीपेन्द्र के खनालको चलचित्र चंगाचेटमा अनुबन्धित भएकी छिन्। मुख्य भूमिकाका लागि छनोट भएकी सन्ध्या यो चलचित्रले भने आफ्नो करियर माथि पुर्‍याउने कुरामा आशावादी छिन्। त्यसो त उनी कमलेको बिहेबाट समेत उत्तिकै आशावादी देखिन्छिन्।

प्रश्नोत्तर

# अझ बढी डिमान्ड गर्छु



● विपिन कार्की, अभिनेता

**चलचित्र 'फनफनी'मा अभिनय गर्न १७ लाख रुपैयाँ लिनुभएको हो ?**

हो, एड्भान्स पनि लिइसकें। मैले १७ लाख रुपैयाँ मागे, उहाँहरूले दिनुभयो। अझ १७ लाख ५० हजार रुपैयाँ हुन्छ। मेरो हातमा १५ लाख रुपैयाँ पर्छ, बाँकी मैले ट्याक्स तिर्ने हो।

**धेरै लिएजस्तो लाग्दैन ?**

लाग्दैन, आउने चलचित्रहरूमा अझ बढी डिमान्ड गर्छु।

**त्यसो हो भने जोसँग ल्याकत छ, उसले मात्र विपिनलाई काम गराउन पाउने भयो हैन ?**

त्यसरी पनि नबुझौं। म अहिले १२ वटा स्क्रिप्ट पढिरहेको छु। ती सबैमा मलाई अफर गरिएको छ। सम्भवतः तीमध्ये एउटामा मात्र काम गर्छु। लिन सकेर मात्र हुँदैन। हरेक चलचित्रमा फरक रूपमा प्रस्तुत हुने चाहनाका कारण पहिले गरिसकेको भूमिकामा रिपिट हुन सक्दिनँ। चरित्र चित्त बुझ्यो भने मेरो पहिलो ध्यान पात्रको हाउभाउमै रहन्छ, अनि मात्र पारिश्रमिकको कुरा आउँछ।

**भनेपछि आइन्दा जो-कसैले पनि विपिनलाई आफ्नो चलचित्र काम गराउन २० लाखभन्दा बढी लिएर आउनुपर्‍यो ?**

म भूमिका पनि हेर्छु र सँगसँगै टिम पनि। सम्बन्धको कुरा बेग्लै छ। यदि मेरो भूमिका मैले चाहेजस्तो छ, टिम पनि राम्रो छ भने पारिश्रमिक घटाउँछु पनि। मेरो पारिश्रमिक कुनै एमआरपी रेटजस्तो होइन। कुनै चलचित्रमा १० लाख रुपैयाँभन्दा कममा पनि काम गर्न सक्छु। मैले मेरो गोरुको बाह्रै टक्का भनेको पनि छैन। म कलाकार हुँ, मलाई फरक खालको भूमिका चाहिरहन्छ।

**सेलिब्रेटीहरू आफूलाई सबैले सहजै चिनून्, अटोग्राफ लिऊन्, तस्बिर खिचाउन् भन्ने चाहन्छन्। तपाईं भने नचिनिने गरी हिँड्नु हुन्छ, किन ?**

दर्शकले मलाई भन्दा मेरो भूमिका र अभिनय हेरून् भन्ने चाहना हो। चिनेर बोल्न आउनुभयो भने बोलिदिन्छु।

**आउने चलचित्रहरूमध्ये कुनबाट बढी आशा छ ?**

अब लालपुर्जा प्रदर्शन हुँदैछ। नाका र हरि पनि लाइनमा छन्। ती सबै चलचित्रमा म फरक ढंगमा प्रस्तुत भएको छु। त्यसैले सबैबाट आशा छ।

# ज्योति मगरले जिल्याइन्



गायिका ज्योति मगर आफ्ना विभिन्न कार्यमार्फत बेला-बेलामा चर्चामा आइरहन्छिन्। ज्योतिले स्टेज पर्फमेन्स दिँदा गर्ने अंग प्रदर्शन मात्र होइन उनले माइकबाट बोल्ने शब्द पनि सबैलाई सजिलै पचाउन गाह्रो हुन्छ। उनले गर्ने हर्कतका कारण पोखरामा उनलाई जथाभावी नबोल्न र अंग प्रदर्शन नगर्न कडाइ गरिएको छ। त्यसैले ज्योति पोखरा आउने कुरा थाहा पाएपछि प्रशासनले आयोजकहरूलाई सतर्कसमेत गरायो अनि अंग प्रदर्शन नगर्ने सर्तमा उनलाई स्टेजमा पठाइयो। स्टेजमा उनी टोपी, ज्याकेट र कालो वानपिसमा देखिइन्। वातावरण तात्दै गएपछि उनले ज्याकेट र टोपी फुकालिन् र वानपिसमा मात्र देखिइन्। ज्योतिको प्रस्तुतिमा लोकदोहोरी गायक प्रजापति पराजुलीले समेत साथ दिए। ज्योतिले निर्धक्क आफ्नो हट प्रस्तुति दिइन्, भन्नुपर्ने कुरा पनि भनिन्। ज्योति मगरमाथि चारैतिरबाट कडाइ गरिए पनि उनले आफ्नो प्रस्तुतिबाट सबैलाई जिल्याइन्। उनीमाथि निगरानी राख्नेहरूले समेत आफू जिल्लिएको पत्तो पाएनन्। रमाइलो कुरा त के भने राष्ट्रिय लोकदोहोरी गीत प्रतिष्ठान नेपालको विरोध गर्दै आएकी ज्योतिलाई पोखरामा भने लोकदोहोरी गीत प्रतिष्ठान अञ्चल कमिटी गण्डकीले जिम्मा लिएको कार्यक्रममा बोलाइएको थियो।



# अदितिको चिन्ता

चलचित्र कृ प्रदर्शनको तयारीमा छ । जतातत चलचित्रका अभिनेता अनमोल केसीको चर्चा चलिरहेको छ । चलचित्रको ट्रेलरदेखि गीतसम्म अनमोल नै हावी छन् । मोडल अदिति बुढाथोकी यही चलचित्रमार्फत अभिनयमा पदार्पण गर्दैछिन् । यद्यपि अनमोलको तुलनामा उनको चर्चा असाध्यै कम छ । सायद यही कुराले सताएकाले हुनसक्छ यो साताको प्रारम्भमा अदितिले एउटा पत्रकार सम्मेलन नै आयोजित गरिन्, जहाँ चलचित्र कृका अन्य कुनै पनि कलाकार तथा प्राविधिक उपस्थित थिएनन् । त्यसो त अदितिले पत्रकार सम्मेलनको प्रारम्भमै कुनै पनि चलचित्र पत्रकारसँग चिनजान नभएकाले चिनजान गर्दै आफ्ना कुरा राख्न चाहेको बताइन् । आफ्नो चलचित्रकी अभिनेत्रीले पत्रकार सम्मेलनको आयोजना गरेपछि चलचित्रका निर्माता, निर्देशक तथा अन्य कलाकार त्यहाँ उपस्थित हुने अपेक्षा अधिकांश पत्रकारको थियो । यद्यपि अपेक्षाविपरीत त्यहाँ अदितिमात्र प्रस्तुत भइन् । समारोहमा अदितिले आफूले मुम्बईमा मोडलिङ प्रारम्भ गरेको, दक्षिण भारतीय चलचित्रमा अभिनय गर्न लागेदेखि कृको छायांकनका क्रममा भएका रमाइला प्रसंगहरूका बारेमा जानकारी दिइन् । त्यसक्रममा उनले अनमोलको व्यक्तित्वको चर्चा गर्न भ्याइन् भने भविष्यमा प्रदीप खड्का तथा आशिरमान देशराज जोशीसँग अभिनय गर्न चाहेको समेत उल्लेख गरिन् ।



# ऋचाको आग्रह

हलिउड-बलिउड वा नेपाली चलचित्र कुनै अभिनेता तथा अभिनेत्रीले दुई-तीनवटा चलचित्रमा सँगै काम गर्नेबित्तिकै उनीहरूको नाम जोड्ने क्रम प्रारम्भ हुन्छ । उनीहरू एक-अर्काप्रति आकर्षित भए पनि नभए पनि, एक-अर्कालाई मन पराए पनि, नपराए पनि उनीहरूलाई जबर्जस्ती जोडी बनाउने काम हुन्छ । यतिबेला नेपाली चलचित्रमा एउटा यस्तै प्रयास भएको छ । यद्यपि नाम जोडिएकी अभिनेत्रीले त्यसको खण्डन गरिसकेकी छिन् । अभिनयमा प्रशस्त सम्भावना भएकी अभिनेत्री ऋचा शर्माले अभिनेता, निर्देशक तथा लेखक अर्पण थापासँग आफ्नो नाम

जोड्नुअघि हजार पटक सोच्न सञ्चारमाध्यमहरूसँग आग्रह गरेकी छिन् । 'उहाँ विवाहित हुनुहुन्छ । उहाँसँग कसैको नाम जोड्नुअघि हजार पटक सोच्नुहोला । पटक-पटक सँगै काम गर्नुका पछाडि धेरै कुरा हुन्छन् । उहाँ एउटा स्क्रिप्ट राइटर, कलाकार तथा निर्देशक हुनुभएकाले दुई-चारवटा चलचित्रमा सँगै काम गर्नु संयोग मात्र हो ।' ऋचा र अर्पणले आधा लभ, सुनकेशरी, फिर्के आदि चलचित्रमा सँगै काम गरेका छन् ।





म र मेरा क्यारेक्टर

# म र मेरा क्यारेक्टर

तीन दर्जनभन्दा बढी चलचित्र, त्यति नै नाटकमा अभिनय गरिसके होलान्, तैपनि अहिलेसम्म आफूले खोजे र चाहेजस्तो 'क्यारेक्टर' निर्वाह गर्न नपाएको कुरा बताउँछन्– अभिनेता सौगात मल्ल । उनी हरेक चलचित्रमा लवज तथा गेटअपमार्फत फरक प्रस्तुति दिने अभिनेता हुन् । सौगात उस्तै चरित्र र पात्रमा दोहोरिन चाहँदैनन् । कथाकार वा निर्देशकले दिने पात्रलाई अझ फरक बनाउन निकै मेहनत गर्ने सौगातले लुकामारीमा आँखा डेढो बनाए, मुखौटामा हेयर स्टाइललाई छेपारोको सेप दिए । आफूलाई क्यारेक्टरमा समर्पित गर्ने सौगातले आफूले काम गरेका क्यारेक्टरहरूमध्ये पाँचवटा क्यारेक्टरको नाम लिँदै भने 'सबै क्यारेक्टरमा मेहनत गरेको हुन्छु । फरक देखिने र देखाउने प्रयास निरन्तर रहन्छ, तर यी क्यारेक्टर चाहिँ अलि बढी मन परेका छन् ।'

**हाकुकाले, चलचित्र लुट/लुट टु**

यो क्यारेक्टर सौगातको चलचित्र करियरको युटर्न क्यारेक्टर हो । त्यही क्यारेक्टरका कारण उनी चिनिए पनि । लुट बन्नुभन्दा पाँच वर्षअघि सौगातले हाकु नामका एक व्यक्तिलाई भेटेका रहेछन् । नेवारीमा हाकुको अर्थ काले हुन्छ । सौगातले त्यो क्यारेक्टरलाई नेवार बनाए र नाम राखे 'हाकुकाले' ।

**कान्छा, चलचित्र कथा**

सिक्किमको उपल्लो भेकमा निर्देशक प्रशान्त रसाइलीले चलचित्र कथाको छायांकन थालिसकेका थिए । सौगात भने चलचित्र छड्केको छायांकनमै व्यस्त थिए । निर्देशक रसाइलीको टिम उनलाई कुरिरहेको थियो । छड्केको काम सकिनेबित्तिकै उनी सिक्किम पुगेर चलचित्र कथाको पात्र कान्छा बने । उनलाई यति मात्र थाहा थियो कि कान्छा भकभके छ । उक्त पात्र निर्वाह गर्न खासै गाह्रो नभए पनि पूर्वतयारी बिना छायांकन गरियो र पर्दामा आउँदा सौगातले उक्त पात्रका कारण राम्रो प्रशंसा पाए ।

**काले, चलचित्र षडङ्ग**

सौगात नवलपरासीका हुन् । नवलपरासीको मधेस क्षेत्रमा हुर्किएकाले उनलाई पर्दामा मधेसी पात्र आयो कि राम्रो लाग्थ्यो । पर्दामा मधेसी चरित्रलाई सहायक भूमिकामा सीमित राखेको सौगातलाई मन परिरहेको थिएन । सौगातले मधेसी बोलीचालीको पात्रलाई चलचित्र 'षडङ्ग'मा उतारे । हुन त त्यसपछि फाटेको जुत्तामा समेत मधेसी युवा बने पनि षडङ्गको काम केही फरक भएको उनको दावी छ ।

**तान्त्रिक, चलचित्र लालपुर्जा**

नक्सामा कतै नभएको एउटा काल्पनिक गाउँका तान्त्रिक पर्पल अर्थात् प्याजी रंगको सौखिन हुन्छन् । ऊ रेस्लिङ मन पराउँछ र भाइसँग झगडा गरिरहन्छ । त्यो पात्रका लागि आफूहरूले खासै तयारी नगरेको सौगात बताउँछन् । १०-१२ दिनको पूर्वाभ्यासमा उक्त पात्रलाई कस्तो देखाउने भन्ने विचार आइसकेको थियो । अन्ततः उनले लालपुर्जामा निर्वाह गरेको भूमिका दर्शकले रुचाउने सौगातको आशा छ ।

● सौगात मल्ल, अभिनेता

# प्रसंग ११ करोडको

अभिनेत्री प्रियंका कार्कीले यदि कुनै निर्माताले आफूलाई ११ करोड रुपैयाँ पारिश्रमिक उपलब्ध गराए वर्षमा एउटा मात्र चलचित्रमा अभिनय गर्ने तथा वर्षभरि नै उक्त चलचित्रको प्रमोसनमा मात्र हिँडिरहने धारणा व्यक्त गरेकी छिन् । पछिल्लो समय प्रदर्शन भैरहेका आफ्ना चलचित्रको प्रचार-प्रसारमा आफूले साथ नदिएको आरोप खेपेपछि प्रियंकाले उक्त भनाइ सार्वजनिक गरेकी हुन् । अहिले सबैभन्दा बढी चलचित्रमा अभिनय गर्ने अभिनेत्रीका रूपमा चिनिएकी प्रियंकाले धेरै चलचित्रमा अभिनय गर्नु आफ्नो बाध्यता भएको स्पष्ट पारेकी छिन् । तालिका मिलाएर छायांकनलाई समय दिए पनि चलचित्रको प्रदर्शनका सम्बन्धमा आफू अनभिज्ञ हुने प्रियंकाको भनाइ छ । पैसाकै पछि लागेर आफूले चलचित्रमा काम गरिरहेको आरोपको खण्डन गर्दै प्रियंकाले एउटै चलचित्रबाट ११ करोड पारिश्रमिक पाए वर्षभरि त्यही चलचित्रमै आबद्ध भैरहने कुरा बताएकी हुन् । यद्यपि आफूले हालसम्म पाइरहेको पारिश्रमिक चित्तबुझ्दो रहेको उनको भनाइ छ । 'अभिनयबाहेक मेरो अरु कुनै काम छैन, प्रियंका भन्छिन्-'बिहान उठेदेखि राति नसुतेसम्म म चलचित्रकै वरिपरि हुन्छु । बाँच्नका लागि पनि मैले धेरैभन्दा धेरै चलचित्रमा अभिनय गर्नुपर्छ ।'

## मिस डिभा पोखरा



दोस्रो संस्करणको मिस डिभा पोखराको उपाधि जेनिका गुरुङले जितेकी छिन् । ब्लू रेज प्रोडक्सन एन्ड इभेन्ट म्यानेजमेन्टद्वारा आयोजित प्रतियोगितामा आकृति गुरुङ फस्ट रनर्सअप, खुश्बु सुवेदी सेकेन्ड रनर्सअप, पूजा थापा थर्ड रनर्सअप तथा सीता थापाले अर्गनाइजर च्वाइसको पुरस्कार जिते । प्रतियोगितामा तसिना गुरुङ ई-प्लानेट मिस डिभा वर्ल्ड घोषित भइन् । पोखरा सभागृहमा सञ्चालित यो प्रतियोगितामा १२ जना युवतीले प्रतिस्पर्धा गरेका थिए ।

राजाराम पौडेल

## पहिलो मिस गोरखा

गोरखामा पहिलोपटक आयोजना गरिएको मिस गोरखाको उपाधि ईशा शाहले जितेकी छिन् । १९ जना प्रतियोगीलाई पछि पार्दै १९ वर्षीया ईशाले उक्त उपाधि जितेकी हुन् । सौन्दर्य कला व्यवसायी संघ गोरखाद्वारा आयोजित मिस गोरखामा प्रकृति श्रेष्ठ फस्ट रनर्सअप, विष्णुकुमारी घले सेकेन्ड रनर्सअप तथा सिर्जना मगर थर्ड रनर्सअप घोषित भए ।




## फेस अफ द इयर




किड्डी फेस अफ द इयर मा फोटोजेनिक एवार्डसहित कनिस्क राज बज्राचार्य तथा बेस्ट एक्टिङको एवार्डसहित श्रीया कुँवर विजेता घोषित भएका छन् । प्रतियोगितामा स्मार्ट विधाको एवार्डसहित श्रीजन ओझा र ट्यालेन्ट विधाको एवार्डसहित आँचल ढकालले फस्ट रनर्सअपमा कब्जा जमाए । प्रतियोगितामा बेस्ट नेपाली ह्यान्डराइटिङ एवार्डसहित प्रतिक पराजुली र बेस्ट वाक विधाको एवार्डसहित मेरिसा बराल सेकेन्ड रनर्सअप भए ।

रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीद्वारा आयोजित यो प्रतियोगितामा मिसेज इन्डिया इन्टरनेसनल भिभासियस क्विन-२०१७ अन्जना श्रीवास्तव, मिसेज युनिभर्स नर्थ इन्डिया एवं इलाइट मिसेस इन्डिया-२०१६ साक्षी शर्मा तथा भारतीय डिजाइनर पुष्पा शर्माको उपस्थिति थियो ।

## मिस एन्ड मिसेज जापान

जापानमा मिस एन्ड मिसेज नेपाल-२०१८ आयोजना गरिने भएको छ । विवाहित तथा अविवाहित महिलालाई एउटै कार्यक्रममार्फत प्रतिस्पर्धामा उतार्न लागिएको यो कार्यक्रम पारिवारिक तथा विद्यार्थी भिसामा जापानमा बसोबास गर्दै आएका अविवाहित एवं विवाहित महिलाहरू प्रति लक्षित छ । विवाहित महिलालाई लक्षित यो कार्यक्रममा आवेदन दिने अधिकांश अविवाहित युवती छन् । आयोजकले ४० जनाबीच प्रतिस्पर्धा गराउने जनाए पनि गत सातासम्म यो कार्यक्रमका लागि ५ दर्जनभन्दा बढीले आवेदन दिइसकेका छन् ।

प्रकाश पन्थी

## सुपर नेक्स्ट टप मोडल आइकनिक



सुपर नेक्स्ट टप मोडल आइकनिक-२०१८ सम्पन्न भएको छ । प्रतियोगितामा सविन गुरुङ र ज्योति थापाले मुख्य उपाधिमा कब्जा जमाए । क्रिएसन प्रोडक्सनद्वारा आयोजित उक्त प्रतियोगितामा पवन गुरुङ र अनिता पुन फस्ट रनर्सअप तथा सकृत कँडेल र पूर्णिमा थापा सेकेन्ड रनर्सअप घोषित भएका थिए ।

## मिसेज हिमालयन नेपाल



मिसेज हिमालयन नेपालको पाँचौं संस्करणमा गोमा अधिकारीले शीर्ष उपाधि जितेकी छिन् । गोमाले उपाधि विजेताका रूपमा सिंगापुरमा संचालन हुने मिसेज एसिया प्यासेफिक इन्टरनेसनल-२०१८ मा सहभागिता जनाउने अवसर प्राप्त गरेकी छिन् । अमेजन इन्टरटेनमेन्टको आयोजनामा सञ्चालित यो प्रतिस्पर्धामा बिन्दु लामा फस्ट रनर्सअप घोषित हुँदै मिसेज एसिया प्यासेफिक ग्लोबल-२०१८ मा नेपालको प्रतिनिधित्व गर्नेछिन् । प्रतियोगितामा ट्यालेन्ट विधाको एवार्डसहित रचना ज्ञवाली सेकेन्ड रनर्सअप घोषित भइन् ।

# जतातातै मेला महोत्सव

अहिले देशभर मेला महोत्सवको आयोजना गर्ने होडबाजी छ । जतातातै आयोजित महोत्सवको यो वातावरणबाट चितवन जिल्ला पनि अछुतो छैन । पुस ११ देखि १५ गतेसम्म सौराहामा चितवन हात्ती महोत्सव सम्पन्न भयो ।

उक्त महोत्सव सकिन नपाउँदै अहिले टिकौली चौरमा नवौं रत्ननगर महोत्सवको आयोजना गरिएको छ । महोत्सवमा विभिन्न परिकारका स्टल मात्र छैनन्, ७५ फिट अग्लो धरहरा महोत्सवको मुख्य आकर्षण भएको छ । महोत्सवमा विभिन्न समुदायको संस्कृति झल्कने घरहरूसमेत निर्माण गरिएका छन् । यो महोत्सवमा स्थानीय तथा राष्ट्रिय कलाकारहरूले गीतमार्फत दैनिक मनोरञ्जन प्रदान गर्दै आएका छन् ।

उता खैरहनी नगरपालिका-५ स्थित जनकौली गौचरनमा पाँचौं खिचरा महोत्सव सञ्चालनमा छ । महोत्सवको मुख्य आकर्षण फाइबरबाट बनाइएको ५ फिट अग्लो घोंगी र चिचरको पोकोको मूर्ति भएको छ । माघीको अवसर पारेर थारु कल्याकारिणी सभा क्षेत्र नम्बर-७ ले आयोजना गरेको यो महोत्सवमा थारु समुदायका परिकारहरू चाख्न पाइन्छ । थारु समुदायको परम्परागत नाच यो महोत्सवको अर्को आकर्षण हो ।

उता पटिहानीमा प्रथम बेलोध खिचरा महोत्सवको आयोजना गरिएको छ । थारु कल्याणकारिणी सभा क्षेत्र नम्बर-५ ले माघीको अवसर पारेर आयोजना गरेको उक्त महोत्सवमा ५० वटा स्टल राखिएको थियो । पुस ३० देखि माघ ४ गते (बिहीबार) सम्म चलेको महोत्सवमा थारु समुदायको कला-संस्कृति मुख्य आकर्षण बन्यो ।

उता नवलपरासीमा दोस्रो गैंडाकोट महोत्सव जारी छ । पुस २७ मा प्रारम्भ भएको यो महोत्सव माघ ८ गतेसम्म चल्नेछ । पप, आधुनिक तथा दोहोरी गायक/गायिकाको उपस्थितिले यो महोत्सवलाई संगीतमय बनाएको छ । यो महोत्सवको मुख्य आकर्षण उँट भएको छ भने स्थानीय उत्पादनहरू यो महोत्सवको प्राथमिकतामा छन् ।

विमल खतिवडा

## जैमिनीमा माघे सङ्क्रान्ति मेला

जैमिनी ऋषिको स्थलका रूपमा चिनिएको बागलुङको जैमिनीमा साताव्यापी माघे संक्रान्ति मेला भव्य रूपमा सम्पन्न भएको छ । राष्ट्रिय कलाकारहरूको उपस्थितिले मेलामा रौनक थपेको थियो । माघे संक्रान्तिलाई सबैको साझा चाडका रूपमा चिनाउन ५० वर्ष अघिदेखि जैमिनीमा मेला लाग्दै आएको छ । मेलामा पुरुष भलिबल, जैमिनी आइडल आदि पनि सम्पन्न भए । प्रमोद खरेलले एक दर्जन गीत गाएर मेलालाई संगीतमय बनाए । मेलामा बद्री पंगेनी, प्रजापति पराजुली, प्रीति आले आदिले समेत दर्शकहरूलाई नचाएका थिए ।


## महोत्सवमय बाग्लुङ

दस दिन चलेको पाँचौं बाग्लुङ महोत्सवले पुसको जाडो मौसमलाई निकै ततायो । कला-संस्कृतिको जगेर्ना तथा व्यवसाय प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित महोत्सवमा लोकदोहोरीका साथै अन्य दर्जनौं कलाकारको प्रस्तुतिले धेरैलाई राम्रै मनोरञ्जन प्रदान गऱ्यो ।

महोत्सव सुरु भएदेखि हरेक दिन ख्यातिप्राप्त कलाकारहरूले प्रस्तुति दिए भने कलाकार खड्ग गर्बुजाले सालैज्यो र लोकभाकामा सयौंलाई नचाए । त्यस्तै महोत्सवमा सत्यराज तथा स्वरूपराज आचार्यले धेरैको मन जिते । इन्डियन आइडल प्रशान्त तामाङदेखि लोकदोहोरीका हस्ती विष्णु खत्रीसम्मका कलाकारले महोत्सवमा रौनक थपेका थिए । हास्य कार्यक्रम भद्रगोल तथा मेरीबास्सैका कलाकार पनि महोत्सवमा सहभागी थिए । महोत्सवका कारण जाडोले सम्साँझै सुत्ने बाग्लुङेहरू राति १० बजेसम्म गीत-संगीतमा झुमिरहेका पाइन्थे । महोत्सवको यो अवसरमा डिजे सेसनसमेत चलाइयो । डिजेको संगीतमा युवाहरू रातको १२ बजेसम्म झुमिरहेका देखिन्थ्यो ।

प्रकाश बराल

## त्रिवेणीमा मैनी मेला



हरेक वर्ष माघे संक्रान्तिदेखि लाग्ने पूर्वाञ्चलकै पुरानो मैनी मेला उदयपुरको कटारी नगरपालिका र सिन्धुलीको दुधौली नगरपालिकाको मध्यभागमा प्रारम्भ भएको छ । कमला, तावा तथा ककरु नदीको संगमस्थल त्रिवेणीमा लाग्ने भएकाले यो मेला त्रिवेणी मेलाका नामले समेत परिचित छ ।


धेरै वर्षपहिले ओखलढुंगाको राडिपाखी, सोलुखुम्बुको भोटे घोडा दौड प्रतियोगिता, खोटाङको भोटे कुकुर बेचेर तराईबाट नुन, चामल, लत्ताकपडा आदि दैनिक उपभोग्य सामग्री पहाड लाने बजारका रूपमा मैनी मेला प्रारम्भ भएको बुढापाकाहरूको भनाइ छ ।

## ऐतिहासिक मच्छिन्द्र मेला

मोरङको केराबारीमा धार्मिक तथा ऐतिहासिक मच्छिन्द्र मेला सम्पन्न भएको छ । मेलामा स्थानीय जातजातिहरूका सांस्कृतिक झाँकीहरूसहित राई जातिको चण्डी, लिम्बूको ढोल नाच तथा च्याब्रुङसहित विभिन्न भजन-कीर्तन समूहका टोलीहरूले भजन-कीर्तन गरेका थिए । मेलामा दुई सयभन्दा बढी विभिन्न स्टल थिए । पाँच दिन चलेको मेलामा स्थानीय कलाकारहरूद्वारा सांस्कृतिक कार्यक्रमका साथै म्याराथन, टेबलटेनिस, ब्याडमिन्टन आदि खेलकुद प्रतियोगिता सञ्चालन गरिएका थिए । धार्मिक तथा सांस्कृतिक महत्व बोकेको उक्त मेला परापूर्वकालदेखि लाग्दै आएको बताइन्छ ।

नरेन्द्र बस्नेत


पहिलो विश्व















# विडिङ डेस्टिनेसन @ सगरमाथा बेस क्याम्प

पछिल्ला केही वर्षमा सगमाथाको आधार क्षेत्रमा पुगेर विवाह गर्ने चलन बढ्दो छ । गत वर्ष एक जोडी अमेरिकीले सगरमाथाको आधार शिविरमा विवाह गरेका थिए । यो वर्ष पनि अस्ट्रेलिया र फिनल्यान्डका एक जोडीले सगरमाथाको आधार शिविरमा पुगेर विवाह गरेका छन् । विवाह गर्न साहसिक यात्रा गर्नुपर्ने मान्यता एवं आफ्नो विवाह विश्वकै लागि नौलो साबित होस् भनेर पनि कतिपय जोडीलाई सगरमाथाले आकर्षित गर्दै आएको छ । अस्ट्रेलियामा व्यापार गर्ने ३२ वर्षीया हेडी टुरुनेन र फिनल्यान्डका ३१ वर्षीय सिकर्मी टोम रेनले ९ दिनको पैदल यात्रा गरेर सगरमाथाको आधार शिविरमा विवाह गरेका थिए । सन् २०१३ देखि प्रेममा रहेको यो जोडीले ५ हजार ३ सय ८० मिटर उचाइमा अवस्थित सगरमाथा आधार शिविरमा पुगेर विवाह गरेको हो । उनीहरूले आफ्नो विवाहको भोज भने थाइल्यान्डमा दिएका थिए ।

## २२ देशमा विवाह गर्ने धोको

एक समलिंगी जोडीले विश्वमा समलिंगी विवाहलाई मान्यता दिने सबै देशमा पुगेर विवाह गर्ने निर्णय गरेका छन् । ४४ वर्षीया अमेरिकाकी कलाकार फ्लियुर पिरेट्स तथा बेल्जियमकी ३९ वर्षीया जुलियन अहिले लसएन्जल्समा बस्छन् । सन् २०१७ को सेप्टेम्बरमा न्युयोर्कमा विवाह गरेका यी जोडीले समलिंगी विवाहलाई मान्यता दिने २२ वटा मुलुकमा पुगेर विवाह गर्ने घोषणा गरेका थिए । विवाह गरेको केही समयमै जुलियन क्यान्सरको अन्तिम अवस्था पुगेको कुरा थाहा भयो । त्यो अवस्थासम्म पुग्दा उनीहरूले फ्रान्समा चौथो पटक विवाह सम्पन्न गरिसकेका थिए । सन् २०११ मा पहिलो पटक भेट भएका यी जोडीको धोकोका अगाडि जुलियनलाई लागेको क्यान्सर प्रमुख बाधक भएको छ । विवाहपछि फ्रान्समा गरिएको परीक्षणमा जुलियनको मस्तिष्क र मुटुमा ट्युमर देखिएको थियो । उक्त ट्युमरको फैलावट यति तीव्र रूपमा भैरहेको छ कि जुलियनको स्मरण क्षमता गुम्दै गएको छ भने उनको कम्मरमुनिको भागसमेत चल्न छाडेको छ । अहिले उनीहरूले चाहँदा-चाहँदै पनि आफ्नो विवाह अर्को गन्तव्यमा गएर गर्न सक्ने अवस्था छैन ।



## फेरि अध्ययन खर्च जुटाउन



पश्चिमी मुलुकमा कुमारीत्व लिलामीमा राख्दै अध्ययन खर्च जुटाउन चाहने युवतीहरूको संख्या बढ्न थालेको छ । केही साताअघि एक अमेरिकी युवतीले अध्ययन खर्च जुटाउन जर्मनीको एक वेबसाइटमार्फत आफ्नो कुमारीत्व लिलामीमा राखेकी थिइन् । उनको उक्त प्रस्तावमा लिलाम बढाबढ हुँदा अबुधावीका एक व्यापारीले ३० करोड ८० लाख रुपैयाँको बोली लगाएका थिए । यो होडमा हलिउडका एक अभिनेता पनि थिए, तर १९ वर्षीया गिसेलीले अरेबियन व्यापारीको प्रस्ताव स्वीकार गरिन् ।

अहिले क्याम्ब्रिज युनिभर्सिटीमा अध्ययन गरिरहेकी १८ वर्षीया मोडल निकोलीले पढाई खर्च जुटाउन भन्दै आफ्नो कुमारीत्व सर्वाधिक मूल्य तिर्नेलाई भंग गर्न दिने बताएकी छिन् । इन्टरनेटमा कुमारीत्व लिलामीमा राखेर खर्च जुटाइएको देखेर आफ्नो कुमारीत्व जोगाएको कुरा निकोलीले बताएकी छिन् । यी मोडलले युरोपको इलाइट मोडल भीआईपी साइटमार्फत् आफ्नो कुमारीत्व लिलामीमा राखेकी छिन् । निकोलीका अनुसार उनको कुमारीत्वका लागि १२ करोड ४६ लाख रुपैयाँसम्म तिर्ने प्रस्ताव प्राप्त भैसकेको छ । इलाइट मोडलका अनुसार अहिले कुमारीत्व लिलामीमा राख्न थप पाँच जना मोडलले चिकित्सकबाट कुमारीत्व परीक्षण गराइसकेका छन् ।

## ११ वर्षमा पहिलो पटक

अत्यधिक मोटोपनको सिकार भएका एक जोडी मायाप्रेम भएको ११ वर्षपछि पहिलो पटक शारीरिक सम्बन्ध राख्न सफल भएका छन् । ४२ वर्षीय ली सुटोनको तौल ३ सय २४ किलोग्राम तथा ३९ वर्षीया रिना किसरको तौल २ सय ४६ किलोग्राम थियो । उनीहरूको पहिलो भेट तौल घटाउने एक क्लिनिकमा भएको थियो । त्यही बेलादेखि आत्मीय सम्बन्धमा बाँधिएका ली र रिनाले शरीरमा अत्यधिक बोसो भएका कारण कुनै किसिमको शारीरिक सम्बन्ध राख्न सकेका थिएनन् । एक-अर्कालाई अत्यधिक माया गरे पनि शारीरिक सम्बन्ध राख्न नपाएर खल्लो महसुस गरेको यो जोडीले शरीरिक सम्बन्ध कायम राख्नकै लागि २ सय ६० किलो तौल घटाएका थिए । शल्यक्रियामार्फत शरीरको बोसो घटाएपछि आफूहरूले प्रेम भएको ११ वर्षपछि मात्र शारीरिक सम्बन्ध राख्न सकेको कुरा उनीहरूले टिएलसी टेलिभिजनलाई बताएका छन् ।



अपराध

# गनमाण्डू

■ जनक तिमिल्सिना

■ २० पुसमा कोटेश्वर, पेरिसडाँडास्थित न्यू सुनकोसी गेस्ट हाउसको कोठा नम्बर १०४ बाट दुईवटा पेस्तोलसहित इटहरी, सुनसरीका २६ वर्षीय सुभाष कार्की पक्राउ परे । उनको साथबाट प्रहरीले एक थान रिभल्भर त्यसका दुई राउन्ड गोली तथा एक थान कट्टुवा पेस्तोल र त्यसको तीन राउन्ड गोली बरामद गऱ्यो । प्रहरी अनुसन्धानबाट कार्की विभिन्न अपराधमा संलग्न रहेको र जेलसमेत परिसकेको खुलेको छ ।

■ १५ कात्तिकमा कर्पोरेट अफिसहरू रहेको काठमाडौंको कमलादीस्थित हेरिटेज प्लाजाको एक रेस्टुराँमा गोली चलाएपछि दुई भारतीय नागरिक जसवीर सिंह र हरिवीरेन्द्र सिंह पक्राउ परे । उनीहरूबाट प्रहरीले अटोमेटिक पेस्तोलसहित ५१ राउन्ड गोली बरामद गऱ्यो । दुवै जना अहिले ज्यान तथा हातहतियारसम्बन्धी मुद्दामा थुनामा छन् ।

■ २३ असोजमा शान्तिनगरमा हाइप्रोफाइल व्यवसायी शरदकुमार गौचनको गोली हानी हत्या भयो । उक्त हत्यामा प्रयोग भएका दुई ब्राउनिङ पेस्तोल तथा १० राउन्ड गोली घटनाको झन्डै डेढ महिनापछि ३० कात्तिकमा प्रहरीले कपनमा फेला पाऱ्यो । प्रहरीले कपनबाट पेस्तोलसँगै वसन्त थेवे र धनराज योङहाङलाई समेत पक्राउ गरेको थियो ।





*१५ कात्तिकमा कमलादीमा गोली चलाउने भारतीय नागरिकहरु चढेको गाडी सर्च गर्दै नेपाल प्रहरी तथा उनीहरूको साथबाट बरामद पेस्तोल र गोली (तल)।*

तस्बिर : पहिलोपोस्ट

यी त साना हतियारसँग सम्बन्धित काठमाडौं उपत्यकामा घटेका केही प्रतिनिधि घटना मात्र हुन् । चालू आर्थिक वर्षमा मात्र साना हतियार र त्यससँग सम्बन्धित झन्डै एक दर्जन घटना घटेका छन् । काठमाडौं, भक्तपुर र ललितपुर प्रहरी परिसरको कमाण्ड गर्ने महानगरीय प्रहरी आयुक्तको कार्यालय रानीपोखरीका अनुसार पछिल्ला चार आर्थिक वर्षमा उपत्यकाबाट झन्डै ६४ थान साना हतियार बरामद भएका छन् ।

राजधानीको अपराध नियन्त्रणमा काम गरिरहेको नेपाल प्रहरीको महानगरीय अपराध अनुसन्धान महाशाखाले पछिल्ला १० वर्षमा पेस्तोल मात्र ७६ थान बरामद गरेको छ, जसमा नाइन एमएमको ब्राउनिङ पेस्तोल, रिभल्भर, सिक्सरदेखि होममेड कट्टुवासम्म छन् । सार्वजनिक भएकाबाहेक फिरौती, धम्की, असुलीजस्ता घटनामा पनि साना अवैध हतियार प्रयोग हुने प्रहरी अधिकारीहरू बताउँछन् ।

हत्यादेखि स-साना फिरौती, झगडा, ब्लाकमेलिङ र धम्कीका घटनासम्म पनि साना हतियारको प्रयोग हुनुले काठमाडौंमा साना हतियारको सहज उपलब्धतालाई दर्साउँछ । साना हतियारसम्मको पहुँच कति सहज छ भन्ने कुरा ५ कात्तिकमा ठमेलको एक डिस्कोमा युवतीलाई जिस्क्याएको झोकमा गोली चल्नुबाट नै प्रमाणित हुन्छ । चितवनकी २३ वर्षीया युवतीलाई ठमेलको एक बारमा जिस्क्याएको झोकमा असुन गुरुङले गोरखा लाप्राकका कल्याण गुरुङको खुट्टामा बिहान झिसमिसेमै म्हैपीमा गोली दागे । उक्त घटनामा पेस्तोल प्रयोग भएको थियो, जबकि यस्तो पेस्तोलमा प्रहरीका अधिकारीहरूको मात्र पहुँच हुन्छ । त्यसो भए असुनसँग उक्त हतियार कहाँबाट आयो ? घटनाको अनुसन्धान गरिरहेका काठमाडौं प्रहरी परिसरका डिएसपी बेलबहादुर पाण्डे भन्छन्, 'उनले बोकेको हतियार अवैध हो । उनले अर्को एउटा मान्छेबाट हतियार लिएको बयान दिएका छन्, तर हतियार उनले नै लुकाएको अवस्थामा बरामद भएको छ ।'

क्षणभरको आवेग धान्न नसकेर सनकको भरमा गोली चलाएका कारण असुन प्रहरी फन्दामा परे । यद्यपि असुनकै जस्तो अवैध गन राख्ने युवा काठमाडौं उपत्यकामा २ सयजति हुन सक्ने आँकलन एक उच्च प्रहरी अधिकारीको छ । नाम उल्लेख नगर्ने सर्तमा ती प्रहरी अधिकारीले साप्ताहिकसँग भने, 'अवैध रूपमा खरिद-बिक्री गरिएका ब्रान्डेड पेस्तोलदेखि होममेड कट्टुवासम्म गरी २ सयभन्दा बढी अवैध हतियार काठमाडौं उपत्यकामा हुन सक्ने आँकलन छ ।' यस्ता हतियार हत्या, अपहरण, ब्ल्याकमेलिङ, गुन्डागर्दी तथा लुटपाटमा प्रयोग हुने घटनाक्रमहरूले देखाउँछन् । कतिपयले मनोवैज्ञानिक त्रास फैलाउन त राजनीतिक संरक्षणप्राप्त कतिपय गुन्डाले समेत यस्ता हतियार राख्ने गरेका छन् ।

आखिर काठमाडौंसम्म यस्ता अवैध हतियार कसरी आइपुग्छन् ? कि काठमाडौंमै बन्छन् यस्ता हतियार ? नेपाल प्रहरीका पूर्वप्रवक्ता समेत रहिसकेका डिआईजी हेमन्त मल्ल यस्ता हतियार विशेषतः भारतबाट काठमाडौं आइपुग्ने घटनाक्रमहरूले पुष्टि गरिरहेको बताउँछन् । 'इटली मेड, अमेरिका मेड भनिए पनि नक्कल गरेर भारतमा निर्माण भएका हतियार नै काठमाडौं भित्रिएको पाइन्छ, केही कट्टुवा पेस्तोल भने नेपालकै तराईको इलाकामा सामान्य लोहारले समेत बनाएका हुन सक्छन्,' मल्ल भन्छन्, 'काठमाडौंमा भने अहिलेसम्म यस्ता हतियार बनेको प्रमाण फेला परेको छैन ।'

> साना हतियारहरू काठमाडौं भित्र्याउनुको प्रमुख कारण अपराध, व्यापारिक उद्देश्य, युवाहरूमा हतियार बोके सुपरियर भइन्छ भन्ने सोच, गुन्डागर्दी र फिरौती प्रमुख कारण हुन् । कतिपयले सौख र बलशाली देखिन पनि यस्ता हतियार गोप्य ढंगले तस्करहरूमार्फत मगाउँछन् ।

साना हतियारहरू काठमाडौं भित्र्याउनुको प्रमुख कारण अपराध, व्यापारिक उद्देश्य, युवाहरूमा हतियार बोके सुपरियर भइन्छ भन्ने सोच, गुन्डागर्दी र फिरौती प्रमुख कारण हुन् । कतिपयले सौख र बलशाली देखिन पनि यस्ता हतियार गोप्य ढंगले तस्करहरूमार्फत मगाउँछन् । २०७३ को वैशाखामा महानगरीय प्रहरी सोह्रखुट्टेले नाइन एमएमको पेस्तोल र त्यसमा लाग्ने पाँचवटा गोलीसहित काभ्रेका कर्साङ लामालाई पक्राउ गरेको थियो । उनले उक्त हतियार आफूले काठमाडौंका डनलाई बेच्न ल्याएको बयान प्रहरीलाई दिएका थिए । यसअघि प्रहरीले काठमाडौंमै केही साना हतियारका कारोबारीहरूलाई समेत पक्राउ गरिसकेको थियो । यसले के देखाउँछ भने उपत्यकामा साना हतियारको कारोबार गर्नेहरू पनि सक्रिय छन् । अर्कातिर कन्ट्याक्ट किलिङका लागि आएका भाडाका अपराधीहरू पनि कतिपय अवस्थामा आफूसँगै पेस्तोल बोकेर काठमाडौं भित्रिन्छन् ।

खुल्ला बोर्डर, जताततैबाट उपत्यकामा सहज एक्सेस, मेनुअल चेकजाँचको अभाव, हतियारसम्बन्धी दह्रो कानुन नहुनु, चेकिङका लागि प्रभावशाली प्रविधिको अभाव, राजमार्गमा अपर्याप्त चेकिङजस्ता कारणले पनि हातहतियारहरू सहजै राजधानीसम्म आइपुग्छन् । 'प्रभावकारी नीति बनाउने, म्यानुअल चेकिङमा जोड दिने र पुलिसबाहेक सर्वधारणले समेत पुलिसिङको काममा सहयोग गर्ने हो भने यसलाई नियन्त्रण गर्न सकिन्छ,' अर्का एक प्रहरी अधिकारी भन्छन्, 'राजमार्गमा प्रत्येक दुई घण्टामा चेकिङ गर्ने व्यवस्था मिलाउनुपर्छ ।'

नेपालको तराई क्षेत्रमा आरनमा तयार पारिएको कट्टुवा पेस्तोल ८/१० हजारमा किन्न पाइन्छ । त्यसबाहेक इटली र अमेरिका मेड भनेर तयार पारिएका नक्कली पेस्तोलको मूल्य ५० हजारदेखि १ लाखसम्म पर्ने प्रहरी अधिकारीहरूको भनाइ छ । भारतमा यस्ता हतियार १०/२० हजारमै किन्न पाइन्छ । कतिपयले निश्चित समयका लागि भाडामा समेत यस्ता हतियार लिएको पाइन्छ । त्यति ठूलो पैसा खर्च नगरी रवाफ जमाउन पाइने र धम्काए कुस्त पैसा कमाउने आशामा पनि कतिपयले अवैध हतियार किनेर राखेको देखिन्छ ।

उपत्यकामा भएका अवैध साना हतियारले राजधानीको शान्ति-सुरक्षालाई समेत खतरामा पारेको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो सिआईबीका प्रमुख डिआइजी पुष्कर कार्की अवैध हतियारले शान्ति सुरक्षामा चुनौती थपिरहेको कुरा स्वीकार गर्छन् । 'यस्ता अवैध हतियारले शान्ति सुरक्षामा चुनौती थपेको कुरा सत्य हो,' कार्की भन्छन्, 'यद्यपि प्रहरीले चौबीसै घण्टा आपराधिक घटना घट्न नदिन आफ्नो बिजनेस पनि गरिरहेको हुन्छ ।'

अघिल्लो आर्थिक वर्षमा १० थान हतियार बरामद भएकोमा यो वर्षको ६



२३ साउनमा ललितपुरको कुसुन्तीमा प्रवीण खत्रीको इन्काउण्टर भएको ठाउँ। (तल) व्यवसायी शरदकुमार गौचन हत्याकाण्डका मुख्य सुटरसहितका अभियुक्तहरु।

महिनामै झण्डै एक दर्जन थान साना हतियार बरामद हुनुले उपत्यकामा साना हतियारको प्रयोग बढिरहेको प्रमाणित हुन्छ, तर लामो समय अपराध अनुसन्धानमा सक्रिय डिआईजी कार्की भन्छन्– चुनाव र संक्रमणकालका कारण यसको मात्रा केही बढी देखिएको हुन सक्छ। 'हतियारको संख्या बढ्नुको कारण संक्रमणकाल र निर्वाचन पनि हुन सक्छ,' कार्की भन्छन्, 'प्रहरीको सर्च अप्रेसन बढेका कारण पनि बढी हतियार बरामद भएका हुन सक्छन्।'



## गनको त्रास

काठमाडौंमा साना गनहरूले एकातिर सुरक्षा चुनौती थपिरहेका छन्, अर्कातर्फ ठूला व्यवसायीलाई धम्काएर फिरौतीको डरलाग्दो र्‍याकेट चलाइरहेका मनोज पुनले इन्टरनेटमार्फत ठूलो रकम फिरौती माग्दै व्यवसायीहरूलाई धम्क्याउने क्रम जारी राखेका छन्।

मनोजले बुटवल मात्र होइन, काठमाडौंमा पनि फिरौती नदिए हत्या गर्नेसम्मको धम्की व्यवसायीहरूलाई दिने तथ्य प्रहरीले हात पारेको छ। मनोजले करोडौं रुपैयाँ फिरौती मागेर धम्क्याउन थालेपछि अहिले कतिपय व्यवसायीहरू तनावमा छन्। कतिसम्म भने विदेशबाट इन्टरनेट कलमार्फत धम्क्याउने मनोज व्यवसायीका परिवारका सदस्यहरूलाई समेत उडाइदिने धम्की दिइरहेका छन्। यतिबेला मनोज पुनले काठमाडौं, बुटवललगायतका क्षेत्रमा गनको आतंक सिर्जना गरेका छन्।

२१ पुसमा बुटवलमा काठ व्यवसायी तथा एमाले कार्यकर्ता वसन्त (बलु) पौडेलको गोली हानेर हत्या भएको थियो। उक्त हत्याको जिम्मेवारी लिएका मनोजले त्यसलगत्तै थप व्यवसायीलाई फोन गर्दै फिरौती मागेर हैरान बनाइरहेका छन्। यसअघि २३ असोजमा फिरौती नदिएको भन्दै अर्को गुन्डा नाइके समीरमानसिंह बस्नेतले व्यवसायी शरदकुमार गौचनको काठमाडौंको शान्तिनगरमा भाडाका अपराधी प्रयोग गरेर हत्या गराएका थिए। समिरमानलाई भने प्रहरीले पक्राउ गरिसकेको छ।

## कमजोर कानुन

सरकारले अवैध हातहतियार तथा खरखजानामा हुने सजाय घटाएको छ। 'केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन-२०७२' मार्फत उक्त सजाय घटाइएको हो, जसलाई राष्ट्रपति कार्यलयले १३ फागुन २०७२ मा लालमोहर लगाएको थियो। यसअघि अवैध हातहतियार राख्ने व्यक्तिलाई ३ वर्षदेखि ५ वर्षसम्म कैद सजाय वा ६० हजारदेखि १ लाख रुपैयाँ जरिवाना हुने व्यवस्था थियो, तर संशोधनमार्फत उक्त व्यवस्थामा परिवर्तन ल्याउँदै ६ महिनादेखि १ वर्षसम्म कैद वा ६० हजारदेखि १ लाख रुपैयाँसम्म जरिवानाको व्यवस्था गरिएको छ। यसले अवैध हतियारका कारोबारी एवं अवैध हतियार प्रयोगकर्ताको मनोबल बढाएको प्रहरी अधिकारीहरू बताउँछन्।





## साउनयता उपत्यकामा भएका हात-हतियारसम्बन्धी घटना

- २३ साउन : ललितपुरको कुसुन्ती इन्काउन्टरमा प्रवीण खत्रीको मृत्यु, २ थान पेस्तोल बरामद
- २३ असोज : जोरपाटीबाट १ पेस्तोलसहित तीन राउन्ड गोलीसहित छिरिङ तामाङ, सञ्जय तामाङ र दिलिप लामा पक्राउ
- ५ कात्तिक : म्हैपीमा गोली चलाएका असुन गुरुङबाट लुकाएर राखिएको १ थान चाइनिज पेस्तोल तथा दुई राउन्ड गोली बरामद
- १५ कात्तिक : काठमाडौंको कमलादीस्थित एक रेस्टुराँमा गोली चलाएपछि १ पेस्तोल र ५० राउन्ड गोलीसहित २ जना भारतीय नागरिक पक्राउ
- २७ कात्तिक : गोकर्णेश्वरबाट कट्वा पेस्तोलसहित धीरेन ओप्ठे पक्राउ
- २९ कात्तिक : कपनबाट व्यवसायी शरद गौचनको हत्यामा प्रयोग भएको २ वटा पेस्तोल र १० राउन्ड गोलीसहित बसन्त थेबे तथा धनराज योङहाङ पक्राउ
- २१ मंसिर : रवि गोलेसहित ६ जना १ चाइनिज पेस्तोलसहित पक्राउ
- २० पुस : कोटेश्वरबाट २ वटा पेस्तोल र ५ राउण्ड गोलीसहित सुवास कार्की पक्राउ।

# धेरैजसो साना हतियार भारतबाटै आउँछन्



■ हेमन्त मल्ल,
पूर्व डिआईजी, नेपाल प्रहरी

**उपत्यकामा साना हतियार कहाँबाट आउँछन् ?**
यस्ता हतियार इन्डियाबाटै आउँछन्। केही सामान्य होममेड हतियार तराईतिरबाट पनि आउँछन्।

**हातहतियार कसरी काठमाडौंसम्म आइपुग्छन् ?**
क्राइमका लागि ल्याइन्छन्। नाका ओपन भएकाले ल्याउन सजिलो छ। बोर्डर क्लोज गर्ने कुरा पनि कन्ट्रोल गर्न सकिने अवस्था छैन। कतिले बिक्री गर्न त कतिले कसैको अर्डरमा पनि हतियार काठमाडौं भित्र्याएको पाइन्छ।

**कति मूल्यमा किनबेच हुन्छ ?**
इटाली वा अमेरिका मेड लेखिएका, पुलिससँग भएका जस्ता देखिने हतियार भारतबाट आउँछन्। नाइन एमएम वा अमेरिका-इटली मेड भनिए पनि ती भारतमा बनेका नक्कली पेस्तोल हुन्। नर्मल कट्वा पेस्तोल ८/१० हजारमा पनि पाइन्छन्, यस्ता हतियारको बढीमा ५० हजारसम्म पर्छ। मेड इन इन्डिया, मेड इन इटली, मेड इन युएसए लेखिए पनि त्यो भारतीय पेस्तोल हो।

**नेपालमै पनि यस्ता हतियार बन्छन् कि ?**
नलकट्वा बनाउन त गाह्रो छैन। राइफलको गोली प्रयोग गरिने त्यस्ता हतियार तराईतिर बनाइएको फेला पनि परेको छ। सामान्य कालिगढहरूले समेत नलकट्वा बनाउन सक्छन्। त्यो सस्तो पनि हुन्छ, तर अरू पेस्तोल भारतबाटै आउँछन्।

**गन बोक्नेहरू किन बढिरहेका ?**
यो विषयमा पुलिसको अप्रेसन पनि रिभ्यु गर्नुपर्छ कि ?

**अवैध गन बोक्नुको प्रमुख कारण के हो ?**
व्यापारिक उद्देश्य तथा क्राइमका लागि हतियार युज भैरहेको छ। युथहरूमा हतियार बोके सुपरियर भइन्छ भन्ने सोचले समेत काम गरेको पाइन्छ। साथीभाइको सर्कलमा योसँग हतियार छ भनेपछि इमेज फरक हुन्छ। ठमेलको केसमा त्यस्तै भएको देखिन्छ। गुन्डाहरूले अरूलाई तर्साउन पनि हतियार बोक्छन्। खाली हातको गुन्डासँग कम डरलाग्छ, धम्क्याउनकै लागि यस्ता हतियार युज गर्ने चलन पनि छ।

**भारतीयहरू गन बोकेर कसरी काठमाडौं आइपुग्छन् ?**
कहिलेकाहीं हुन्छ यस्तो घटना। त्यो घटना भने केही फरक छ जस्तो लाग्छ। अपराध गर्नभन्दा पनि उनीहरू घुम्न गाडीसहित काठमाडौं आउँदा हतियारसहित यहाँसम्म आइपुगेको देखिन्छ, तर आवेशमा आएर उनीहरूले हतियार नै निकालेर पड्काए। भाडाका कतिपय अपराधीले पनि काठमाडौंसम्म आफैंले हतियार लिएर आएको देखिन्छ।

**अवैध गनलाई नियन्त्रण गर्न के गर्नुपर्छ ?**
अवैध गनका लागि अप्रेसन र अनुसन्धान रिभ्यु गर्नुपर्छ। हतियार देखाइरहने कुरा पनि होइन्। बढी भन्दा बढी इन्टेलिजेन्स प्रयोग गरेर कोसँग हतियार छ भनेर विषय प्रहरीले रेकर्ड तयार गर्नुपर्छ। बोर्डर नियन्त्रणमा प्रभावकारी कदम चाल्नुपर्छ, किनभने हाम्रो बोर्डर पूरै ओपन छ। साना हतियार नियन्त्रणका लागि प्रहरीको निगरानी र चुस्त इन्टिलेन्जस प्रभावकारी हुनसक्छ।

# रमाइलो पिकनिक


इन्द्रसरोवर, मार्खु, मकवानपुर

साप्ताहिक टिम

कठ्याङ्ग्रिँदो जाडोमा घाम ताप्ने, परिवार तथा साथीभाइसँग रमाइलो समय बिताउने र घरबाहिरै खानपिन गर्ने उद्देश्यले पिकनिक जाने चलन छ । सहरमा व्यस्त दैनिकीबीच जाडो मौसमको उपयुक्त समय छानेर पिकनिकको आयोजना गरिन्छ । गाउँघरमा चलनचल्तीमा रहेको वनभोजको प्रचलनले अहिले सहरमा आधुनिक पिकनिकको मान्यता पाएको छ ।

काठमाडौं, पोखरा, बुटवल, नेपालगन्ज, धनगढी, धरान, विराटनगरजस्ता ठूलो आवादी भएका सहरी क्षेत्रमा पुस–माघको छेकोमा पिकनिक स्पटहरू भरिभराउ हुन्छन् । यी सहरहरूमा हरेक वर्ष हजारौं पिकनिक आयोजित गरिन्छन् । यस्ता पिकनिकमा नाचगान सांगीतिक कार्यक्रमदेखि मनोरञ्जक खेल बिंगो, अन्ताक्षरी, पेपर गेम, एक्टिङ, तास आदिसम्म खेलिन्छ ।

खासगरी माघ महिनाको सप्ताहन्तमा पिकनिक स्पटहरूमा ठाउँ पाउनै मुस्किल पर्छ । स्थानीय क्लब तथा संघसंस्थाहरूले पिकनिक स्पटहरूको अग्रिम बुकिङ गर्छन् । विद्यार्थीदेखि कलाकारसम्म, परिवारदेखि छरछिमेकसम्मले धार्मिक, ऐतिहासिक तथा रमाइला ठाउँहरू छानेर पिकनिकमार्फत जमघट र रमाइलो गरिरहेका हुन्छन् । अझ समय त कतिसम्म बदलिएको छ भने पिकनिकहरू पनि कर्पोरेट हुन थालेका छन् । स्कुल–कलेज, व्यवसायिक संघसंस्था, निजी कम्पनी एवं विभिन्न कर्पोरेट अफिसहरूले कर्पोरेट शैलीका पिकनिक कार्यक्रम आयोजित गर्न थालेका छन् ।

त्यस्ता कर्पोरेट पिकनिकमा निश्चित रकम उठाउने, क्याटरिङ र रिसोर्टमार्फत खानपिन र मनोरञ्जन प्याकेज किन्ने तथा दिनभर रमाइलो गर्ने गरिन्छ । कुनै समय पिकनिकका लागि आफैं सामानको जोहो गर्ने, आफैं पकाउने र खाने परम्परागत परिपाटीलाई अहिले सहरमा बल्ग्रेती खुलेका क्याटरिङ, पिकनिक आसपासका रेस्टुराँ, होटल तथा रिसोर्टहरूले विस्थापित गरिदिएका छन् ।

पिकनिकका लागि ठाउँ खोज्नुपर्ने बाध्यता पनि अहिले छैन । पिकनिकका लागि उपयुक्त क्षेत्र छानेर त्यहाँका स्थानीय क्लबहरूले तिनलाई आफ्नो आम्दानीको माध्यमका रूपमा विकसित गरेका छन् । बुकिङको अवसर प्रदान गर्ने ती क्लबहरूले अपनाएको यो शैलीले उनीहरूको आय आर्जनको ढोका त खोलेको छ नै, पिकनिकप्रेमीहरूलाई ठाउँ अभाव तथा व्यवस्थापनसम्बन्धी झन्झट निराकरण गरिदिएको छ । यातायातको झन्झट पनि छैन । बुकिङ गरिएका सवारी साधनले पिकनिक स्पट लगेर घरको ढोकासम्म फर्काउने सुविधा दिन्छन् ।


गोदावरी बोटानिकल गार्डेन, ललितपुर

## काठमाडौं पिकनिक सर्किट

काठमाडौं उपत्यका वरपर तथा छिमेकी जिल्लाहरूमा दर्जनौं पिकनिक स्पट छन् । अझ उपत्यकाको पिकनिक सर्किटको कुरा गर्ने हो भने पूर्वमा काभ्रेको दोलालघाटदेखि पश्चिममा त्रिभुवन पार्कसम्म दर्जनौं पिकनिक स्पट विकास गरिएका छन् । उत्तर पश्चिम नुवाकोटको ककनीदेखि सुदूर दक्षिणमा ललितपुरको लेलेसम्म अहिले पिकनिक खानेहरूको रोजाइमा पर्दै आएका छन् । काठमाडौंको मुख्य बिन्दु रत्नपार्कबाट ४ किलोमिटरको दूरीदेखि ८० किलोमिटर टाढा रहेको दोलालघाटसम्म पिकनिक स्पटहरू छन् । केही पिकनिक स्पट र तिनका विशेषता :

### गोदावरी
नेपालको एकमात्र वनस्पति उद्यान गोदावरी बोटानिकल गार्डेन काठमाडौं उपत्यकावासीका लागि पहिलो रोजाइको पिकनिक स्पट मानिन्छ । गोदावरी रत्नपार्कबाट १५ किलोमिटरको दूरीमा छ ।

### नगरकोट
हिमाली श्रृंखला अवलोकनका लागि कहलिएको भक्तपुरको नगरकोट पनि उपत्यकाको लोकप्रिय पिकनिक स्पट हो ।

### ककनी
हिमाली श्रृंखला अवलोकन तथा काठमाडौं उपत्यकाको विहंगम दृश्यावलोकन गर्न सकिने ककनी नुवाकोट जिल्लामा पर्छ ।

### दक्षिणकाली
धार्मिक मानिसहरूको रोजाइमा पर्ने दक्षिणकाली अहिले पनि उपत्यकाको लोकप्रिय पिकनिक स्पट हो ।

### जहरसिंह पौवा
पछिल्लो समय चियाखेतीका लागि परिचित हुँदै आएको जहरसिंह पौवा उपत्यकाको सबैभन्दा कान्छो पिकनिक स्पट मानिन्छ ।

### ब्रजबाराही
ललितपुरको चापागाउँस्थित उपत्यकाका चार बाराहीमध्ये एक ब्रजबाराही पनि लोकप्रिय पिकनिक स्पट हो ।

### बालाजु
गोदावरीमा सरकारले वनस्पति उद्यान स्थापना गर्नुअघि नेपालको आधिकारिक बनस्पति उद्यानका रूपमा मान्यता पाएको बालाजु आफ्नो धार्मिक तथा ऐतिहासिक महत्वको २२ धारा तथा वाटर क्यास्केडका लागि सुपरिचित छ ।

### कार्यविनायक
ललितपुरको दक्षिणमा अवस्थित कार्यविनायक पनि उपत्यकाका चार विनायकमध्ये एक हो । नजिकै रहेको सांस्कृतिक सहर खोकना र बुङ्मतीका कारण पनि कार्यविनायक पिकनिक खानेहरूको रोजाइमा पर्ने गरेको छ ।

### लाँकुरी भन्ज्याङ
पछिल्लो समय विकसित यातायातको सुविधाका कारण ललितपुरको पूर्वी भागमा रहेको लाकुरी भन्ज्याङ सूर्योदय र सूर्यास्त अवलोकन तथा हिमश्रृंखलाहरूको मनोरम दृश्यका लागि लोकप्रिय हुँदै गएको छ ।

### चोभार
हालै निर्माण गरिएको मञ्जुश्री पार्कका कारण चोभार पनि उपत्यकाको प्रमुख पिकनिक गन्तव्यका रूपमा विकसित भएको छ ।

### धुलिखेल
हिमाली श्रृखलाको अवलोकनका लागि कहलिएको काभ्रेको धुलिखेल पनि लोकप्रिय पिकनिक स्पट हो ।

### दोलालघाट
काभ्रेको दोलालघाट भएर बग्ने इन्द्रावती नदीको छेउछाउमा पिकनिक जानेहरूको ठूलै लर्को हुन्छ । नदी किनारमा पिकनिक खान पाइने यो सबैभन्दा नजिकको गन्तव्य हो ।

### त्रिभुवन पार्क
काठमाडौंको पश्चिम नाका थानकोट नजिकै रहेको त्रिभुवन पार्क खासगरी बालबालिकाहरूसँग पिकनिक खाने रमाइलो ठाउँ हो ।

### चाँगुनारायण
उपत्यकाकै सबैभन्दा पुरानो मन्दिर चागुनारायण पनि धार्मिक पर्यटन तथा पिकनिकका लागि पहिलो रोजाइमा पर्छ ।

### सल्लाघारी सुवर्णेश्वर
भक्तपुरको सल्लाघारीमा दुई वटा पिकनिक स्पट छन्– एउटा सुवर्णेश्वर महादेवमा र अर्को सल्लाघारीमा । पर्याप्त पानी र घाम पनि लाग्ने भएकाले सल्लाघारी र सुवर्णेश्वरलाई रोजाइको पिकनिक स्पट मानिन्छ ।

### सुन्दरीजल
नेपालको दोस्रो पुरानो जलविद्युत् केन्द्र रहेको तथा काठमाडौंमा खानेपानी आपूर्ति गर्ने प्रमुख केन्द्र सुन्दरीजल उपत्यकाका लागि लोकप्रिय पिकनिक स्पट हो । यहाँ पनि खोला किनारमै पिकनिक खाइन्छ ।

### सुकुटे बीच
सिन्धुपाल्चोकको सुकुटे बीच पनि कहलिएको पिकनिक स्पट हो । नदी किनारको रमाइलो वातावरणमा पिकनिक मनाउन पारखीहरूले यो ठाउँ रोज्ने गरेका छन् ।

### शंखपार्क
धुम्बाराहीस्थित शंखपार्कलाई पनि विभिन्न संघसंस्थाले पिकनिक स्पटका रूपमा प्रयोग गर्दै आएका छन् । शंखपार्कलाई काठमाडौंको सबैभन्दा नजिकको पिकनिक स्पट मानिन्छ ।

### बूढानीलकण्ठ
बूढानीलकण्ठ उपत्यकाको लोकप्रिय पिकनिकस्थल मानिन्छ । बूढानीलकण्ठको शिवपुरी जंगल क्षेत्र तथा वरपरका केही डाँडामा पिकनिक जानेहरू प्रशस्तै हुन्छन् ।

### सूर्यविनायक
भक्तपुरको दक्षिणमा रहेको सूर्यविनायकबाटै उपत्यकामा घामको झुल्कोले प्रवेश गर्ने मान्यता छ । उपत्यकाका चार विनायकमध्ये एक सूर्यविनायकमा पिकनिकका लागि सबै किसिमका सुविधा उपलब्ध छन् ।

सूर्य विनायकनजिकै रहेको पाइलटबाबाको आश्रम पनि पिकनिक गन्तव्यका रूपमा विकसित भएको छ । यसबाहेक उपत्यकामा व्यवसायिक रूपमा खुलेका कतिपय रिसोर्टहरूले समेत पिकनिक आयोजना गर्ने गरेका छन् ।

# पूर्वका चर्चित पिकनिक स्पट

**प्रदेश नम्बर-१ मा धेरै राम्रा वनभोज स्थलहरु छन् । सुनसरी, मोरङ, झापा, इलाम तथा धनकुटाका चर्चित वनभोजस्थलहरुमा अहिले निकै भीडभाड छ । एक नम्बर प्रदेशका केही चर्चित वनभोज स्थल :**


बेतना सिमसार, मोरङ

### कन्याम

इलामको कन्याम लोकप्रिय पिकनिक गन्तव्य हो । ढकमक्क हरियाली चियाबारी भएको यो पिकनिक गन्तव्यमा नेपाल मात्र होइन, इलामसँग सिमाना जोडिएका भारतीय क्षेत्रका पर्यटकहरूसमेत आउँछन् । पिकनिकको सिजनमा यहाँ दैनिक २५ देखि ५० वटा समूहले पिकनिक खाइरहेका हुन्छन् ।

### माईपोखरी

इलाम बजारबाट १५ किलोमिटर उत्तरमा अवस्थित माईपोखरी इलामको अर्को महत्वपूर्ण पिकनिक गन्तव्य हो । समुन्द्री सतहबाट २ हजार १ सय ३० मिटरको उचाइमा अवस्थित यो पोखरी वनस्पति, चराचुरुंगी, जलचर तथा थलचर मात्र नभई आकर्षक प्राकृतिक बनावटका कारणसमेत चर्चित छ ।

### जामनुखाडी

झापाको कन्काई नगरपालिकामा पर्ने जामुनखाडीमा अहिले पिकनिक जानेहरूको भीड बढेको छ । झापाको सुरुङ्गा बजारबाट २ किलोमिटर तथा महेन्द्र राजमार्गबाट १ किलोमिटर उत्तरमा रहेको जामुनखाडी २६ दशमलव ५४ हेक्टरमा फैलिएको छ । यहाँ दैनिक औसतमा ५ सय आगन्तुक आउने बताइन्छ । दुर्लभ वन्यजन्तुको अवलोकन, झोलुङ्गे पुल, हरिण पार्क, बाल उद्यान, बोटिङ आदिका कारण जामुनखाडीको आकर्षण बढ्दो छ ।

### बर्जुताल सुनसरी

सुनसरीको बर्जु गाउँपालिका-६ स्थित १ सय ५१ विघा क्षेत्रफलमा फैलिएको बर्जुतालमा १ सय विघाको जलाशय क्षेत्र छ । अहिले यहाँ तालको छेउमा वनभोज खान आउनेहरूको भीड बढेको छ । विराटनगर, बरगाछीबाट ८ किलोमिटर पश्चिम हिडेपछि बर्जुताल पुग्न सकिन्छ ।

### भेडेटार

सुनसरी र धनकुटाको सिमानामा अवस्थित भेडेटार धरान बजारबाट १७ किलोमिटरको दूरीमा छ । भेडेटारको भ्यू टावरबाट मकालु, कञ्चनजंघा तथा सगरमाथाजस्ता विश्वका सर्वोच्च शिखरहरू मात्र होइन, पूर्वी तराईका हरियाली फाँटहरू समेत देख्न पाइन्छ ।

### राजारानी

भेडेटारबाट २० किलोमिटर टाढा पर्ने राजारानी आकर्षक भू-बनौट एवं सुन्दर तालका कारण चर्चामा छ । पूर्वी तराईका थुप्रै पिकनिक पारखीहरूले राजारानीलाई गन्तव्य बनाइरहेका छन् ।

### बेतना सिमसार


मोरङको बेलबारी नगरपालिकामा पर्ने बेतना सिमसार क्षेत्र पर्यटकीय आकर्षणको केन्द्र हो । १ सय ७५ हेक्टर क्षेत्रफलमा फैलिएर पूर्व-पश्चिम राजमार्गनजिकै रहेको बेतना सिमसार क्षेत्रमा पिकनिक, बोटिङ, जंगल सफारी गर्न आउनेहरूका अतिरिक्त दैनिक १० वटा समूह वनभोज खान पुग्ने गरेको बताइन्छ ।

### मूलघाट

धनकुटा नगरपालिका तथा साँघुरीगढी गाउँपालिकाअन्तर्गत पर्ने मूलघाटको तमोर नदीको किनारमा पुस र माघको जाडोमा पिकनिक खानेहरूको भीड लाग्छ । तमोर नदीको किनारमा वनभोज खान तराईका जिल्लाबाट दैनिक ८ देखि १० वटा समूह आउने स्थानीय बासिन्दाहरू बताउँछन् ।

अनिल श्रेष्ठ

# दाङका पिकनिक स्थल


बाह्रकुने दह, दाङ

**पश्चिम नेपालको ठूलो उपत्यकाका हो- दाङ । जाडो मौसममा पिकनिकको रहरले यो उपत्यका र आसपासका क्षेत्रलाई छोप्छ । दाङका केही प्रमुख पिकनिक गन्तव्य :**

### पाण्डवेश्वर धारपानी, घोराही

धारापानीस्थित पाण्डेश्वर मन्दिर क्षेत्र जिल्लाकै सबैभन्दा महत्वपूर्ण पिकनिक क्षेत्र मानिन्छ । विश्वकै अग्लो त्रिशुल रहेको दावी गरिएका कारण यहाँ त्रिशूल हेर्नकै लागि मानिसहरूको भीड लाग्छ । त्रिशूल हेर्दै, रमाउँदै पिकनिक खान सकिने भएकाले यसको आकर्षण बढेको हो ।

### पुरन्धारा छहरा, बबई

बबई गाउँपालिकाको पुरन्धारास्थित छहरा पर्यटकीय महत्वको क्षेत्र हो । यहाँ छहरा हेर्न र पिकनिक खान जिल्लाका विभिन्न भागका मानिसहरू आउँछन् । यहाँ छहराको मनोरम बातावरणले सबैलाई लोभ्याउँछ ।

### शीतलपुर, तुलसीपुर

तुलसीपुरको बबई नदी किनारमा अवस्थित शितलपुरमा पनि पिकनिक खान जानेहरूको भीड देखिन्छ । बबई नदीको किनारमा खेल्दै रमाउँन यो स्थल निकै महत्वपूर्ण मानिन्छ । तुलसीपुर-अमिलिया सडकखण्ड छेउमै पर्ने भएकाले यो ठाउँमा यातायातको सहज पहुँच छ ।

### बाह्रकुने दह, घोराही


घोराही उपमहानगरपालिकास्थित बाह्रकुने दह जिल्लाको महत्वपूर्ण पिकनिक स्थल हो । बाह्रकुने दहमा डुंगामा सयर गर्न तथा मन्दिरमा पूजा गर्न पाइने अनि एकान्त स्थल भएकाले पिकिनक खानेहरूको घुइँचो लाग्छ ।

### जखेरा ताल, देउखुरी

देउखुरी उपत्यकाअन्तर्गत लमही नगरपालिकाको सोनपुरमा पर्ने जखेरा ताल जिल्लाको महत्वपूर्ण पर्यटकीय गन्तव्य हो । पूर्व पश्चिम राजमार्गको उत्तरतर्फ नजिकै पर्ने भएकाले यहाँ जान आउन सजिलो छ । पहाडको फेदीमा रहेको जखेरा ताल डुंगा सयरका लागि समेत उपयुक्त छ । खुला र पर्याप्त ठाउँ भएकाले यहाँ एकैपटक धेरै समूहले पिकनिक खान सक्छन् ।

दुर्गालाल केसी

# मकवानपुरका पिकनिक स्थल


दामन, मकवानपुर

**मकवानपुरमा एक दर्जनभन्दा बढी पिकनिकस्थल छन् । ती पिकनिक स्थलमा मकवानपुरका स्थानीय बासिन्दा मात्र नभई प्रदेश नं २का वीरगञ्ज, कलैया, जनकपुर लगायत सीमावर्ती भारतीयहरु पनि पिकनिकका लागि आउँछन् । त्यसैगरी मार्खु र दामन-सिमभञ्ज्याङमा काठमाडौंदेखि पिकनिकका लागि पुग्ने गरिन्छ ।**

### सहिद स्मारक

हेटौंडा उपमहानगरपालिका, नवलपुरस्थित सहिद स्मारक पार्क पिकनिकको मुख्य थलो बनेको छ । शनिबार र अन्य बिदाका दिन सहिद स्मारकको अवलोकनसहित पिकनिक खान आउनेहरूको समूह ५० भन्दा बढी हुन्छ । यहाँ मकवानपुरका मात्र होइन, मुलुकका विभिन्न भागसहित भारतबाट पनि पिकिनिक मनाउन आउनेहरू उत्तिकै हुन्छन् । हेटौंडा बजारबाट करिब ७ किलोमिटरको दूरीमा रहेको सहिद स्मारक पार्कमा बिदाको दिन पिकनिक खान तथा अवलोकन गर्न आउनेहरूको भीड लाग्छ । यो स्मारकभित्र आधा दर्जन पिकनिक स्थल छन् भने झोलुङे पुल, बगैंचा तथा मिनी जुसमेत छ ।

### दामन, सिमभञ्ज्याङ

मकवानपुर जिल्लाको उत्तरी क्षेत्रमा पर्ने दामन सिमभन्ज्याङ पनि पिकनिक स्थलका रूपमा विकसित हुँदै गएको छ । हेटौंडा र काठमाडौंको मध्यभागमा पर्ने दामन, सिमन्ज्याङमा बिदाका दिन विभिन्न स्थानबाट पिकनिक खान पुग्नेहरूको लर्को लाग्छ । सधैं चिसो र स्वच्छ हावा बगिरहने यो क्षेत्रमा वनस्पतिको अध्ययन एवं हिमालको अवलोकन गर्न आउनेहरू पनि उत्तिकै हुन्छन् । दामन, सिमभन्ज्याङका विभिन्न भागमा पिकनिक स्थल निर्माण गरिएको छ ।

### इन्द्रसरोवर मार्खु

इन्द्रसरोवर गाउँपालिका-१ र २ मा पर्ने नेपालकै पहिलो मानव निर्मित जलाशय इन्द्रसरोवरको किनार पिकनिकस्थलका रूपमा विकसित हुँदै गएको छ । इन्द्रसरोवर गाउँपालिका-१ मार्खुमा दैनिक ३ सयभन्दा बढी आन्तरिक तथा ५० भन्दा बढी बाह्य पर्यटक पुग्ने गरेका छन् । शनिबार वा सार्वजनिक बिदाका दिन मार्खु क्षेत्रमा पर्ने इन्द्रसरोवरको किनारमा पिकनिक खान तथा डुंगामा बसेर सरोवरको सयर गर्न आउनेहरूको भीड लाग्छ । इन्द्रसरोवरको किनारमा भएका कतिपय लज तथा होटलले पिकनिकको व्यवस्थापनसमेत गरिदिन्छन् । ३ सय मिटर चौडा तथा ७ किलोमिटर लामो इन्द्रसरोवरमा बोटिङको समेत व्यवस्था छ ।

यसैगरी मकवानपुरको उत्तरी क्षेत्र थाहा नगरपालिकामा पर्ने डाँडाबास पनि पिकनिक स्थलका रूपमा विकसित हुँदै गएको छ । मोटरबाटोको सुविधा भएकाले प्राकृतिक रूपमा मनोरम डाँडाबासमा विशेष गरी उत्तरी क्षेत्रका बासिन्दाहरू पिकनिक खान पुग्छन् । मकवानपुरको अर्को महत्वपूर्ण पिकनिक स्थल हेटौंडा उपमहानगरपालिकास्थित गुम्बाडाँडा पनि हो, जहाँ ढुंगाका मूर्तिहरू छन् । त्यहाँ पिकनिक स्थल पनि छ ।

प्रताप विष्ट

# सुदूरपश्चिमका चर्चित वनभोज स्थल

सुदूर पश्चिममा वनभोजका एकसे एक गन्तव्य छन् । कर्णाली र महाकाली दुईवटा ठूला नदी यही क्षेत्र भएर बग्छन् । ती नदी किनारहरू पिकनिक गन्तव्यका रूपमा कहलिएका छन्, त्यसबाहेक पार्क, ताल तथा मन्दिर वरपरका क्षेत्र पनि वनभोजका लागि रोजाइमा पर्ने ठाउँ हुन् ।


कैलालीको गोदावरी

### गोदावरी

सातवटा पहाडी जिल्लाको प्रवेशद्वार चुरे फेदीमा रहेको गोदावरी क्षेत्र प्रदेशको सबैभन्दा चल्तीको वनभोज स्थल हो । धनगढीबाट २१ किलोमिटरको दूरीमा गोदावरी नदीछेउमा थुप्रै वनभोज स्थल छन् । कञ्चनपुर र कैलालीका विभिन्न भागबाट नजिक पर्ने गोदावरी क्षेत्रमा डोटी तथा डडेल्धुराका समूहहरू समेत पिकनिक खान आउँछन् ।

### बूढीतोला

अत्तरियाबाट २७ किलोमिटरको दूरीमा चूरे पहाडको मध्य भागमा अवस्थित बूढीतोला पनि पिकनिकका लागि चर्चित बन्दै गएको छ । अधिकतम ४४ डिग्रीसम्म तापक्रम पुग्ने धनगढीको गर्मी छल्न र न्यूनतम ५ डिग्री सेल्सियससम्मको चिसो छल्न दुवै मौसममा बूढीतोलामा वनभोज आयोजित गरिन्छन् । चिसो मौसममा घाम लाग्ने र गर्मीयाममा चिसो हुने भएकाले बूढीतोला वनभोज खानेहरूको रोजाइमा परेको छ ।

### जोखर ताल

धनगढी उपमहानगरपालिकाको जोखर ताल वनभोज स्थलसँगै पर्यटकीय गन्तव्यसमेत हो । धनगढी बजारबाट ७ किलोमिटरको दूरीमा अवस्थित जोखर ताल क्षेत्रलाई संरक्षित गरिएको छ । प्राकृतिक रूपमा निकै सुन्दर मानिने जोखर ताल क्षेत्रमा कैलाली-कञ्चनपुरका मात्र नभै प्रदेश नम्बर ५ र ६ का विद्यार्थीहरूसमेत अध्ययन भ्रमणमा आउने गरेका छन् ।

### बेतकोट ताल

पूर्वपश्चिम राजमार्गअन्तर्गत कञ्चनपुरको दैजी बजारबाट १४ किलोमिटरको दूरीमा (चुरे पहाडको मध्यभागमा) बेतकोट ताल छ जहाँ वनभोजका लागि बिभिन्न क्षेत्र तोकिएको छ ।ताललाई असर नपर्ने गरी तालभन्दा ३ सय मिटर तलतिरको क्षेत्रमा वनभोज स्पटहरू बनाइएका छन् ।

### टीकापुर पार्क

टीकापुर पार्कमा वनभोज खान आउने समूहहरू नै यो पार्कको कमाइका प्रमुख आधार हुन् । गत वर्ष यो पार्कको कमाइ ३६ लाख थियो । यो वर्ष यो पार्कमा वनभोज खान र घुम्न आउनेहरूबाट झन्डै ४० लाख कमाइ हुने अनुमान गरिएको छ । तिहारदेखि माघीसम्म टिकापुर पार्कमा वनभोज खानेहरूको भीड लाग्छ ।

### घोडाघोडी ताल

पूर्वपश्चिम राजमार्गअन्तर्गत कैलालीको घोडाघोडी क्षेत्रमा अवस्थित घोडाघोडी ताल सूचीकृत सिमसार क्षेत्र पनि हो । यो ताल पर्यटकीय दृष्टिकोणले मात्र नभै जैविक विविधताका दृष्टिकोणले पनि महत्त्वपूर्ण छ । दुर्लभ चराहरूको बासस्थानका रूपमा चर्चित यो ताल क्षेत्रमा वनभोजका लागि आउने मानिसहरूको संख्या ठूलै हुन्छ ।

डिआर पन्त

# रमाउने बहाना बन्दै पिकनिक

चिसो बढेसँगै पोखरा क्षेत्रमा पिकनिकको माहोल गजबले जमेको देखिन्छ । पोखरा तथा आसपासमा थुप्रै पिकनिक स्थल छन् । आयोजकहरूले आफ्नो इच्छाअनुसार नजिकै तथा टाढाको पिकनिकस्थल रोज्छन् । पोखराका पिकनिक स्थलमध्ये शान्तिवन वाटिका पिकनिक आयोजना हुने मुख्यस्थल हो । पोखरा बजारमै पर्ने भएकाले यो स्थल धेरैको रोजाइमा पर्छ । यसैगरी पोखरा माटेपानी गुम्बा नजिकै कार्कीडाँडामा रहेको पिकनिक स्थलमा रमाउनेहरू पनि उत्तिकै हुन्छन् ।



रोयल ट्रेकका रूपमा परिचित ठूलाकोट पिकनिक स्थल अहिले धेरैको रोजाइमा पर्न थालेको छ । कास्कीका सात ताल, साविक पोखरा, साविक लेखनाथका थुप्रै क्षेत्रमा धौलागिरि, माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लु, गणेश, लमजुङ हिमालका दृश्यसँगै कास्कीका विभिन्न गाउँका दृश्य हेर्दै रमाउने अवसर पाइन्छ । पुम्दीकोट टावरमा पुगेर पिकनिकमा रमाउन लालायित हुनेहरू उत्तिकै हुन्छन् । यहाँबाट पनि विभिन्न रमणिय दृश्य नियाल्दै पिकनिक खान पाइन्छ ।

फेवा, वेगनास, रूपा, मैदी, दिपाङ, खास्टे, न्युरिने, गुँदे तालको किनार पनि पिकनिकमा रमाउनेहरूको रोजाइमा पर्छन् । यसैगरी हेम्जा फेदी, पामे, धम्पुस, लुम्ले, काँडे, रुपाकोर्ट रिसोर्ट नजिकै, धारापानी, शान्तिस्तूपा, दोविल्ला, महेन्द्र गुफा, याम्दी, भुर्जुङखोला, कालिखोला, विजयपुरखोला, खपौदी, माछिकुना आदि ठाउँमा पुगेर पिकनिक आयोजना गर्नेहरू पनि उत्तिकै छन् । यसरी आयोजना हुने पिकनिकमा अधिकांशले क्याटरिङकै सेवा लिन्छन् भने केहीले आफैं पकाउँछन् । केही भने घरबाटै विभिन्न परिकार लाँदै ड्राइ पिकनिकमा रम्छन् । त्यसका अतिरिक्त कास्कीका विभिन्न गाउँ, खोला किनारा, समाजघर, पार्टी प्यालेसमा समेत पिकनिक कार्यक्रमको आयोजना गरिएको पाइन्छ । पिकनिक स्थल प्रयोग गरेबापत ठाउँ र समूहअनुसार निश्चित शुल्क तिर्नुपर्ने हुन्छ । चिसो मौसममा घाम लाग्ने पारिलो ठाउँ तथा गर्मी मौसममा खोला किनारा एवं हावा चल्ने डाँडा पिकनिक खानेहरूको रोजाइमा पर्छ । पोखराबाट तनहुँको बन्दिपुर, व्यासगुफा, छाब्दीबराह आदि स्थानमा पिकनिक खान जानेहरू पनि उत्तिकै हुन्छन् ।

राजाराम पौडेल


# बुटवलका पिकनिक स्पट




**जाडो मौसममा बुटवल वरपरका पिकनिक स्पटहरू भरिएका हुन्छन् । कोही पिकनिक मनाउनकै लागि भनेर पाल्पाका पहाडी क्षेत्र पुग्छन् भने धेरैको रोजाइमा व्यवस्थित र सुविधासम्पन्न फूलबारी एवं वनवाटिकाहरू पर्छन् ।**

### मणि मुकुन्दसेन उद्यान

फूलबारीका नामले चिनिने रूपन्देहीको सबैभन्दा बढी व्यस्त र भरिभराउ हुने वनभोज स्थल हो– मणिमुकुन्द सेन उद्यान । बुटवल उपमहानगरपालिकाको वडा नम्बर १ मा छ यो उद्यान । १५ बिघा क्षेत्रफलमा फैलिएको यो रमणीय फूलबारीमा १५ वटा व्यवस्थित पिकनिक सेड छन् भने एक दिनमा सयवटा समूह अटाउन सक्ने खुला ठाउँ छ ।



यहाँ राजा मणिमुकुन्द सेनको पालाको शिवालय मन्दिर, विष्णु पादुका र स्वामी नारायण मन्दिर तथा मुस्लिम समुदायको धार्मिक स्थलसमेत छन् । चिडियाखाना, सहिद स्मारक, बालउद्यान, भ्यू टावर, आकर्षक र रमणीय पार्कहरू, सवारी साधन पार्किङका लागि प्रशस्त स्थान आदि यो उद्यानका विशेषता हुन् ।

### वनवाटिका

रूपन्देहीको सबैभन्दा ठूलो पिकनिक स्थल हो- शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र (वनवाटिका) । सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल-भैरहवा सडक खण्डको शंकरनगरचोकदेखि डेढ किलोमिटर पुर्व र पूर्व-पश्चिम राजमार्गको बुटवल चौराहाबाट दक्षिण-पूर्व २ किलोमिटर दूरीमा पर्ने ५१ हेक्टर क्षेत्रफलमा फैलिएको यो वनवाटिका पछिल्ला वर्षहरूमा वनभोज स्थलकै रूपमा विकसित हुँदै गएको छ । समथर भूभाग, पानीको पर्याप्तता, हरेक पिकनिक सेडसम्म चारपांग्रे सवारी साधन पुग्न सक्ने प्रशस्त ठाउँ भएकाले धेरैले यो वनवाटिकालाई सजिलो पिकनिक स्पटका रूपमा लिइन्छ । यहाँ२१ वटा पिकनिक सेड छन् भने एकै दिन डेढ सय समूह अटाउन सक्ने खाली चौर छ । २०६२ सालदेखि सञ्चालनमा आएको यो वनवाटिकामा बीपी वाटिका, पुष्पलाल पार्क, सहिद वाटिका, लखन थापा पार्क, शुकदेव पार्क, थारु संग्रहालय, मिनी चिडियाखाना, बालउद्यान तथा मन्दिरहरू पनि छन् । आधा दर्जन रमणीय पार्क, बाल उद्यान, मन्दिरहरू, चिडियाखानाभित्र लोपोन्मुख सरिसृप अजिंगर, भालु, चितुवा, बँदेल, नीलगाई, मृग, बाँदरलगायत जनावर, विश्वकै ठूलो पन्छी अस्ट्रिच, दुर्लभ गिद्ध, चित्तल, मयूर आदि पाल्तू एवं जंगली चराचुरुंगी, विभिन्न प्रजातिका वनस्पती यहाँका आकर्षण हुन् ।

टोपराज शर्मा

# पिकनिकबाटै १७ लाख आम्दानी



ज्ञानेश्वर सामुदायिक वन, चितवन

चितवनमा पिकनिक खाने गन्तव्यको कमी छैन । अहिले यहाँका पुराना तथा नयाँ गन्तव्यमा पिकनिक जानेहरूको भीड बढ्दै गएको छ । सहरी क्षेत्रभन्दा भित्री ठाउँमा गएर पिकनिक जानेहरू बढी हुन्छन् । सबैभन्दा बढी भीड हुने गन्तव्यमा पर्छ- भरतपुर-१६ स्थित सानोगढी । यो ठाउँमा शनिबारको दिन खुट्टा राख्ने ठाउँ हुँदैन ।

सानोगढीमा एकैदिन ५५ वटा समूहसम्म पिकनिक खाइरहेका भेटिन्छन् । यो ठाउँमा सिजनमा पिकनिक खानेहरूको भीड लाग्छ । नारायणी किनार भएकाले वरिपरिको दृश्यले सबैलाई लोभ्याउँछ । अहिले नदीको पानी घटेको छ ।

ज्ञानेश्वर सामुदायिक वन क्षेत्रभित्र पर्ने यो ठाउँमा ०६३ सालबाट पिकनिक आउनेहरूको भीड बढ्दै गएको हो । यहाँ १० वटा टहरा निर्माण गरिएको छ । भरतपुरबाट ७ किलोमिटर पश्चिम-उत्तरमा पर्ने यो ठाउँमा पिकनिक खानका लागि भैरहवा, तनहुँको दमौली, बाराको कलैयादेखिका मानिस आउँछन् ।

वनले एउटा ठाउँको १ हजार ५ सय रुपैयाँ तथा प्रतिव्यक्ति २० रुपैयाँ लिन्छ । कार्तिकदेखि चैतसम्म पिकनिक आउने क्रम जारी रहन्छ । सबैभन्दा बढी भीड मंसिर महिनामा हुन्छ । वनले पिकनिकबाटै बार्षिक १७ लाख रुपैयाँसम्म आम्दानी गर्ने गरेको छ । यहाँ अजिंगर, मृग आदि नजिकबाट हेर्न पाइन्छ ।

चितवनमा अर्को भीड हुने पिकनिक गन्तव्य हो-कंकाली सामुदायिक वन । जहाँ ठाउँ-ठाउँमा टहरा बनाइएको छ । खैरहनी नगरपालिका-४ मा पर्ने यो ठाउँमा सार्वजनिक बिदाका दिन पिकनिक आउनेहरूको भीड हुन्छ । यहाँ स्वीमिङमा समेत रमाउन पाइन्छ भने नजिकैको मगर संग्रहालयसमेत हेर्न पाइन्छ । त्यस्तै सौराहा नजिकै रहेको रमाइलो डाँडा, छिमेकी नवलपरासीको गौंडाकोटस्थित मौलाकालिकाको फेदी तथा ब्रिटिस क्याम्पमा समेत पिकनिक खान जानेहरूको कमी हुँदैन ।

विमल खतिवडा

# नेपालगन्ज वरपरका पिकनिक स्पट



बर्दियाको बबई नदीमा निर्मित भादा पुल

**पश्चिम तराईको प्रमुख व्यापारिक सहर नेपालगन्ज होस् वा बर्दिया अथवा सुर्खेत, दैलेख र दाङका सहर उन्मुख बजार नै किन नहुन् ? यी बजारसँगै वरपरका गाउँबस्तीबाट एक दिन भए पनि पिकनिक जाने क्रम बढ्दो छ ।**

### कर्णाली रिभर

नेपालगन्जबाट पश्चिम २ घण्टाको दूरीमा रहेको कर्णाली नदीको पुल भएको चिसापानी क्षेत्र रमणीय स्थल हो । व्यवस्था मिलाउन सके यहाँ बोटिङसमेत गर्न सकिन्छ । रोमाञ्चक जल यात्राका लागि कर्णाली चिसापानी उपयुक्त स्थल हो । कर्णाली नदी पिकनिकका लागि सबै सुविधा युक्त स्थल मानिन्छ ।

### बर्दिया बबई ब्यारेज

सानै र साँघुरो भए पनि यो ब्यारेज प्राकृतिक सुन्दरताले भरिपूर्ण छ । महेन्द्र राजमार्गसँगै जोडिएको बर्दिया बबई ब्यारेजबाट बबई सिँचाई आयोजना सञ्चालन भएको छ । यहाँ बस्दा जलचरसँगै वन्यजन्तु विचरणको रोमाञ्चक दृश्य नियाल्न सकिन्छ ।

### ठाकुरद्वारा

बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने ठाकुरद्वारा धार्मिक महत्वको स्थल हो । नेपालगन्जबाट झन्डै ९० किलोमिटर दूरीमा पर्ने ठाकुरद्वारामा धेरै यस्ता स्थल छन् जहाँ पिकनिक खान सकिन्छ । पिकनिकका लागि हात्तीसार जानेहरू सबैभन्दा बढी हुन्छन् । खुला चौर छेउमै कर्णाली नदीको एउटा भँगालोको पानीसमेत उपलब्ध हुन्छ ।

### भादा पुल

नेपालगन्जबाट बर्दिया सदरमुकाम गुलरिया हुँदै अन्नको भण्डार राजापुर जाँदा बीच बाटोमा पर्ने भादा पुल वरपरको क्षेत्र पनि उत्तिकै रमणीय छ । पछिल्ला केही वर्षयता भादा पुल क्षेत्र पनि वनभोजको गन्तव्य बनेको छ ।

### सिक्टा/अगैया

राष्ट्रिय गौरवको सिक्टा सिँचाइ आयोजनाको मुख्य ब्यारेज अनि राप्ती नदी र नजिकैको वनक्षेत्र । घुम्ने बस्ने र वनभोज खाने अर्को राम्रो स्थलमा परिणत हुँदै गएको छ– उत्तर-दक्षिण हरियो जंगल । बीचमा राप्ती नदी बग्छ । यहाँ पौडी खेल्ने चाहना पनि पूरा गर्न सकिन्छ ।

### सुर्खेत बबई

बाँके र बर्दियाको अर्को सिमा नदी बबई चुरे क्षेत्रमा पर्छ । भेरी-बबई बहुउद्देश्यीय डाइभर्सन आयोजना स्थल भएकाले पनि बबई पिकिनिकका लागि सबैको रोजाइमा पर्छ ।

### बाँकेको ढकेरी

महादेवपुरीस्थित ढकेरी क्षेत्र वनभोज तथा रिफ्रेसमेन्टका लागि परिचित हुँदै गएको छ । ढकेरीमा सञ्चालन भएका कटेज, रेस्टुराँ एवं नजिकैको रिम्ना सामुदायिक वनक्षेत्रमा आकर्षण बढ्दै गएको छ । शान्त र एकान्त हुनाले यो वन क्षेत्र पिकनिकका लागि उपयुक्त गन्तव्य बन्दै गएको हो ।

जे पाण्डे

## ट्विटर #पिकनिक

पिकनिक पनि थाइल्यान्ड लगे पो जानु । नाथे ती एउटै ठाउँ कति जान्छौ एई असती हो ।

@kiraticheli

पिकनिक खान लेहेङ्गा लाएर नि आउँदा रान्, हण यै कुरा देख्न भूकम्पले नलग्या हो मलाई ।

@beingccr

आज पिकनिक जानेहरूको ईर्ष्या गरेर दिन बिताइयो ।

@dah_raj

आज पिकनिक गएकाहरू किडन्यापमा परे कि भन्ने चिन्ता लाग्दैछ, जाँदा चकाचक थ्यो, अहिले अत्तोपत्तो छैन ।

@thetakala

बूढासँग पिकनिक जान छोडेर घरमा के एक्लै बसेकी भने धेरैले मलाई, तर कहिलेकाहीं घरमा एक्लै बस्न, आफ्नै हिसाबले पर्सनल टाइम स्पेन्ड गर्न कति मजा आउँछ भन्ने कुरा ती मानिसहरूलाई के था' ?

@Mayouree

त्यत्रो पिकनिकमा त्यही एउटी चाँचरी मात्रै नाच्या भिडियो देख्छु जताततै ।

@Being_Ashmita

अनि पिकनिक मनाउन गा'का मान्छे चै कहिले फर्किन्छन् हँ ? कि कोहीकोही बाटैमा हराए ?

@Rockcchya

पिकनिकमा कति जोडी लभ पार्न सफल भएछन् तथ्यांक पाऊँ त ?

@bgketo

दमकमा हुँदा दोमुखा, चिप्लेटी, तमोर त कहिले कन्याम, भेडेटारतिर पिकनिक जान्थ्यौं, कति रमाइला थिए ती दिनहरू– अब सम्झना मात्र ।

@S_chhetry

पिकनिक गा'का केटीहरू भाउ मात्र खाएर फर्कन्छन्, केटाहरू दाउ मात्र हेरेर फर्कन्छन् । लपचाहिँ कसैको नि परेन रे– गाइँगुइँ ।

@ohohogi

यो पिकनिक कि त खोलाको किनारमा कि त डाँडाको चुचुरोमै किन जान्छन् हँ ?

@l0stanzel

हिजोको मेरो ट्विटको असरले होला, आज एक जना बूढा कोट-पाइन्ट लगाएर पिकनिक गएका थिए ।

@NiranDai

पिकनिक गको पैसाले घर्मै पार्टी गऱ्या भे स्वास्नी छोराछोरी खुसी त हुन्थे । लैलैमा लाग्नाले दिन्भोरी हावा ख्वाए भन्दैछन् पिकनिक टोली ।

@sujitghimire50

पिकनिकमा खाने पकाउने सामान केही थिएन रे, तर प्रत्येकसँग सेल्फी स्टिक थियो रे ।

@SonOfKarki

राम्री-राम्री कोइ गा' रैनछन् पिकनिक, नगा'को नि ठीकै भएछ ।

@khadananda111

पिकनिक जान नपाउनुको पीडा तुम क्या जानो महेशबाबु ।

@chhumee

खोलापारि दिनदिनै पिकनिक टोली आएर मन बिगार्न थाले । नाचम नाचम बनाम्छन् ।

@anjaanmaya

मानिसहरू पिकनिक जाने भनेर कति रौसिएका हुन्, आफूलाई त साथीहरूले पिकनिक जाउभन्दा के बाहना बनाउने नजान, भन्ने चिन्ता हुन्थ्यो ।

@Bi_ani30

केटाहरूले पिकनिक जाने प्लान त बनाए, तर म अल्कोहल भए नजाने । उनीहरू अल्कोहल नभए नजाने ।

@Chature_

प्राइभेट गाडी भाडामा लिएर पिकनिक जाने केटा पो हो त असली मुन्छे त ।

@kandeldai

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

माघ ८ गते
श्रीपञ्चमी

## मेष

मंगलबारपछि क्रमिक रूपमा प्रगतिको मार्ग फेला पर्दै जानेछ। मठ-मन्दिरको परिक्रमा गर्नु लाभप्रद हुनेछ। परिवारजनले दिएको वचन पूरा नहुँदा आफूलाई मर्का पर्नेछ। धैर्य गर्न सके मात्र मनोकांक्षा पूरा होला। साताको अन्त्यमा खानपानसम्बन्धी कार्यक्रममा सहभागी भइनेछ।

## वृष

तपाईंको सामाजिक भूमिकाले धेरैको मन लोभ्याउनेछ। मन मिल्ने साथीले आफ्नो नामबाट फाइदा उठाउन सक्छन्, सचेत रहनुहोला। परिस्थितिसँग सम्झौता गर्नुपर्दा मन खिन्न हुनेछ। सोमबारदेखि शुभ चिन्तकहरूको साथ एवं विद्वान्हरूको सहयोग जुट्नेछ।

## मिथुन

भगवान्को स्मरणका साथै योग-ध्यान गरे मानसिक राहत मात्र प्राप्त हुनेछैन, शारीरिक आलस्यसमेत हटेर जानेछ। साथीहरूलाई आर्थिक कारोबारसम्बन्धी वचन दिँदा संयम अपनाउनुहोला। हरियो रंगको पहिरनले ठूलो उपलब्धि हात लगाउने सम्भावना छ। रातिको यात्रा गर्दा सावधानी अपनाउनुपर्नेछ।

## कर्कट

अरूको विश्वासमा पर्दा गोप्य सूचना बाहिरिन सक्छ। मेहनतले राम्रै अवसर प्रदान गर्नेछ। अपरिचित व्यक्तिहरूको कुरामा भर पर्नुपूर्व तथ्य पत्ता लगाउने प्रयत्न गर्नुहोला। विशिष्ट व्यक्तिहरूको प्रेरणाले समस्या सुल्झाउन सहयोग मिल्नेछ। यो साता पश्चिमतर्फको यात्रामा सफल भइनेछ।

## सिंह

माङ्गलिक कार्यको प्रस्ताव आउँदा अभिभावकको निर्णय शिरोधार्य गर्नुमै आफ्नो कल्याण छ। विदेश जाने प्रयासमा अपेक्षाकृत नतिजा प्राप्त हुन सक्छ। विशिष्ट व्यक्तिको सुझावमा सकारात्मक मार्ग पहिल्याउन सकिनेछ। साताको अन्त्यमा चिसोसम्बन्धी समस्याले सताउन सक्छ।

## कन्या

अपेक्षाकृत उपलब्धि हात पार्न केही समय कुर्नुपर्नेछ। प्रेमी-प्रेमिकाबीच अनावश्यक विवाद सिर्जना हुनसक्छ, संयम अपनाउनुहोला। मंगलबारपछि आफूभित्रको निराशा उत्साहमा परिणत हुनेछ। साताको अन्त्यमा आफन्तजनबाट खानपानको निमन्त्रणा पाइएला।

## तुला

विदेसिएका मित्रहरूले दिगो फाइदा हुने कार्य गर्ने अवसर जुटाउनेछन्। प्रलोभन देखाउनेहरूसँग टाढा रहँदै प्रतिष्ठा जोगाउने चेष्टा गर्नुहोला। प्रेमको बन्धन कसिने सम्भावना छ। बुधबारपछिका दिनले नयाँ अवसर सिर्जना गर्नेछन्। खानपान तथा भोज-भतेरमा समयको ख्याल गर्नुपर्नेछ।

## वृश्चिक

सरकारी सेवामा अवसर प्राप्त हुनसक्छ। सवारी साधन जोरिने सम्भावना टरेको छैन। रोजगारी भएकाहरूले स्थान परिवर्तन गर्नुपर्ने हुनसक्छ। पारिवारिक सम्बन्धमा मिश्रित फल प्राप्त हुनेछ। गृह सजावटका निम्ति खर्चको जोहो गर्नुपर्नेछ। साताको अन्त्यमा पारिवारिक वातावरणमा हर्ष छाउनेछ।

## धनु

प्रतिस्पर्धीहरूलाई सहजै उछिन्दा अपेक्षा गरेजस्तै जिम्मेवारी हात पर्न सक्छ। तपाईंको मेहनत, कर्मठता एवं लगनशीलताले समाजमा प्रतिष्ठा जमाउनेछ। टाढिएका मित्रले विश्वास गर्ने वातावरण बन्दैछ। गरिब तथा असहायहरूलाई गरिएको सहयोगले प्रशंसा पाउला।

## मकर

प्रेमी-प्रेमिकासँगको मनोरञ्जन अविस्मरणीय क्षण बन्नेछ। आफूले मन पराएको साथीको भावनाको कदर गर्नु उचित हुन्छ। खानपान तथा मनोरञ्जनमा संयमित रहनु नै उपयुक्त होला। मौसम प्रतिकूल हुँदा स्वास्थ्यमा ध्यान पुर्‍याउनुपर्नेछ। आर्थिक भार बढेर ऋणको चपेटामा पर्न सकिन्छ।

## कुम्भ

पदोन्नतिको अवसरलाई चुनौतीका रूपमा आत्मसात् गर्नाले नयाँ उचाइमा पुगिनेछ। जटिल परिस्थितिका बीच प्रारम्भ गरिएका कार्यले उचित स्थान पाउनेछ। शिक्षामा लगानी गर्दा थप मेहनत गर्नुपर्ने हुन सक्छ। सरकारी कर्मचारीले काममा विवेक पुर्‍याए थप अवसर प्राप्त हुनेछ।

## मीन

अवरोध खडा गर्नेहरू सक्रिय रहे पनि हिम्मतका साथ काममा जुट्नुहोला। अभिभावकहरूसँग सामान्य खटपट हुनेछ भने आफ्ना कमजोरीप्रति उनीहरूको गुनासो बढ्न सक्छ। मित्रहरूको वचन परिवर्तनका कारण आर्थिक हैरानी बेहोर्नुपर्ने हुन सक्छ। साताको अन्त्यमा राम्रै आम्दानी हुने योग छ।

**अब हाम्रो पालो**

# तपाईंलाई सबैभन्दा बढी सताउने कुरा के हो ? किन ?

काठमाडौंको यात्रा गर्नु नपरोस्। किनभने अति नै प्रदूषण, फोहोर अनि धूलो।

**रोमन**

महिनाको अन्तिम दिन उठ्ने प्रश्नले सताउँछ। यो महिनाको भाडा कसरी तिरौं ? आम्दानी केही छैन, तिर्नु त पर्‍यो पर्‍यो।

**कविजी**

पैसा। पैसा नभए कुनै पनि काममा अघि बढ्न सकिँदैन। त्यसैले पैसोले सताउँछ हजुर !

**अर्जुन अधिकारी**

मायालुको यादले। किनभने त्यसलाई बन्द गर्ने कुनै अप्सन हुँदैन। यसले दैनिक सताइरहेको हुन्छ।

**कमलेश ठाकुर**

कान्छीको यादले नि। बेला न कुबेला आइदिन्छ, के गर्नु ?


**पागल प्रेमी**

सीप छ, तर रोजगारीका लागि विदेश नै जानुपर्छ। यही कुराले सताउँछ।

**सन्तोष चाम्लिङ**

याद, बेलाबेलामा आगोले भन्दा बढी पिरोल्छ।

**दीपक महत**



पैसा कसरी कमाउने भन्ने कुराले सधैं सताउँछ।

**दीपक महत**

भविष्यमा के हुने हो भन्ने चिन्ता लाग्छ।

**सागर**

प्रियसीको यादले सताउँछ। भर्खर प्रेममा जो परेको छु।

**खेम कल्पना**

श्रीमतीले।

**शंकर कार्की**

पैसाको समस्याले।

**दिवस थापा**

मलाई विदेश जाने कुराले सताउँछ।

**सन्दीप सापकोटा**

आफ्नो भविष्य र परिवारप्रतिको जिम्मेवारीले सताउँछ।

**विष्णु दाहाल**

डरले सताउँछ।

**किसन अधिकारी**

देशको चिन्ताले सताउँछ।

**दिलु घर्तीमगर**

निद्राले सताउँछ।

**एनआरएन शिवाकोटी**

उनको यादले सताउँछ।

**विप्लव काफ्ले**

विभिन्न कुराको समस्याले सताउँछ।

**वेदप्रसाद**

गाँठ कमाउने कुराले।

**मदन गुरुङ**

देशको चिन्ताले सताउँछ-हाम्रो

> यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । उत्तर चिठ्ठी वा एसएमएस मार्फत पठाउन सकिनेछ ।
> १. नेपालमा भ्रष्टाचारमुक्त क्षेत्र कुन होला ? कसरी?

देशको बिग्रिएको राजनीति अनि असहज परिस्थितिले।

**सुरज घिमिरे**

मलाई त भोकले सताउँछ। यसको कारण भन्नु पर्दैन होला सायद।

**किरण सेन**

यादले किनभने पुराना दिनहरू कहिल्यै बिर्सन नसकिने रहेछ।

**काजी कमल**

नेपालको राजनीतिले।

**खोटाङ्गे**

जसले जे भने पनि आममानिसलाई सताउने कुरा पैसा र रोजगारी नै हो।

**टेकु**

आफ्नो भविष्य सोच्दा मनमा आउने कुराले।

**करन**

पैसाले सारै सताउँछ हजुर, केही दिने हो कि ?

**रत्नाकर**

चिसोले सताउँछ।

**आशिक महत**

आमाको यादले सताउँछ।

**युमिका सिम्खडा पाण्डे**

धेरै त पढाइले नै सताउँछ। किनभने जति अध्ययन गरे पनि रोजगारीका लागि बिदेसिनुपर्छ। देशमा राजनीतिक अस्थिरताबाहेक केही छैन।

**होमराज न्यौपाने**

निद्रा, वाक्कै पारिसक्यो भन्या।

**प्रसन्न शर्मा**

अरूले विश्वास नगर्दा।

**रामविलास यादव**

चिन्ता नलिऊँ भन्दाभन्दै पनि आफैं आइहाल्ने।

**डिल्ली पाण्डे**

कसैप्रति भरोसा गर्ने समय रहेन अहिले।

**प्रदीप लामिछाने**

'प' अक्षरबाट सुरु हुने सबै चिजले सताउँछ मलाई। जस्तै-पैसा, प्रेम, प्रेमिका, परिवार, पढाइ, परीक्षा, परिश्रम, पनौती, पंगा आदि। आधा जिन्दगी त पबाटै उब्जिएका समस्या समाधान गर्दैमा बित्छ।

**सुशील भुसाल**

श्रीमान्ले सताउँछन्।

**रोशा नेम्बाङ**


## नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना

CTEVT बाट मान्यता प्राप्त २३ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।



* * * * * * * * * * * * * * * * * * * * *

**नोट:** यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन्।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८,**
ठमेल: २०८११०९, लगनखेल बसपार्क: २१२२४४८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: २०४२६५२, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-६२२०९५, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९

## यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भद्रा




म १९ वर्षीय युवक हुँ । धेरै वर्षअघिदेखि मलाई एउटा समस्या छ । म दिनको दुई पटक हस्तमैथुन गर्छु । मेरो समस्या के छ भने जब म आफ्नी गर्लफ्रेन्डलाई किस गर्छु मलाई यौनसम्पर्क गर्न मन लाग्छ, तर उनी त्यसो गर्न दिन्नन् । त्यसपछि मेरो तल्लो पेट र अण्डमा पीडा हुन्छ । यो के भएको हो ? यो समस्या समाधानका लागि मैले के गर्नुपर्छ ?

७००८३

### के हस्तमैथुन समस्या हो ?

आफैंले यौनांग चलाउने वा दबाउने जस्ता क्रियाकलाप गरेर यौन आनन्द प्राप्त गर्ने यौन क्रियाकलाप नै हस्तमैथुन हो । तपाईंलाई थाहै होला कि यौन आनन्द प्राप्त गर्ने उपायहरूमध्ये यौन अंगको घर्षण प्रमुख हो । सम्भोग गर्दा दुई व्यक्तिको यौन अंग आपसमा घर्षण गराइन्छ । मानिसले आफ्नो यौन अंगको घर्षण अरू कसैको यौन अंगमा गराएर मात्र यौन आनन्द प्राप्त गर्ने होइन । हस्तमैथुन एउटा यस्तो उपाय हो जसबाट यौन सम्पर्कबाहेक अन्य तरिकाबाट यौन आनन्द तथा यौन चरमसुख प्राप्त गर्न सकिन्छ । सिद्धान्ततः सम्भोग गर्दा वा हस्तमैथुन गर्दा यौन अंगको घर्षणबाट यौन आनन्द पाउने प्रक्रिया तथा मानव यौन प्रतिक्रिया चक्र उस्तै हो । त्यसैले सम्भोग गर्दा हानि हुँदैन तर हस्तमैथुन गर्दा हानि हुन्छ भन्न मिल्दैन । यसरी हेर्दा हस्तमैथुनलाई समस्या भन्न मिल्ने कुरै भएन ।

सामान्यतः हस्तमैथुन आफैंले खराबी गर्ने नभए पनि यसैसँग जोडिएर आउने हीनताबोध वा दोषीपनले भने समस्या उत्पन्न गराएको हुन्छ । मानिसले बाल्यकालदेखि नै वयस्क व्यक्तिहरूको व्यवहारलाई चनाखो रूपमा अवलोकन गरिरहेको हुन्छ र त्यसैका आधारमा यौनसम्बन्धी धारणा बनाउन थाल्छ । हाम्रो स्वस्थ यौन विकासमा हाम्रा सामाजिक मूल्य-मान्यताको पनि ठूलो भूमिका हुन्छ । प्राकृतिक शारीरिक क्रियाकलापसँग अमिल्दा मूल्य-मान्यताले आन्तरिक रूपमा द्वन्द्वात्मक स्थिति सिर्जना भए नकारात्मक असर देखा पर्छन् । यस्ता नकारात्मक असरबाट जोगिन हामीले मनबाटै नकारात्मक धारणा निकाल्न सक्नुपर्छ ।



### केटीसाथीले यौनसम्पर्क गर्न किन नदिएको ?

तपाईंलाई यौनसम्पर्क गर्न मन लागेजस्तै तपाईंकी केटीसाथीलाई पनि यौनसम्पर्क गर्न मन लागेको होला, जुन स्वाभाविक हो । तपाईंलाई थाहा भएकै कुरा हो कि किशोरावस्था वा युवा अवस्थामा स्वाभाविक रूपमै विपरीत लिंगीप्रति आकर्षित भइन्छ । यसै क्रममा एक-अर्कालाई मन पराइन्छ अनि प्रेम वा भनौं मायाका भावनाहरू आउँछन् । यसै क्रममा यौन सम्पर्कसमेत राख्न पुगिन्छ । यी भावनाको उचित व्यवस्थापन सामान्य सामाजिक जीवनयापनका लागि आवश्यक हुन्छ ।

किशोरावस्थामा हुने यौन आकर्षण वा मोह (infatuation) नै वास्तविक प्रेम हो जस्तो लाग्न सक्छ । आशा गर्छु, तपाईंहरूको सम्बन्ध प्रेममय नै छ । प्रेम वास्तवमा विस्तारै हुने प्रक्रिया हो र यो दुई व्यक्ति साथसाथै हुर्कंदा विकसित हुन्छ र यसमा सम्पूर्ण व्यक्तित्व नै संलग्न हुन्छ । प्रेममा अर्को व्यक्तिको भावना तथा शरीर दुवैलाई कदर गरिन्छ र उक्त व्यक्तिलाई सुखी राख्ने प्रयत्न गरिन्छ । प्रेममा यौन सम्पर्क राख्ने कुरा सर्वोपरि हुँदैन ।

किशोरावस्था वा युवावस्थामा हुने असीम यौनचाहना शान्त पार्न कतिपयले विवाहपूर्व नै भए पनि यौनसम्पर्क गर्छन् । मेरो विचारमा एक किसिमले तपाईंकी केटी साथीले यौनसम्पर्क गर्न नमानेर बुद्धिमानी नै गर्नुभएको छ । उहाँ त्यसबाट पर्न सक्ने सम्भावित नकारात्मक असरका सम्बन्धमा सचेत हुनुहुन्छ । विवाहपूर्वको यस्तो सम्पर्क सामाजिक रूपमा अमान्य भएका कारणले सामाजिक बहिष्कार तथा हेंलाको सामना गर्नुपर्ने हुन सक्छ । यस किसिमको यौनसम्पर्क प्रायःजसो हतारमा गरिने भएकाले गर्भनिरोधको उपाय अपनाइँदैन । त्यसैले गर्भ रहन सक्ने सम्भावना हुन्छ । यदि गर्भ रहिहाले बेइज्जति सहनुपर्ने, वैवाहिक सम्बन्धमा बाँधिन बाध्य हुनुपर्ने, परिपक्क नै नभै अभिभावकको भूमिका निर्वाह गर्नुपर्ने हुनसक्छ । त्यसबाट गम्भीर आर्थिक तथा सामाजिक असुरक्षाजस्ता समस्यासमेत सामना गर्नुपर्ने हुन सक्छ । अर्को पक्ष, गर्भ तुहाउन गरिने प्रयासको पनि आफ्नै समस्या छ । त्यसैले विचारै नपुऱ्याई गरिने यौनसम्पर्कबाट जोगिनु आवश्यक छ । जति सानो उमेरमा यौनसम्पर्क सुरु गऱ्यो त्यति नै धेरै यौन साथी हुने सम्भावना हुन्छ, जसले जोखिमलाई बढाउँछ भन्ने कुरा त हामीलाई थाहै छ ।

जैविक विकासवादलाई हेर्ने हो भने पनि यौनसम्पर्कपछि हुने गर्भ, सन्तानको जन्म वा अन्य कुराको मूल्य महिलाले नै बढी चुकाउनुपर्ने हुनाले समान्य रूपमा महिलाले सजिलै यौनसम्पर्क राख्न मान्दैनन् । कतिपय कारणले पुरुषको तुलनामा महिलाले यौनसम्पर्कपछि धेरै बढी मूल्य चुकाउनुपर्ने भएकाले जैविक रूपमा महिलाहरू यसमा पर्याप्त सोच-विचार गर्छन् र सजिलै यौन सम्पर्क गर्न मान्दैनन् ।

> किशोरावस्था वा युवावस्थामा हुने असीम यौनचाहना शान्त पार्न कतिपयले विवाहपूर्व नै भए पनि यौनसम्पर्क गर्छन् । मेरो विचारमा एक किसिमले तपाईंकी केटी साथीले यौनसम्पर्क गर्न नमानेर बुद्धिमानी नै गर्नुभएको छ । उहाँ त्यसबाट पर्न सक्ने सम्भावित नकारात्मक असरका सम्बन्धमा सचेत हुनुहुन्छ । विवाहपूर्वको यस्तो सम्पर्क सामाजिक रूपमा अमान्य भएका कारणले सामाजिक बहिष्कार तथा हेंलाको सामना गर्नुपर्ने हुन सक्छ ।

### अण्डकोष किन दुखेको होला ?

हामी विभिन्न क्रियाकलापले यौन उत्तेजित हुन्छौं । केटीसाथीसँगको चुम्बनबाट प्रशस्तै यौन उत्तेजना सिर्जना हुन्छ । यौन उत्तेजनापछि स्खलित नहुँदा पनि अण्डकोषमा पीडा भएको महसुस हुन्छ । हामी यौन उत्तेजित हुँदा हाम्रा यौन अंग तथा त्यस वरिपरिको भागमा बढी रक्त प्रवाह हुन्छ । तपाईंलाई थाहै होला, लिंगको उत्तेजना पनि लिंगको विशेष तन्तुमा रगत भरिएर नै हुन्छ । लामो समयसम्म यौन उत्तेजना हुँदा वा यौन उत्तेजित अवस्थामा लामो समयसम्म बस्नुपर्दा अण्डकोष, प्रोस्टेट ग्रन्थिमा बढी रक्तप्रवाहका कारणले तरल पदार्थ (lymphatic fluid) जम्मा हुन पुग्छ । त्यसले गर्दा ती अंग केही सुन्निन्छन् । यसका कारणले नै अण्डकोष वा यौनांग क्षेत्रमा केही पीडा भएको वा असजिलो वा भारीपन अनुभव हुन्छ । अनौपचारिक बोलीचालीको भाषामा यसलाई blue balls भनिन्छ । लामो समयसम्म बढी रक्तप्रवाह भएर त्यहीं रहँदा त्यसमा अक्सिजनको मात्रा कम हुन्छ, त्यसैले यो केही गाढा रंगको हुन पुग्छ त्यसैले यसलाई blue balls भनिएको हो ।

यस्तो स्थिति सिर्जना हुन नदिने एउटा प्रमुख उपाय वीर्य स्खलनको स्थितिमा पुग्नु हो । कहिलेकाहीं यौनसम्पर्कको माध्यमबाट उक्त स्थितिमा पुग्न नसकिए वा यौनसम्पर्क गर्ने स्थिति नभए हस्तमैथुनको सहारा लिन सकिन्छ । केही पीडा वा असजिलो भए पनि सामान्यतः यसको कुनै दीर्घकालीन नकारात्मक असर भने हुँदैन ।







# नयाँ ढाँचामा व्यस्त नेपाली खेलकुद







गएका दुई साता नेपाली खेलकुद निकै व्यस्त रह्यो । अवसर थियो– राष्ट्रिय खेलकुद परिषद् (राखेप) च्याम्पियनसिप । राष्ट्रिय खेलकुद परिषद्ले आफ्नै नाममा यति ठूलो प्रतियोगिता आयोजना गरेको यो पहिलो अवसर हो । राखेप च्याम्पियनसिपमा २९ खेल समावेश थिए र त्यसमा सहभागी खेलाडीको संख्या तीन हजारको हाराहारीमा रह्यो । बजेट भने ४ करोड रुपैयाँभन्दा केही बढी । यो प्रतियोगिताको मुख्य विशेषता थियो– प्रत्येक खेलको आयोजना सक्दो फरक-फरक स्थानमा गरिनु ।

प्रत्येक खेलको आयोजना गर्ने जिम्मा सम्बन्धित संघलाई दिइएको थियो । यो नै यो प्रतियोगिताको सबैभन्दा सकारात्मक पक्ष रह्यो । विशेषतः वृहत राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजनामा देखिएका कमजोरीले नै राखेप च्याम्पियनसिप आयोजना गर्न प्रेरित गरेको देखिन्छ । एउटै स्थानमा एउटै समयमा धेरै प्रतिस्पर्धा आयोजना गर्दा अनेकन समस्या देखिएको वास्तविकता सबैका सामु छ । यस्तोमा बहसको विषय पनि भएको थियो– के नेपालमा बृहत् राष्ट्रिय खेलकुदको आवश्यकता छ ?

विशेषतः व्यवस्थापनको दृष्टिकोणले बृहत् राष्ट्रिय खेलकुद विवादमा आउँछ र त्यसको निकै आलोचनासमेत हुन्छ । त्यसको एउटा समाधान राखेप च्याम्पिनसिप जस्तो प्रतियोगिता पनि हो । अर्को तथ्य केही संघमाथि आफ्नो खेलको राष्ट्रिय प्रतियोगिता नियमित रूपमा आयोजना नगर्ने आरोप पनि छ । नेपाली खेलकुदमा संघ निष्क्रिय रहनु त एउटा रोग नै हो । राखेप च्याम्पिनसिपले यो समस्यालाई केही हदसम्म चिर्ने प्रयास गरेको देखियो ।

खास-खास खेल त्यसको पृष्ठभूमि र त्यसलाई सुहाउने स्थानमा हुँदा पनि त्यसको फाइदा देखियो, जस्तो खोखो, कपर्दी आदि । यी खास खेलको प्रतिस्पर्धा आ-आफ्नो स्थानमा हुँदा अपनत्व पनि महसुस हुने रहेछ । यस अर्थमा राखेप च्याम्पियनसिपको आयोजना नेपाली खेलकुदका लागि कोसेढुंगा मानिएको छ । अब यसको आयोजना र प्रत्येक खेलको राष्ट्रिय टिमको निर्माणपछि नेपाली खेलकुदले एउटा गति लिनेछ, ६ महिनापछि हुने एसियाली खेलकुदका लागि ।

यद्यपि प्रतियोगिताका क्रममा पुरानै रोग पनि देखियो, खास-खास खेलमा र त्यो थियो निकै कमजोर र फितलो व्यवस्थापन । कतिपय खेलका प्रतियोगिता केवल प्रतियोगिताका लागि गरिएजस्तो पनि देखियो । यसले प्रतियोगिताको आयोजनालाई लिएर प्रश्न गर्ने ठाउँसमेत बनायो, तर समग्रमा प्रतियोगिताले एउटा राम्रो सन्देशसमेत दियो । सबैभन्दा ठूलो कुरा यसले कम बजेटमा शून्य जस्तै रहेको नेपाली खेलकुदलाई निकै व्यस्त तुल्यायो ।

### सात पटककी च्याम्पियन नवीना

राखेप च्याम्पिनसिपले कुनै एक खास खेल र खेलाडीलाई चर्चामा ल्यायो भने त्यो थियो– टेबल टेनिस । यसपटकको प्रतियोगिताले नेपाली टेबलटेनिसलाई एउटा ठूलै उपलब्धि दियो र त्यो थियो, नविना श्रेष्ठ लगातार सात पटक महिला एकलमा राष्ट्रिय च्याम्पियन हुनु । नेपाली खेलकुदमा यसरी लगातार च्याम्पियन भएको उदाहरण विरलै छ । यस्तोमा नवीना नेपाली टेबल टेनिसले सधैं सम्झने नाम बनेको छ । नवीना २०६७ देखि लगातार विजेता रहँदै आएकी छिन् । यसपटकको फाइनलमा उनले एलिना महर्जनलाई हराइन । संयोग कस्तो रह्यो भने पछिल्ला चार संस्करणमा प्रत्येक पटक पराजित खेलाडी यिनै एलिना रहँदै आएकी छिन् । यसपल्ट उपाधि जितेपछि नवीनाको प्रतिक्रिया थियो– मैले अहिले शिखरमा पुगेको अनुभव गरेकी छु । यसका लागि मैले निकै मेहनतसमेत गरेकी थिएँ । यता नवीनाकै शिष्य स्यान्दु श्रेष्ठले पुरुष एकलमा उपाधि हात पारे ।

### महिला फुटबलमा कमजोर तयारी

महिला फुटबलले यसपटक अपेक्षाअनुसार नै विजेता पायो र त्यो टिम थियो, एपीएफ । फरवार्ड सावित्री भण्डारीको उत्कृष्ट प्रदर्शनको मद्दतले एपीएफले पुलिसलाई २-१ ले हराएको थियो, जुन सुपर लिगको निर्णायक खेल मानियो । सुपर लिगमा एपीएफले सबै तीन खेल जितेर ९ अंक बटुलेको थियो । पूरा प्रतियोगितामा एपीएफले कुनै पनि खेल हारेन । त्यसमाथि एपीएफले लिग जितेको यो पहिलो अवसर हो, यसअघि पुलिस नेपाली महिला फुटबलमा हाबी रहँदै आएको थियो ।

यद्यपि प्रतियोगितालाई लिएर भएको कमजोर तयारीका कारण निकै विवाद पनि भयो । एकातर्फ प्रतियोगितामा विभागीय टिम एपीएफ, पुलिस र आर्मीकै प्रभुत्व रह्यो भने अर्कातर्फ क्षेत्रीय टिम निकै कमजोर देखिए । यही कारणले क्षेत्रीय टिमले ठूलो अन्तरको हार पनि बेहोरका थिए, जुन वास्तवमै पीडादायी रहे । क्षेत्रीय टिमले प्रतियोगिताका लागि कुनै पनि प्रकारको तयारी गरेका थिएनन्, उनीहरू बाटोबाट खेलाडी बटुल्दै खालि सहभागिता जनाउन मात्र काठमाडौं आएजस्ता देखिन्थे ।

### कमललाई स्वर्ण

नेपाली भारोत्तोलनका सबैभन्दा सफल खेलाडी हुन्– कमल अधिकारी । दक्षिण एसियाली खेलकुदमा स्वर्ण पदक जित्ने कमल भारोत्तोलनका एक्ला खेलाडी हुन् । उनी ओलम्पियन पनि हुन् । अहिले उनी भेट्रान खेलाडी भैसकेका छन् । तैपनि नेपाली भारोत्तोलनमा कमलको पकड अझै कायमै छ । यसैक्रममा उनले ७७ किलोग्राम तौल समूहमा स्वर्ण पदक जिते, तर आफ्नै नाममा रहेको राष्ट्रिय कीर्तिमानको छेउसम्म पुग्न सकेनन् ।

यसपटकको प्रतियोगितामा अरु नतिजा पनि अपेक्षित नै रहे । कमलनै पुरुषतर्फ उत्कृष्ट खेलाडी सावित भए भने महिलातर्फ तारादेवी पुन, तर प्रतियोगिताका स्टार खेलाडी मानिए– आर्मीका दिनेश श्रेष्ठ । उनले १ सय ५ किलोग्राम तौल समूहमा १९ वर्ष पुरानो कीर्तिमान भंग गरे । सन् १९९९ मा सम्पन्न दक्षिण एसियाली खेलकुदका क्रममा मदन शिवभक्तिले स्न्याचतर्फ कायम गरेको १ सय २० किलोको कीर्तिमान भंग गर्दै दिनेशले १ सय २१ किलोग्राम भार उचाले ।

### टंकलाई दोहोरो सफलता

मध्यमाञ्चलका एमेच्योर गल्फ खेलाडी टंकबहादुर कार्कीका लागि यसपटकको राष्ट्रिय प्रतियोगिता धेरै अर्थमा सुखद रह्यो, किनभने उनले दुईवटा स्वर्ण जिते । पुरुषतर्फको व्यक्तिगत स्पर्धामा कार्की नै पहिलो भए भने उनकै टिमले टिम स्पर्धामा स्वर्ण पदक जित्यो । एकल फाइनलमा उनले पूर्वाञ्चलका प्रतिद्वन्द्वी शुक्रबहादुर राईलाई सात स्टोकले पछाडि पारेका थिए । टिम स्पर्धाको सफलतामा टंकलाई साथ दिने खेलाडी थिए– सुवास घिसिङ र सन्दीप तामाङ ।

### मध्यमाञ्चललाई दुई स्वर्ण

मध्यमाञ्चल बास्केटबलतर्फ पूर्णतः हाबी रह्यो, किनभने उसको टिम पुरुष र महिला दुवैमा स्वर्ण जित्न सफल भयो । पुरुष फाइनलमा मध्यमाञ्चलले डिफेन्डिङ च्याम्पियन आर्मीलाई हराएको थियो । महिलातर्फ भने मध्यमाञ्चलले मध्यपश्चिमाञ्चलाई हरायो र यसअघि आफूले जितेको उपाधिको रक्षा गर्‍यो ।

### आर्मीको वर्चस्व

सुटिङतर्फ आर्मीको वर्चस्व कायमै रह्यो, तर उसले क्लिन स्विप भने गर्न सकेन । चार स्पर्धामा सञ्चालित प्रतियोगितामा आर्मीले तीनवटा स्वर्ण पदक जित्यो भने एउटा स्वर्ण पदक मध्यमाञ्चलको नाममा रह्यो ।

## पाँच प्रश्न



अहिले राखेप च्याम्पियनसिप चलिरहेको छ र यो प्रतियोगिता आयोजनाको खास योजनाकार मानिन्छन्– सदस्य सचिव केशवकुमार विष्ट । यो प्रतियोगिता राष्ट्रिय खेलकुद परिषद्को आफ्नै नाममा छ । किन आवश्यक भयो त यो प्रतियोगिता ? अहिलेसम्म जति पनि खेलका प्रतियोगिता भए, त्यसका सम्बन्धमा विष्ट स्वयंको धारणा के छ ? सदस्य-सचिव विष्टसँग गरिएको पाँच प्रश्न :

**राखेप च्याम्पियनसिप किन आवश्यक भएको हो ?**

प्रत्येक वर्ष खेलाडीले आफ्नो खेलको राष्ट्रिय प्रतियोगिता खेल्न पाउन् भन्ने नै यसको मूल उद्देश्य हो । अबदेखि यो प्रतियोगिता नियमित रूपमा आयोजना हुन्छ । एक वर्ष बृहत् राष्ट्रिय खेलकुद हुनेछ भने अर्को वर्ष राखेप च्याम्पियसिप हुनेछ ।

**राष्ट्रिय प्रतियोगिताको अवधारणामा काम भैरहेकै बेला किन चाहियो राखेप च्याम्पियनसिप ?**

प्रत्येक खेलको राष्ट्रिय खेलकुद नियमित रूपमा हुनुपर्छ । राखेप च्याम्पियनसिप कम बजेटमै सम्भव भएको छ । हामीले प्रत्येक संघलाई त्यति आर्थिक सहयोग गर्न सकेका छैनौं । संघले यसका लागि आफ्नै अलग स्रोतको व्यवस्था गरेका छन् । यसले फाइदा पनि भएको छ । फेरि देशका विभिन्न स्थानमा खेल आयोजना भएपछि ती स्थानले आफ्नोपनसमेत महसुस गर्दा रहेछन् ।

**यो प्रतियोगिताले नेपाली खेलकुदलाई के फाइदा पुग्छ ?**

अहिलेसम्मको नतिजाबाट हामी सन्तुष्ट छौं । हाम्रो खास उद्देश्य भनेको प्रतिभाशाली खेलाडीको खोजी तथा नयाँ खेलाडी उत्पादन नै हो । राखेप च्याम्पिनसिपले त्यसमा ठूलो मद्दत पुर्‍याएको छ ।

**के यो अन्तर्राष्ट्रिय प्रतियोगिताको तयारी पनि हो ?**

हाम्रा अगाडि दुई ठूला अन्तर्राष्ट्रिय प्रतियोगिता छन्– पहिलो दक्षिण एसियाली खेलकुद अनि अर्को एसियाली खेलकुद । विशेषत छ महिनापछि इन्डोनेसियामा सुरु हुने प्रतियोगिताको तयारी पनि हो यो । यो छनोट पनि हो र अब प्रत्येक खेलको राष्ट्रिय टिमसमेत तयार हुनेछ ।



**प्रतियोगिताका क्रममा कमजोर व्यवस्थापन र फितलो तयारीका उदाहरण पनि अगाडि आए नि ?**


यो सुरुवात हो, यसमा सुधार गर्नुपर्ने ठाउँ धेरै छ । म आफै पनि सम्पूर्ण रुपमा सन्तुष्ट हुन सकेको छैन । केही खेलको आयोजना कमजोर रह्यो, तर केही खेलको आयोजना भव्य पनि थियो । एथलेटिक्सको नतिजा पनि अपेक्षाअनुसार भएन । आउने दिनमा राखेप च्याम्पिनसिपलाई अझ भव्य बनाउँदै जानुपर्छ ।

तस्बिर बोल्छ

# सेटेलाइटबाट हेर्दा ओलम्पिक स्थल





दक्षिण कोरियाको प्योङचाङले फेब्रुअरी ८ देखि २३ औं हिउँदे ओलम्पिक प्रतियोगिता आयोजित गर्दैछ । सियोलबाट १ सय ८० किलोमिटर टाढा सञ्चालन हुने उक्त ओलम्पिक स्थलको तस्बिर डिजिटल ग्लोब सेटेलाइटले खिचेको थियो । उक्त खेलस्थलका केही तस्बिर :

स्रोत : एजेन्सी

# खप्तड गोल्डकपको सान



लिग नहुँदा नेपालको घरेलु फुटबललाई पूर्वले मात्र धानिरहेको दाबी नयाँ होइन । यसलाई सकारात्मक चुनौती दिने क्रममा अगाडि आएको छ, धनगढीमा सम्पन्न–खप्तड गोल्डकप । त्यसो त धनगढी आफैं नेपालको खेलकुद सहर हुने बाटोमा छ र त्यसमा थपिएको एउटा सान हो– खप्तड गोल्डकप । खेलकुद सहर हुन सबैभन्दा बढी चाहिने कुरा हो-खेल संस्कार । एकाध अपवाद छाडेर धनगढीमा खेल संस्कार विकसित हुने राम्रो सम्भावना देखिन्छ ।

यसपटकको खप्तड गोल्डकपकै क्रममा प्रत्येक खेलमा दर्शकको अत्यधिक घुइँचो देखियो । कुनै पनि खेलमा दर्शकको अभाव भएन, ती सबै दर्शक टिकट काटेर आएका थिए । त्यसमाथि फाइनलमा त हदै भयो, धनगढी रंगशालाको क्षमताभन्दा पनि बढी दर्शक ओइरिए । यसपटक दर्शकले काटेको टिकटबाट मात्र २३ लाख रुपैयाँ आम्दानी भएको थियो भने फाइनलमा मात्र ७ लाख रुपैयाँ उठेको थियो । अब धनगढी रंगशालाको चारैतर्फ प्यारापिट निर्माण गर्ने आश्वासन पनि अगाडि आइसकेको छ ।

यस्तोमा एउटा तथ्य के सिद्ध भएको छ भने पश्चिम नेपालमा पनि फुटबल उत्तिकै लोकप्रिय छ र त्यहाँ पनि उत्तिकै स्तरीय फुटबल प्रतियोगिता संचालन हुनसक्छ । पश्चिमले पनि नेपाली फुटबललाई उकास्न मद्दत गर्न सक्छ, त्यसैले त खप्तड गोल्डकप मोफसलकै सर्वाधिक पुरस्कार राशिको प्रतियोगिता भएको छ । प्रतियोगिताको यसपटकको विजेता रह्यो-आर्मी । उसले फाइनलमा एपीएफलाई टाइब्रेकरमा हरायो र जित्यो, ११ लाख ११ हजार १ सय ११ रुपैयाँ । अहिलेको प्रतियोगिताको सफलताबाट आयोजकहरू कति उत्साहित भएका छन् भने अर्को वर्षदेखि विजेताले पाउने रकम दोब्बर पार्ने दाबी गरिएको छ ।

पछिल्लो समय नेपाली घरेलु फुटबलमा आर्मीले लगातार राम्रो प्रदर्शन गरिरहेको छ र एकपछि अर्को प्रतियोगिताको फाइनलसम्म पुगिरहेको छ । लिग नभएको स्थितिमा अरू क्लब कमजोर भएकाले पनि आर्मीले राम्रो प्रदर्शन गर्न सकेको हो ।

यी सबबीच मोफसलमा आयोजना हुने यस्ता प्रतियोगिताको व्यवस्थापन र स्तरलाई लिएर जति आलोचना हुने गरेको छ, त्यसतर्फ पनि ध्यान पुऱ्याउनु आवश्यक छ । एउटा तर्क, पुरस्कार राशि बढाउनुको सट्टा प्रतियोगिताको स्तर बढाउन बढी ध्यान दिने कि ? फाइनल पुगेको एपीएफविरुद्ध एक प्रकारले अन्याय भएको थियो, किनभने उसले लगातार दुई दिन खेल्नुपरेको थियो । फुटबलमा एउटा खेलपछि कम्तीमा एक दिनको विश्राम आवश्यक मानिन्छ ।

त्यसैले एपीएफले फाइनलमा आफ्नो हारको प्रमुख कारण लगातार दुई दिन खेल्नुलाई नै मान्यो । प्रतियोगितामा मनाङ-मर्स्याङ्दीले गरेको गुनासो टाइसिट नै मिलेन भन्ने थियो । प्राविधिक दृष्टिकोणले यसपटकको खप्तड गोल्डकपमा अरू पनि समस्या देखिए, जसमा सचेत हुन आवश्यक छ । आयोजकहरूले बुझ्नुपर्ने तथ्य के हो भने राष्ट्रिय लिगमा पुरस्कार राशि १ करोड रुपैयाँ पुऱ्याउँदा प्रतियोगिता आफैं धराशायी भयो । खप्तड गोल्डकपको सान कायम राख्न यो पक्षमा पनि ध्यान पुऱ्याउने कि ?

## आहा रारा गोल्ड कप

सहारा क्लबको आयोजनामा माघ ९ ग तेदेखि पोखरामा १६ औं संस्करणको आहा रारा गोल्डकप फुटबल प्रतियोगिता प्रारम्भ हुँदैछ । माघ २० गतेसम्म पोखरा रंगशालामा सञ्चालन हुने यो प्रतियोगितामा तीन विभागीयसहित १२ टिमले प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगितामा ए डिभिजन क्लब मनाङ-मर्स्याङ्दी, नेपाल पुलिस, त्रिभुवन आर्मी, एपीएफ तथा थ्रीस्टार सहभागी हुनेछन् ।

आयोजक सहारा क्लबसँगै झापा-११, धरान फुटबल क्लब, सुदूरपश्चिम-११ स्पोर्टिङ क्लब धनगढी उच्च मनोबलका साथ पोखरा रंगशालामा देखिनेछन् । त्यसका अतिरिक्त विदेशी टिममा उत्तर बरिन्धरा क्लब बंगलादेश तथा युनाइटेड सिक्किम, भारत प्रतियोगितामा सहभागी हुने सहारा क्लबका अध्यक्ष केशबबहादुर थापाले बताए । उत्तर बरिन्धरा क्लब बंगलादेशको ए डिभिजन क्लब हो ।

वि.स.२०५८ मा क्याराभान गोल्डकपका रूपमा प्रारम्भ भएको यो प्रतियोगिता त्यसपछि लगातार १० वर्ष सम्म आहा गोल्ड कपका नाममा सञ्चालन भएको थियो । १६ औं संस्करणको यो प्रतियोगीताबाट आयोजक सहारा क्लबले १ करोड २१ लाख आम्दानी गर्ने लक्ष्य लिएको छ । यो प्रतियोगिता सम्पन्न गर्न ९० लाख रुपैयाँ खर्च हुने सहारा क्लबले जनाएको छ ।

राजाराम पौडेल



मुक्त आकाश

# आखिर टाढा भैहाल्यौ !



अविरल थापा

कसको सम्बन्ध कतिखेर जोडिन्छ र कतिखेर तोडिन्छ, कसैले भन्न सक्दैन । सुरुवातमा महजस्तै गुलियो लाग्ने सम्बन्धको अन्त्य तीतो र स्वादविहीन हुन्छ । सम्बन्धमा वाचा-कसम खानेहरू धेरै होलान्, तर त्यसले लालमोहर लगाउन सक्दैन ।

मानिसपिच्छेका चाहना र महत्त्वाकांक्षा फरक हुन्छन् । कसैलाई धन चाहिएको हुन्छ, कसैलाई माया । जोसँग जे छैन ऊ त्यसकै प्राप्तिमा भड्किरहेको हुन्छ । जिन्दगीमा को कतिबेला केमा चुक्छ, कसैले भन्न सक्दैन । कसैलाई सबै थोक भएर पनि आफ्नो जीवनमा केही छैन भनेजस्तो लाग्छ, कसैलाई केही नभएर पनि पुगेकै त छ भन्ने हुन्छ । को कति पाएर खुसी हुन्छ र कति नभएर दुःखी हुन्छ ठ्याक्क नाप्न सकिँदैन । बाहिरबाट अरूले हेर्दा यसलाई के नपुग्दो थियो र यस्तो गरेको होला भन्ने लाग्छ, तर ऊ चाहेको पाउन नसकेर भित्रभित्रै तड्पिइरहेको कसैले देखेको हुँदैन । पैसा हुँदैमा सबैले चाहेको कुरा किनेरै प्राप्त हुन्छ भन्ने पनि छैन । समय र प्रेम पैसाले किन्न सकिने कुरा पनि होइनन् । सुख-सुविधा हुनेहरू प्रेम खोज्दै हिंडेका र प्रेम पाएकाहरू सुख-सुविधा खोज्दै भौंतारिइरहेका भेटिन्छन् । सम्भवतः कुनै न कुनै अभावमा जिउनु मानिसको नियति हो ।

प्रेमी वा जीवनसाथी नामको मानिस हुनु र प्रेम अनि साथ-भरोसा पाउनु फरक कुरा हो । यो समाजमा परिवार र समाजका लागि सँगै बसे पनि भुङ्ग्रोमा परेको माछाजस्तो तड्पिएर बसेका कैयन् जोडी भेटिन्छन् । एक-अर्कासँग असन्तुष्ट भए पनि सम्बन्धविच्छेद पनि गर्न नसक्ने र मिल्न पनि नसक्नेहरू धेरै छन् । घरमा खुसी नभएर बाहिर लुकीछिपी खुसी खोज्दै हिंड्नेहरू पनि उत्तिकै हुन्छन् भने एउटै घरमा बसे पनि एक-अर्काको जानकारीमै अन्य सम्बन्धमा रमाइरहेका समेत उत्तिकै भेटिन्छन् । मानिस असन्तुष्टिको पोको हो । मानिसका अनेक प्रकारका भोक र सौख हुन्छन् । खुलेर कुरा गर्न नसक्नु, एक-अर्काको इच्छा-चाहनाको सम्मान नगर्नु, भौगोलिक रूपमा टाढा रहनु, उचित समय दिन नसक्नु, अनावश्यक महत्वाकांक्षा पाल्नुजस्ता कारणले सम्बन्धमा दरार पैदा हुन्छ । एउटै मानिसमा सबै गुण हुँदैन । आफूले नपाएको कुरा मानिसको मनले खोजिरहेको हुन्छ । मानिसले त्यतिबेलासम्म सम्झौता गर्छ जबसम्म पाउँदैन, पाएपछि उपभोग गर्न अग्रसर भैहाल्छ ।

आजको सूचना-प्रविधि र भौतिकवादी युगमा सामाजिक मूल्य-मान्यताभन्दा पनि मानिसले आफ्नो खुसी र स्वतन्त्रता हेर्छ । कसैसँग नजिक हुने वा सञ्चार कायम गर्ने अनेक माध्यम छन् । केटाकेटी दुवै कामकाजी हुन्छन् र कामकै दौरानमा अनेक मानिस फेला पर्छन् । आजको युगमा सम्बन्ध बनाउन भन्दा पनि एउटै सम्बन्धमा इमान्दार रहन र खुसी भएर बस्न सक्नु हरेक जोडीका लागि ठूलो चुनौती हो ।

प्रेम सम्बन्धमा दरार आउनु र वैवाहिक सम्बन्धमा दरार आउनुमा पनि तात्विक भिन्नता हुन्छ । प्रेम सम्बन्धमा समस्या पैदा भए केवल दुई जनालाई असर पर्छ भने विवाहपछिको सम्बन्ध बिग्रिए दुई व्यक्ति मात्र होइन, दुई परिवार र समाज पनि जोडिन्छ । विवाहपछि सम्बन्ध बिग्रँदा मुख्य रूपमा छोराछोरी छन् भने उनीहरूलाई आघात पर्छ । एकफेर सम्बन्ध बिग्रिएको मानिसलाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन आउँछ । उसले अनेक खालका स्पष्टीकरण दिंदै हिँड्नुपर्ने हुन्छ । बाहिरका मानिसलाई कसको दोष कति थियो, जानकारी हुँदैन । सबैले आफ्नै खालका अनुमान लगाउँछन् । खास यस्तै भएको थियो भनेर अरूलाई भन्दै र बुझाउँदै हिंड्न पनि सकिँदैन । आफूले खाँदै नखाएको विषले पनि असर गर्छ ।

सम्बन्धहरू जुट्छन्, टुट्छन्, यो नियमित प्रक्रिया हो तर मानिसको मन टुट्नु हुँदैन । दोषको मात्रा धेर-थोर हुनसक्छ । सम्बन्धमा सकेसम्म मिलेरै बस्ने हो, मिल्न नसके सकेसम्म झगडा नगर्ने हो तर झगडा नै हुन थाले सहमतिमै अलग हुनु नै समाधानको उत्तम उपाय हो । जुन बिन्दुसम्म मिल्न सकिन्छ वा मिलिएको थियो त्यसलाई सम्मान गर्दै आफ्ना कमी-कमजोरीलाई आत्मसात् गर्न सके जस्तोसुकै असहमतिलाई पनि सहमतिमै निराकरण गर्न सकिन्छ ।

सधैं सँगै रहिरहन नसकिएला, तर भविष्यमा कतै भेट्दा मुन्टो अर्कातिर फर्काएर वा धारे हात लगाएर श्राप दिनुपर्नेसम्बन्ध कसैको नहोस्, बरु विगतको प्रेम सम्झिएर ओठमा मुस्कान आओस् र आफ्नो गल्ती सम्झँदा आत्मज्ञान जागोस् । भेटिनु, छुट्टिनु त के हो र ? नमेटिनु पो ठूलो कुरा हो त !


Facebook.com/abeeralthapa
Twitter@abeeralthapa




# नेपाली कपडाको फेसन शो







गएको शुक्रबार साँझ दरबारमार्गस्थित होटल डेला अन्नपूर्णमा एउटा पृथक् पृष्ठभूमिमा फेसन शो प्रस्तुत भयो । सीधा आकारको रनवेमा ओहोरदोहोर हुने मोडलहरूको दृश्यले यसपटक घुमाउरो बाटो अपनाएको थियो, कारण त्यो घुमाउरो मञ्चको ठीक पछाडि एकातिर नेपाली फ्युजन ब्यान्ड कुटुम्बको प्रस्तुतिले सांगीतिक वातावरण सिर्जना गर्दै थियो भने अर्कातिर हातबुना कपडाको लाइभ डेमो चलिरहेको थियो । मञ्चको सजावटमा हस्तकलाका विभिन्न स्वरूप देख्न पाइन्थ्यो । १४ जना युवती तथा २ जना मोडल सहभागी उक्त फेसन शोमा नेचुरल फाइबर र फ्याब्रिकका हातबुना कपडाका विभिन्न आकर्षक स्वरूप हेर्न पाइयो । उक्त अवसरमा डिजाइनर मुक्ता श्रेष्ठ, अल्पजा राजभण्डारी आदिले तयार पारेका विभिन्न डिजाइनका फ्युजन पहिरनहरू प्रस्तुत भएको थियो । फर्मल, सेमिफर्मल र क्याजुयल शैलीका ती पहिरन आकर्षक, सुन्दर, सौम्य र शालीन हुनुका साथै फेसनेबल र स्टाइलिससमेत देखिन्थे ।



तीनदिने एसियन ह्यान्डिक्राफ्ट एन्ड मार्केट प्लेस म्यानेजमेन्ट शीर्षकको फेस्टिभल गएको शुक्रबार प्रारम्भ भएर आइतबार सम्पन्न भएको थियो र त्यही प्रदर्शनीमा 'नेपालको' नामक ब्रान्डको विधिवत शुभारम्भसमेत गरियो । उक्त फेस्टिभलअन्तर्गत हस्तकलासम्बन्धी २० वटा स्टलमा प्रदर्शन गरिएको थियो, जसमा १८ स्टल नेपाली तथा एक-एकवटा भारतीय एवं पाकिस्तानी स्टल थिए ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल ।**